# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४ वर्ष

२ अङ्क

२४ पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

वर्ष ५ अङ्क २

## [इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक–
धनवज्र वज्राचार्य
(संशोधनमण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची


पृष्ठ

१. लिच्छविकालका अभिलेखमा देखा परेका ५९ सम्मका संवत्का अङ्कको निर्णय —नयराज पन्त १०१–१०६

२. लिच्छविकालमा धार्मिक सघ —धनवज्र वज्राचार्य १०६–११५

३. पाटन गैह्रीधाराको नरेन्द्रदेवको अभिलेख ११५–११७

४. पाटन यागबहालको नरेन्द्रदेवको अभिलेख ११७–११९

५. पशुपति वज्रघरको नरेन्द्रदेवको अभिलेख ११९–१२१

६. का. इ. लगन विष्णुमन्दिरको द्वितीय शिवदेवको अभिलेख १२२

७. हाँडिगाउँको अंशुवर्माको अभिलेख १२३–१२४

८. पशुपति छत्रचण्डेश्वरको जिष्णुगुप्तको पालाको अभिलेख १२४–१२५

९. थानकोट आदिनारायणस्थानको वसन्तदेवको अभिलेख १२५–१२७

१०. हाँडिगाउँ सत्यनारायणस्थानको अनुपरमको स्तम्भाभिलेख १२७–१३०

११. जयसिंहरामको संज्ञनामा राखिएको पनौती इन्द्रेश्वरमन्दिरको ताम्रपत्र १३०–१३३

१२. ठ्यासफुको ऐतिहासिक व्याख्या —गौतमवज्र वज्राचार्य १३३–१३९

१३. पनौती इन्द्रेश्वरको ताम्रपत्राभिलेख —शङ्करमान राजवंशी १४०–१४३

१४. श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू —देवीप्रसाद भण्डारी १४३–१४९

१५. वीर भक्ति थापा —महेशराज पन्त १४९–१५६

१६. राजज्योतिषी लीलानाथ पाँडे —दिनेशराज पन्त १५६–१६९

१७. गल्लीमा फ्याँकिएका कसिगरको दोस्रो भाग १७०–१७७

१८. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप —रामजी तेवारी १७७–१८७

१९. त्रिकोणमिति (ज्योत्पत्ति) —नयराज पन्त १८८–१९९

२०. अङ्गस्फुरणको पं. गौरीश्वर पाँडेले गरेको नेपाली अनुवाद २००–२०४

२१. पं. सुन्दरानन्द बाँडाले राजकुमार बहादुर शाहलाई चढाएको पद्यमय बिन्तीपत्र (नेपाली भाषाका २ पद्य पनि) २०४–२०८

हाम्रो वक्तव्य २०९–२१६

# लिच्छविकालका अभिलेखमा देखापरेका ५९ सम्मका संवत्का अङ्कको निर्णय


**—नयराज पन्त**

लिच्छविकालका अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय पूर्णिमाको सातौं अङ्कमा हामीले गरेथ्यौं। अब हामी अहिले त्यसपछिका संवत्का अङ्कको निर्णय गर्नतिर लाग्दछौं ।

**मालिगाउँको अभिलेखमा**

संवत्  फाल्गुनशुक्लसप्तम्याम्

मानदेवको पालामा ७ को अङ्क  यस्तो छ । (पूर्णिमा ४ अङ्कको ७ पृष्ठ हेर्नुहोस् )

विजयकामदेवको पालामा वि॰ सं. १२५३ मा ताडपत्रमा लेखिएको चण्डीको पुस्तकमा❀ ५७ पत्रको पत्राङ्क  यस्तो छ ।

---

❀ यो पुस्तक वीरपुस्तकालयको तेस्रो संख्या ९६ को हो । यसमा पत्राङ्क ६२ छन् । आदि पत्र खण्डित छ । यसको अन्तिम वाक्य यस्तो छ—

ताडपत्रमा लेखिएको वैराग्यशतक, मोहमुद्गरको मुक्तिप्रदीप, रामायणसावित्री, कुन्दमाला,

---

इति मार्क्कण्डेयपुराने सार्वर्ण्णिके मन्वन्तरे देवीमाहात्म्ये परिसमाप्तमितिः ।।
सम्वत् ३१६ प्रथमाषाढशुक्लैकादश्यां सोमवारे । राज्ये श्रीविजयकामदेवा-
ख्ये । भट्टश्रीहरिचन्द्रसर्मस्य पुण्यविवृद्धितार्थेनः श्रीमद्देव्याया स्तव
दैवज्ञश्रीरत्नचन्द्रेन लिखितमितिः ।। शुभम्

[मार्कण्डेयपुराणको सार्वर्णिक मन्वन्तरको देवीमाहात्म्य सिद्धियो । ने. सं. ३१६ (वि. सं. १२५३) प्रथमाषाढ शुक्ल एकादशी सोमवारमा राजा विजयकामदेवको राज्यमा भट्ट श्रीहरिचन्द्र शर्माको पुण्य बढोस् भनी श्रीदेवीको स्तोत्र ज्योतिषी श्रीरत्नचन्द्रले सारेको हो ।]

यसको गणना यस प्रकारको छ—

ने. सं. ३१६ वि. सं. १२५३ प्रथमाषाढ शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| आषाढ १४ | शनि | एकादशी | ३४ | । २३ |

यहाँ मूलमा सोमवार दिइएको छ। गणमा गर्दा शनिवार आयो। यस कारण गणना मिलेन।

ने. सं.३१६ वि·सं. १२५३ प्रथमाषाढ कृष्ण

| गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| आषाढ ३० | सोम | एकादशी | ४ | । १९ |

प्रथमाषाढ कृष्ण मानी गणना गर्दा वार मिल्यो । यस कारण प्रथमाषाढ कृष्ण लेख्नुपर्नेमा प्रथमाषाढ शुक्ल लेखिन गएको अनुमान हुन्छ ।

यसमा श्रीलुशिएनो पेटेकले आफ्नो मेडिईभल् हिस्टरि अफ् नेपाल (नेपालको मध्यकालको इतिहास) का ७५–७६ पृष्ठमा यस्तो बोल्नुभएको छ—

इन् द्याँट् यर् दर् वज् नो सिंहसङ्क्रान्ति इन् श्रावँण, यॉन्ड् दर्फोर् इन् द् भारद्वाज सिस्टम् आषाढ वज् इन्टर्कलिटिड् । द् डे३ट् इज् इर्रेग्युलर्, द् तिथि एन्डिड् अन् जून् ८ थ् ११९६, ह्विच् डे, हाउएभर्, वज् ए३ स्याटर्डे यॉन्ड् नट् ए३ मन्डे।

[यस वर्ष सिंहसंक्रान्ति श्रावणमा परेको थिएन । यस कारण भारद्वाजसिद्धान्तबमोजिम आषाढमा अधिमास परेको थियो । गणना गर्दा तिथि मिति मिल्दैन । यो तिथि ई. सं.११९६ जून ८ को दिन पर्छ। तर शनिवार आउँछ, सोमवार आउँदैन ]

श्रीडिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल (नेपालको मध्यकालको इतिहास) को पहिलो भागको १९६ पृष्ठमा पनि यो छापिएको छ ।

हरिवंशको हरिहरात्मकस्तव, पञ्चवक्त्रस्तुतिहरूको संग्रह भएको पुस्तकमा❁ ५७ पत्रको पत्राङ्क



यस्तो छ ।

❁ यो पुस्तक वीरपुस्तकालयको पहिला संख्या १११४ को हो। यसमा पत्राङ्क ६३ छन्। यसका अन्तिम वाक्यहरू यस्ता छन्—

इति वैराग्यशतकं समाप्तम् ।। कृतेरियं श्रीभर्तृहरेः ।।

[ वैराग्यशतक सिद्धियो । यो पुस्तक भर्तृहरिले बनाएको हो । ]

इति मोहमुद्गरे मुक्तिप्रदीपो नाम द्वितीयः परिछेदः समाप्तः ।।

[ मोहमुद्गरको मुक्तिप्रदीप नामको दोस्रो परिच्छेद सिद्धियो । ]

इति रामायनसावित्री समाप्तमिति

[ रामायणसावित्री सिद्धियो । ]

इति कुंदमालांको नाम संदर्भः समाप्तः ।। कृतिरियङ्कवेर्द्वारनागस्य ।। ।।
नेपाले शशिबाणभूतसहिते याते च सम्वत्सरे
आषाढे शितपक्षवह्लितिथिके सर्प्पासने वृद्धिके ।
आदित्ये जनकाधिराजतनयां सीता च निर्व्वासिता
सम्पूर्णकृतलेखकं सुनिपुनं सद्रामगुप्तेन वै ।। ।।
नाथसिंहो नराधीशः सुरकीकुलभासकः ।
सानुरूपी महात्मानः प्रजापालनतत्परः ।। ।।
विदुषो रामदासस्य सूनु बालसरस्वती ।
तस्यानुजो गुणश्रेष्ठो राजगुप्तो महाकविः ।।
भ्रातात्मजस्तस्य विशालबुद्धिः सत्कामिनीमोहनपंचबाणः ।
कामेश्वरीपूजनपूतमूर्तिः सद्रामगुप्तः प्रथितः पृथिव्यां ।। ।।
आज्ञावचनमाकर्ण्य नाथसिंहो नरेश्वरः ।।
लिखितं रामगुप्तेन सीतानिर्व्वासिशास्त्रकं ।।

[ कुन्दमाला नामको निबन्ध सिद्धियो ।। यो पुस्तक द्वारनाग कविले बनाएको हो । ने. सं. ५५१ (वि. सं. १४८८) आषाढ शुक्ल प्रतिपदा आइतवार आर्द्रानिक्षत्र वृद्धियोगमा सिपालु लेखक रामगुप्तले जनक राजाकी छोरी सीता निकालिएको कुरा लेखिसिद्ध्याए । सुरकीकुललाई उज्यालो पार्ने प्रजापालन गर्नामा लागेका सुहाउँदा ठूला राजा नाथसिंह हुनुहुन्छ । विद्वान् रामदासका छोरा बालसरस्वती हुनुभयो । उहाँका भाइ असल गुण भएका ठूला कवि राजगुप्त

यक्षमल्लको पालामा वि. सं. १५३३ मा ताडपत्रमा लेखिएको पञ्चरक्षाको पुस्तकमा❁

५७ पत्रको पत्राङ्क  यस्तो छ ।

---

हुनुभयो। उहाँका भाइका छोरा बुद्धिमान् कामदेव जस्ता राम्रा कामेश्वरीदेवीका भक्त असल रामगुप्त भनी प्रख्यात भए। ती रामगुप्तले राजा नार्थसिंहको हुकम पाएर सीतानिर्वासिशास्त्र सारे।]

यसमा दिएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ५५१ वि. सं. १४८८ आषाढ कृष्ण (पूर्णान्तमानले श्रावण कृष्ण)

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| आषाढ १४ | आदित्य | अमावास्या | ६ । ४ | आर्द्रा | ४१ । ३५ | वृद्धि | १८ । ५८ |

इति हरिवंशे हरिहरात्मकस्तवं समाप्तम्

[हरिवंशको हरिहरात्मकस्तोत्र सिद्धियो।]

इति पंचवक्त्रस्तुति समाप्तमिति ॥

[पञ्चवक्त्रस्तुति सिद्धियो।]

❁ यो पुस्तक वीरपुस्तकालयको पहिला संख्या १११४ को हो। यसमा पत्राङ्क ९९ छन्। यसको अन्तिम वाक्य यस्तो छ—

देयधर्मोयं प्रवरमहायानयायिन: परमोपासिक श्रीकाष्ठमण्डपनगरे श्रीकीर्तिपुण्यमहाविहारीयभिक्षुश्रीदेवाचन्द्रस्य यदत्र पुण्यन्भवत्वाचार्योपाध्यायमातापितृपूर्व्वङ्गमङ्कृत्वा सकलसत्वराशेरणुत्तरज्ञानफलाप्तयेति: ॥......॥ सम्वत् ५९६ चैत्रशुक्लसप्तम्यान्तिथौ आद्रानक्षत्रे शुक्रमयोगे आदित्य(वा)सरे लिखितमिदं सम्पूर्णपुस्तकम् ॥ राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥ ॥ श्रीकीर्तिपुण्यमहाविहारवस्थितशाक्यभि(क्षु)श्रीदेवाचन्द्रस्य माता येतामयि तस्य भार्या हृदयलक्ष्मीमयि सगन परिवारस्य पञ्चरक्षा नवनिर्मित ॥ ......लेखक सालंषुविहारवज्राचार्यश्रीहृदयसेनेति ॥

[श्रीकाठमाडौं शहर श्रीकीर्तिपुण्यमहाविहारका भिक्षु महायानी ठूला उपासक श्रीदेवाचन्द्रको यो दानधर्म हो। जुन पुण्यले आचार्य उपाध्याय माता पितृहरूको परलोक सुधारी सकल प्राणीहरूको समूहको उत्तरोत्तर ज्ञान गराइदिने होस् ......ने.सं. ५९६ (वि.सं. १५३३) चैत्र शुक्ल सप्तमी आइतवार आर्द्रानक्षत्र सुकर्मायोगमा यो पुस्तक सारिसिद्धियो। राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा कीर्तिपुण्यमहाविहारमा बस्ने

बायाँतिरको अङ्क पचास हो । (पूर्णिमा ७ अङ्कको ७ पृष्ठ हेर्नुहोस्) । यस कारण मानदेवको

पालाको ७ को अङ्क  यो रूपले

 यो रूप लिई

पछि  यो रूप लिएको देखिन्छ । यस कारण यो संवत्को अङ्क सप्तपञ्चाशत् ★ = ५७ हो ।

**थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको अभिलेखमा**

सवत्  शुक्ल दिवा द्वितीयायाम्

---

शाक्यभिक्षु श्रीदेवाचन्द्रकी आमा येतामयी दुलही हृदयलक्ष्मीमयी सकल परिवारको निमित्त पञ्चरक्षा सारियो । ......लेखक सालंषुविहारका वज्राचार्य श्रीहृदयसेन । ]

यसको गणना यस प्रकारको छ—

ने.सं. ५९६ वि.सं. १५३३ चैत्र शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| वैशाख ५ | आदित्य | षष्ठी | ७ । ११ | आर्द्रा | २४ । ५३ | अतिगण्ड | ६ । २१ |

पेटेकको १६५ पृष्ठ, पूर्णिमा १० अङ्कको १८ पृष्ठ, वीरपुस्तकालयको वृहत्सूचीपत्र सात भागको दोस्रो खण्डको २९ पृष्ठ, रेग्मीको पहिलो भागको ४३१ पृष्ठमा यो छापिएको छ । पूर्णिमामा दिइएको गणनामा पलामा अलि फरक परेको छ ।

★ श्रीरेनिइरो नोलीले यो संवत्को अङ्क ५९ पढ्नुभएको छ । नेप्लिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारेक्टर्ज् (नेपालका गुप्ताक्षरी अभिलेख) को ७७ पृष्ठ हेर्नुहोस् । यस विषयको चर्चा इतिहास-संशोधन ५५ संख्यामा परेको छ ।

यहाँ दायाँतिरको अङ्क नौ हो, बायाँतिरको अङ्क पचास हो। (पूर्णिमा ७ अङ्कका २–४ पृष्ठ हेर्नुहोस् ।) यस कारण यो संवत्को अङ्क नवपञ्चाशत्=५९ हो+ ।

[मेरो साथ रही मेरो इच्छा र विचारअनुसार नानी शङ्करमान राजवंशीले यो निबन्ध तयार गरिदिएका हुन् । नानी देवीप्रसाद भण्डारीले गणना दोहऱ्याइदिएका छन् । नानी महेशराज पन्त र दिनेशराज पन्तले पनि यसमा अलिकता काम गरिदिएका छन् । सबैलाई यथोचित धन्यवाद छ ।]

-o-

# लिच्छविकालमा धार्मिक संघ

**–धनवज्र वज्राचार्य**

प्राचीन कालदेखि नेपालमा विभिन्न सम्प्रदायका धर्महरू चलेर आइरहेका छन् । शासक तथा जनताले धार्मिक सम्प्रदायहरूउपर उदार भावना लिएका हुनाले हाम्रो यहाँ धार्मिक कलह भएको देखिदैन । यसै हुँदा अहिलेसम्म विभिन्न धार्मिक सम्प्रदाय साथसाथै चलेर आइरहेका हुन् ।

लिच्छविकालमा ग्रामपाञ्चालीको रूपमा, गोष्ठीको रूपमा अनेक स्थानीय संघ कायम थिए । यस्ता सम्बद्ध संघको अन्तर्गत रही परस्परमा मिली जीवन चलाउनु लिच्छविकालको लौकिक जीवनको प्रमुख विशिष्टता थियो भन्ने कुराको चर्चा पहिलेका निबन्धमा गरिसकेको छु ❀ । मिली रहने यही भावनाले लिच्छविकालमा धार्मिक क्षेत्रमा पनि असर पारेको थियो । यसो हुनाले लिच्छविकालमा विभिन्न धार्मिक सम्प्रदायहरू संघका रूपमा संघट्टित थिए । यी धार्मिक संघहरू पारलौकिक फलप्राप्तिको लागि कायम भएका थिए तापनि ऐहलौकिक काम कुरामा पनि यिनीहरूको केही सम्बन्ध रहेको हुन्थ्यो ।

स्थानीय विभिन्न संघट्टनलाई शासनसम्बन्धी उचित अधिकार सुम्पी स्वायत्तशासनलाई प्रोत्साहन दिने लिच्छविकालका शासकहरूको नीतिअनुसार उनीहरूले धार्मिक संघहरूलाई सहायता-स्वरूप जग्गा आदि दिंदा प्रशासनसम्बन्धी केही अधिकारसमेत दिएको उल्लेख पाइन्छ । यसो

---

+इतिहाससंशोधन ५५ संख्यामा यो अङ्कलाई ५७ पढिएको छ । यस विषयको चर्चा पूर्णिमा ८ अङ्कको ३ पृष्ठमा परेको छ ।

❀ 'पूर्णिमा' १२ पूर्णाङ्कका १–१६ पृष्ठ र १३ पूर्णाङ्कका १–६ पृष्ठ हेर्नुहोस् ।

हुनाले यस्तो अधिकार पाएका धार्मिक संघहरूले धार्मिक कामकुराबाहेक कर उठाउने, मुद्दा–मामिला छिन्ने आदि आफूसंग सम्बन्ध राख्ने प्रशासनसम्बन्धी केही काम पनि गर्दथे ।

यस कुराबाट लिच्छविकालको शासनव्यवस्थाको पनि केही परिचय पाइन्छ । यस कारण लिच्छविकालको विस्तृत रूपमा अध्ययन गर्न त्यस वेला कायम भएका धार्मिक संघप्रति पनि दृष्टि दिनु आवश्यक छ ।

लिच्छविकालमा शैव बौद्ध वैष्णव आदि विभिन्न धार्मिक सम्प्रदाय चलेका थिए तापनि विशेष गरेर बौद्ध र शैव सम्प्रदाय संघका रूपमा कायम भएका देखिन्छन् । बौद्ध धर्म त उत्पत्तिकालदेखि नै संघको रूपमा रहेको थियो । यसका प्रवर्तक भगवान् बुद्धले नै यसलाई संघपद्धतिमा ढालेका थिए । पछि बौद्ध धर्मका अनेक शाखा प्रशाखा निस्के । लिच्छविकालमा यहाँ महायानसम्प्रदायको बौद्ध धर्मको प्रचार भएको देखिन्छ । श्रद्धालु शासक, भारादार र जनताले बौद्ध धर्मप्रति आदर देखाएका हुनाले लिच्छविकालमा नेपालउपत्यकामा अनेक बौद्ध विहार कायम भए । अंशुवर्माको हाँडिगाउँको अभिलेखबाट ÷ गुंविहार, श्रीमानविहार, श्रीराजविहार, खर्जुरिकाविहार, मध्यमविहार अंशुवर्माको ताका विशिष्ट विहारका रूपमा थिए भन्ने बुझिन्छ । यीबाहेक अरू अनेक विहार त्यस वेला थिए भन्ने कुरा पनि त्यस अभिलेखबाट थाहा पाइन्छ। अरू अभिलेखबाट श्रीशिवदेवविहार, वार्तकल्याणगुप्तविहार, अभयरुचिविहार ×, महाप्रतिहारवार्त-सुजातप्रभुविहार ❁, पुष्पवाटिकाविहार ▱ अजिकाविहार § आदि बौद्ध विहार लिच्छविकालमा थिए भन्ने थाहा पाइन्छ । यी विहारमा केही विहार खूद राजा र भारादारद्वारा बनाउन लाइएका थिए ❀ ।

---

÷ यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

× तल परिशिष्टमा दिइएको पाटन यागबहालको अभिलेखमा यी विहारको उल्लेख परेको छ ।

❁ "ॐ महाप्रतिहारवार्तसुजातप्रभुविहारस्य"

(पाटन यम्पिवहि करुणाचोकको अभिलेख । नोली ६४ संख्या)

▱ "...ततो यावत्पुष्पवाटिकाविहारक्षेत्रस्य सीमावधि..."

(पाटन च्यासलटोलको अभिलेखबाट । लेभी १८ संख्या, नोली ७९ संख्या)

§ "सीमा चास्य स्थानस्योत्तरपूर्व्वस्यां दिशि अजिकाविहारपूर्वद्वार..."

(नक्साल नारायणचौरको अभिलेखबाट । लेभी २१ संख्या, नोली ८३ संख्या)

❀ लिच्छविकालमा राजा, बडामहारानी, युवराज र राजासरहका शासकमा मात्र 'श्री' शब्द जोडिन्थ्यो । माथि उद्धृत विहारमध्ये मानविहार (कहीं—मानदेवविहार), राजविहार, शिवदेवविहार यी तीन विहारमा 'श्री' जोडिएको छ । यसबाट यी विहार राजाद्वारा बनाउन लाइएका हुन् कि भन्ने देखिन आउँछ । मानविहार राजा मानदेवले र शिवदेवविहार राजा

यी बौद्धविहारमा भिक्षु भिक्षुणीहरूका संघ बनेका हुन्थे *। लिच्छविकालका अभिलेखमा ठाउँठाउँमा यस्ता संघको उल्लेख आएको छ । चाबेलको अभिलेखमा –

"भूयः संघस्य भक्तार्थं पूजार्थञ्च महामुनेः।
क्षेत्रन्दत्तन्तया यत्र ह्यष्टाविंशतिमानिका :।।"

(अभिलेखसंग्रह ९ भागमा यो प्रकाशित भएको छ )

[ फेरि तिनले संघलाई भोजन गराउन र महामुनि (भगवान् बुद्ध)को पूजा गर्न अठ्ठाइस मानिका कूत आउने खेत दान दिइन् ।]

यस अभिलेखमा संवत् र राजाको नाम खण्डित छ तापनि लिपिको दृष्टिले यो अभिलेख मानदेवको ताकाको हो भनी भन्न सकिन्छ । यस अभिलेखबाट यस ताका यहाँ बौद्ध धार्मिक संघ कायम थियो भन्ने स्पष्ट छ ।

ललितपुर चपःटोलको बुद्धमूर्तिको पादपीठको अभिलेखमा यस्तो उल्लेख परेको छ— "...गन्धकुटीप्रतिसंस्करणाय तदप्रयोजने च चातुर्दिशमहायानप्रतिपन्नार्यभिक्षुणीसंघपरिभोगायाक्षयणीवी प्रतिपादिता"

( अभिलेख-संग्रह ५ भागमा यो प्रकाशित भएको छ ।)

[गन्धकुटी (विहारविशेष) को मरम्मत गर्नाको निमित्त तथा सो काम नपरेमा चातुर्विश महायान सम्प्रदायको आर्यभिक्षुको संघलाई खुवाउन कोइलाकाँटा गरी गुठी राखियो ।)

यस अभिलेखमा पनि संवत् र राजाको नाम देखिदैन । लिपिको दृष्टिले अंशुवर्माभन्दा अघिको यो अभिलेख हो भन्ने देखिन्छ । यस अभिलेखबाट यस बेला महायान सम्प्रदायका भिक्षुणीहरूको संघ ललितपुरमा कायम थियो भन्ने बुझिन्छ ।

---

शिवदेवले बनाउन लाएका होलान् भनी नामैबाट अनुमान गर्न सकिन्छ । तर राजविहार कसले बनाएका होलान् भनी अनुमान गर्न गाह्रो छ । यसको उत्तर हामी गोपालराजवंशावलीमा पाउँछौं । त्यहाँ यी तिनै विहारका निर्माताको उल्लेख परेको छ—

"श्रीमानदेव...स्वनामेन मानविहार प्रतिष्ठितम् "
राजा श्रीशिवदेव...तेन प्रतिष्ठित विहार

(२१ पृष्ठबाट)

राजा श्रीअंशुवर्मा...तेन च राजविहार कृतम्

(२२ पृष्ठबाट)

[ श्रीमानदेवले आफ्नो नाउँको मानविहार बनाउन लाउनुभयो ।...राजा श्रीशिवदेवले विहार बनाउन लाउनुभयो ।...राजा श्रीअंशुवर्माले पनि राजविहार वनाउन लाउनुभयो । ]

* अहिलेसम्म पनि प्रत्येक विहारमा संघ कायमै छ । आफ्ना आफ्ना विहारसम्बन्धी कुनै कामकारवाइ आइपर्दा विहारको सर्वसंघ (संघका सबै सदस्य) मिली सरसल्लाह गरी काम चलाउने चलन चलेकै छ ।

अरू अभिलेखबाट पनि लिच्छविकालमा अनेक बौद्ध धार्मिक संघ थिए भन्ने थाहा पाइन्छ ❋ ।

यसै गरी लिच्छविकालमा पाशुपत सम्प्रदायका धार्मिक संघ पनि थिए भन्ने कुरा अभिलेखहरू केलाई हेर्दा हामी थाहा पाउन सक्छौं ।

पाटन गँह्लीधाराको नरेन्द्रदेवको अभिलेखबाट पाशुपत सम्प्रदायको धार्मिक संघबारे निकै कुरा बुझिन्छ । धार्मिक संघलाई सुबिधा गरिदिई राखिएको सो अभिलेखको माथिल्लो भाग खिइएको छ । तर मूल अभिलेखबाटै परिश्रमसाथ पढ्दा अहिले यसको केही बढ्ता भाग पढ्न सकिएको छ । पशुपति वाग्वतीपारि पाशुपत सम्प्रदायको मण्डली (जमघट हुने धार्मिक स्थल) रहेछ, त्यहाँ सरकारी सबै अड्डाले हस्तक्षेप गर्न नपाउने, आवश्यक काम कुरा त्यहींकै धार्मिक संघद्वारा नै मिलाउने गरी धार्मिक संघलाई अधिकार दिइएको, पूजा र आयस्तासम्बन्धी व्यवस्था बाँधेको कुरा त्यसमा परेको छ । सो अभिलेख तल परिशिष्टमा दिइएको छ । त्यसको अनुवाद यस प्रकारको छ—

"कल्याण होस् । कैलासकूटभवन (दरवार)बाट······भगवान् पशुपतिको पाउको अनुग्रह पाएका, बप्प (बुवा) को पाउको अनुग्रह पाएका, गाश्रमा आराम रहेका, परमभट्टारक (गद्दी-नशीन) महाराजाधिराज श्रीनरेन्द्रदेवले अहिले बहाल रहेका र पछि बहाल हुने सबै अड्डाका अधिकारीहरूलाई यथोचित कुशल मंगल सोधेर आज्ञा गर्नुभएको छ । तिमीहरूलाई थाहा होस् । महाप्रतिहार (हजुरिया) चन्द्रवर्माले हामीमा विन्ति चढाएका हुनाले उनको कुरा राख्न हामीबाट पशुपतिमा वाग्वतीको पूर्व किनारमा रहेको भगवान् वज्रेश्वरको मण्डलीमा सबै अड्डाहरूले पस्न नपाउने गरी निगाह गरिएको छ । हाम्रो आज्ञा लिई यिनले (चन्द्रवर्माले) आफ्नो पुण्य बढोस् भनी यस मण्डलीका धार्मिक संघहरूलाई दान दिएका छन् ।

ज्ञानयोग र कर्मयोगमा लागेकाहरूले सदाचारमा रही यसको हेरविचार गर्नू । तिनीहरूले नियत समय ननघाई देवताको स्नान गराउनु, सुगन्धी वस्तु चढाउनु, फूल चढाउनु, बत्ती बाल्नु, वर्षवर्द्धन गर्नु, वर्षाकालमा बाजा बजाउनु, जप गर्नु आदि निमित्तपूजा गराउनू । मण्डलीमा लिप्नु, बढार्नु, मर्मत गर्नु आदि काम गरेर जो बच्छ, त्यो पैसाले भगवान् वज्रेश्वरलाई लक्ष्य गरी पाशुपतहरूलाई र ब्राह्मणहरूलाई सकिने जति भोजन गराउनू ।

---

❋"तस्य संस्कारपूजार्थम् भिक्षुणीसंघमर्पितपणाः पुराणसहिता······

(का. इ. मुसुबहालको अभिलेखबाट । अभिलेखसंग्रह ९ भागमा यो प्रकाशित भएको छ ।)

"देयधर्मोयं श्रीधार्मराजिकामात्यसु......सांघिकभिक्षुसंघस्य"

(साँखुको अभिलेख । लेमी १७ संख्या, नोली ७५ संख्या)

"···सर्व्वसत्त्वो बुद्धो भवेत क्षेत्रञ्च भूमि १० भगवतोस्यावलोकितेश्वरस्य धूपदीपेन मा २ आर्यसङ्घस्य च मा ५"

(का. इ. बण्डाहिटीको अभिलेख । अभिलेखसंग्रह १ भागमा यो प्रकाशित भएको छ ।)

पछि कुनै बेला यदि दानपति (दाता)को हैसियतले कसैले आपत् परेको बेलामा केही माग्यो भने अवस्था विचार गरी दानपतिहरूलाई २४ मानिका धान दिनू, योभन्दा बढी दानपतिले लिन पाइँदैन ।

यदि यहाँ मुद्दामामिला पऱ्यो भने परमासन(राजाको भित्री इजलास)मा छानबीन मात्र गर्नू । पैसा जफ्त गर्नु भने हुँदैन ।

यो कुरा थाहा पाई सबै अड्डाका अधिकारीहरूले तथा अरू कसैले पनि यो हाम्रो निगाह अन्यथा नगर्नू । जसले हाम्रो आज्ञा नाघ्लान्, तिनलाई हामी सहनेछैनौं । पछि हुने राजाहरूले पनि पहिलेका राजाहरूले गरेर गएको निगाह आदरपूर्वक थाम्नुपर्छ, अन्यथा गर्नु हुँदैन । यो मेरो आफ्नै आज्ञा हो। यहाँ मार्फत भट्टारक श्रीयुवराज स्कन्ददेव। संवत् ८३ भाद्र शुक्ल षष्ठी।"

यस अभिलेखबाट लिच्छविकालमा धार्मिक संघले पाएको अधिकारको झलक पाइन्छ । उठानमा खिइएकोले अलि अस्पष्ट भए तापनि तल पाशुपत र ब्राह्मणहरूलाई भोजन गराउने स्पष्ट उल्लेख परेको हुनाले तिनीहरूकै धार्मिक संघलाई यो अधिकार दिइएको हो भन्ने स्पष्ट छ ।

पाशुपतहरूको संघ थियो भन्ने कुरा अरू अभिलेखबाट पनि हामी बुझ्न सक्छौं । पशुपति छत्रचण्डेश्वरको अभिलेखमा पाशुपत सम्प्रदायको धार्मिक संघको उल्लेख परेको छ । सो अभिलेख तल परिशिष्टमा दिइएको छ । त्यसको सार भागको अनुवाद यस प्रकारको छ—

..."जिष्णुगुप्तको बढ्दो विजयराज्यमा । आचार्य भगवत्प्रनर्दन प्राणकौशिकले भगवान् छत्रचण्डेश्वर र –कूग्राममा रहेको धाराको टुटफुट हुँदा मरम्मतको लागि मुण्डशृङ्खलिक* (मुण्डमाला लाउने) पाशुपत सम्प्रदायका आचार्यहरूको संघलाई र वराहस्वामी, उमसोम –ऋसोम खड्ुकहरूलाई समेत गरी अस्सी मानिका कूत आउने खेत दान दिइयो ।"

पाशुपत सम्प्रदायका आचार्यहरूलाई केही अधिकार दिई जग्गा दिइएको उल्लेख का. इ. लगन विष्णुमन्दिरको अभिलेखमा पनि परेको छ। त्यसबाट पनि प्रस्तुत विषय बुझ्न केही मद्दत पाइन्छ। सो अभिलेख तल परिशिष्टमा दिइएको छ। त्यसको सार भागको अनुवाद यस प्रकारको छ—
"गाथमा आराम भएका महाराजाधिराज श्रीशिवदेवले वैद्यग्राममा बस्ने मुखियालगायत सारा गृहस्थीलाई यथोचित कुशल मंगल सोधेर आज्ञा गर्नुभएको छ । शरीर र कोट्ट (किल्ला) को स्थितिबन्देजले युक्त भएको, चाट भटले पस्न नपाउने गरिएको यो गाउँ आमा बुबा र आफ्नो पुण्य बढोस् भन्नाका लागि हामीले चन्द्र सूर्य पृथ्वी रहुन्जेलको लागि (सधैंको लागि) भूमिच्छिद्रन्यायले

---

*, 'दानशृङ्खलिक' पाशुपतहरूको उल्लेख देउपाटनको अर्को अभिलेखमा भएको छ—

"...महाबलाध्यक्ष....रामस्वामिना दूतकेन दानपाशुपताचार्य्यदक्षिणतिलडुकस्य–मि दानशृङ्खलिकपाशुपतानां..."

(यो अभिलेख नोलीद्वारा ६५ संख्याको रूपमा छापिएको छ।)

(सरकारलाई कुनै आम्दानी नहुने जग्गासरी गरी) बिर्ता गराई, आफैले स्थापना गरेको श्रीशिवदेवेश्वर देवतालाई लक्ष्य गरेर त्यो देवलको टुटफुट भएमा मर्मत गर्नाका लागि वश–पाशुपत सम्प्रदायका आचार्यहरूलाई दिइएको छ । यो कुरा तिमीहरूलाई थाहा होस् ।

यो थाहा पाई तिमीहरूले साविकबमोजिम दिनुपर्ने भाग (जग्गा हेरी अन्नको पैदावारको ६ भागको १ भाग, १० भागको १ भाग, १२ भागको १ भाग आदि लिइने पोता) भोग (फलफूल दाउरा आदिमा लिइने तिरो ?) कर (अन्नको पैदावारबाहेक अरू कुरामा लिइने तिरो), हिरण्य (नगद लिइने पोता) आदि सबै राजकीय आम्दानी उहाँहरूलाई नै बुझाउनू । तिमीहरूको हेरचाह उहाँहरूबाट हुनेछ । आफ्नो आफ्नो काममा लागी, उहाँहरूको खटनपटनमा रही, उहाँहरूले लाए अह्राएको काम गरी, निर्धक्क भई सुखसंग बस्नू ।

···यति इलाकाभित्रको यो अग्रहार (विर्ता जग्गा) मा भोटमा जानाको लागि प्रतिवर्ष कामदारहरूले पाँच जना भरिया झाराका रूपमा लिनू ।

जसले यो आज्ञा नाघेर अन्यथा गर्लान् वा गराउलान्, तिनलाई हामी सहनेछैनौं ।"

यसै गरी पाटन यागबहाल र पशुपति वज्रघरको नरेन्द्रदेवको अभिलेखबाट पनि हामी लिच्छविकालमा धार्मिक संघहरूले पाएको अधिकारबारे निकै कुरा बुझ्न सक्छौं । तल परिशिष्टमा ती दुवै अभिलेख दिइएका छन् । दुवै अभिलेखको बेहोरा प्रायः एउटै छ । भिक्षुसंघलाई दिइएको जग्गा मात्र भिन्नै छ । तर वज्रघरको अभिलेखमा तल अलि बढ्ता कुरा परेको छ । यस कारण यहाँ वज्रघरको अभिलेखको सारभागको अनुवाद दिइन्छ—

"...गाथमा आराम रहेका महाराजाधिराज श्रीनरेन्द्रदेवले –ख्रगतग्राममा बस्ने मुखियालगायत सबै गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ ।

भगवान् पशुपतिको क्षेत्रमा आफूले बनाएको ठूलो धारामा कपट नगरीकन गर्नुपर्ने सबै काम गराउनाको लागि झारा लाउन खटनपटन गर्न पाउने गरी, चाट भटले पस्न नपाउने, शरीर र कोट्ट (किल्ला) सम्बन्धी स्थितिबन्देजले युक्त भएको, शरीरले गर्नुपर्ने सबै काम गर्नु नपर्ने गरिएको, आवादीसहितको, विदेश जानुपर्दा आदिमा लाग्ने सत्रै विष्टि (झारा) माफ गरिएको, गर्भिणीको मृत्यु हुँदा गर्भ झिक्नाको लागि शय पण मात्र दिए पुग्ने, गोठमा घाइते मृगको हेरचाह नगरेमा (?) तीन पण पुराण मात्र दिए पुग्ने, चोरी गर्नु अर्काकी स्वास्नी हर्नु ज्यान मार्नु तथा यस्ता अपराध गर्नेहरूसंग सम्बन्ध राख्नु आदि पञ्चखत गर्ने अपराधीको शरीरचाहिं राजदरबार लाग्ने, तिनका घर खेत जहानबच्चा आदि सबै धनसम्पत्ति आर्यसंघले नै पाउने गरी यो गाउँ श्रीशिवदेवविहारमा चारैतिरबाट आइबसेका आर्यभिक्षुको संघलाई हामीबाट दान दिइएको छ । यो कुरा तिमीहरूलाई थाहा होस् ।

यो इलाकाभित्रको यो अग्रहार (बिर्ता जग्गा) मा यदि कुनै वेला आर्यसङ्घले छिन्न नसकिने मुद्दामामिला उठ्यो भने त्यस वेला परमासन (राजाको भित्री इजलास) मा विचार गर्नू ।

पसलमा लागेको कर,......ढक तराजु आदिको सम्बन्धमा जरिवाना गर्दा उठेको पैसा आदि सबै (राजकीय आम्दानी) आर्यभिक्षुसंघलाई नै सुम्पिएको छ ।

यो कुरा थाहा पाई हाम्रा कर्मचारीहरूले तथा अरू कसैले पनि यो निगाह अन्यथा नगर्नू ।"

पाशुपत र बौद्ध सम्प्रदायका धार्मिक संघलाई गरिदिइएका माथि उल्लिखित अभिलेखमा ती धार्मिक संघलाई के कति अधिकार दिइएको थियो भन्ने कुरा राम्ररी बुझ्नाको लागि लिच्छविकालको शासनव्यवस्था र अर्थव्यवस्थासम्बन्धी केही कुरा बुझ्नु आवश्यक छ । लिच्छविकालमा शासन व्यवस्थित रूपमा चलाउन अनेक अधिकरण (अड्डा) कायम गरिएका थिए । लिच्छवि शासकहरू यी अधिकरणद्वारा प्रशासन चलाउँथे । तर स्वायत्तशासन-पद्धतिलाई प्रोत्साहन दिने नीति लिच्छविकालका शासकहरूले लिएका हुनाले ग्रामपाञ्चाली आदि स्थानीय संघलाई तिनको कार्यक्षमता विचार गरी विभिन्न सरकारी अड्डाले गर्ने प्रशासनसम्बन्धी उचित अधिकार सुम्पेको पाइन्छ ❁ । त्यस्तो अधिकार दिई गरिदिएका अभिलेखमा " सर्वाधिकरणाप्रवेशेन वः प्रसादः कृतः=सबै अड्डाले पस्न नपाउने गरी तिमीहरूलाई निगाह गरिएको छ " आदि वाक्य परेको हुन्छ । झ्वाट्ट हेर्दा जनतामा सुख सुबिधा, शान्ति सुव्यवस्था आदि होस् भन्ने उद्देश्यले स्थापित अड्डाले पस्न नपाउने गर्दा यसबाट जनतालाई के फाइदा भयो र ? यसमा निगाहको के कुरा भयो र ? भन्ने देखिन्छ । परन्तु स्वायत्तशाशनको दृष्टिले हेरेपछि यस वाक्यको अर्थ खुल्दछ । 'सरकारी अड्डाले पस्न नपाउने गरी तिमीहरूलाई निगाह गरिएको छ' यस वाक्यले अर्को शब्दमा ती अड्डाको काम र अधिकार तिमीहरूलाई नै सुम्पेको छ भन्ने बुझाउँछ । यसो हुनाले स्थानीय काम कुरा मिलाउन जनताले यताउता धाउन नपर्ने भयो र स्थानीय काम कुरा जनताले आफैं मिलेर गर्न पाउने भयो । यसरी स्वायत्तशासनको दृष्टिले उपर्युक्त वाक्यको महत्त्व स्पष्ट बुझिन्छ ।

माथि उल्लिखित गैह्रीधाराको अभिलेखमा पाशुपत आचार्यहरूको जमघट हुने धार्मिक स्थल वज्रेश्वरमण्डलीमा र त्योसंग सम्बन्ध राख्ने इलाकामा सारा सरकारी अड्डाले पस्न नपाउने व्यवस्था बाँधिएको कुरा परेको छ । यसबाट त्यहाँको प्रशासनसम्बन्धी अधिकार त्यहींके धार्मिक संघले पाएको थियो भन्ने स्पष्ट छ ।

पञ्चखत जस्ता ठूलठूला मुद्दा छिन्ने अधिकार पनि केही ग्रामपाञ्चाली आदि स्थानीय संघलाई दिइएको हुन्थ्यो । यस्ता मुद्दामामिलामा दण्ड गर्दा उठेको रकमको केही अंश स्थानीय संघले नै पाउँथ्यो । केही रकम राजकोशमा जान्थ्यो । स्थानीय संघले छिन्न नसकेको मुद्दाचाहिं माथिलो तहमा जान्थ्यो§ । माथि उल्लिखित वज्रघरको अभिलेखमा त्यहाँ निर्दिष्ट स्थानको मुद्दामामिला हेर्ने अधिकार भिक्षुसङ्घलाई नै दिइएको कुरा परेको छ । केही गरी भिक्षुसङ्घले छिन्न नसक्ने मुद्दा आइपर्‍यो भने मात्र त्यस्ता मुद्दा राजाको भित्री इजलासले विचार गर्नू

❁ 'पूर्णिमा' १२ पूर्णाङ्कका १–१६ पृष्ठ हेर्नुहोस् ।

§ 'पूर्णिमा' १२ पूर्णाङ्कका ५–७ पृष्ठ हेर्नुहोस् ।

भन्ने उल्लेख त्यहाँ भएको छ । पञ्चखत जस्ता मुद्दामा ज्यानसजाय, कैद आदि पनि गर्नुपर्ने खण्ड आइपर्छ । तर भिक्षुसंघले त्यसो गर्नु सम्भव नभएको हुनाले त्यस्ता अपराधी राजदरबारमा बुझाइन्थे । तिनको सर्वस्व गर्दा आउने घर खेत, धनसम्पत्ति आदि सबैचाहिं भिक्षुसंघले नै पाउँथ्यो भन्ने कुरा त्यस अभिलेखमा परेको '... पञ्चापराधकारिणां शरीरमात्रं राजकुलाभाव्यन्तद्गृहक्षेत्रकलत्रादिसर्वद्रव्याण्यंसंघस्य ' यस वाक्यबाट बुझिन्छ ।

लिच्छविकालमा राजकीय आम्दानीको मुख्य स्रोत करव्यवस्था थियो । व्यवस्थित ढङ्गले अनेक कुरामा अनेक प्रकारका कर लागेका हुन्थे । कर जिन्सी र नगद दुवै रूपमा उठाइन्थ्यो । माथि उल्लिखित का. इ. लगनटोलको अभिलेखमा त्यहाँ निर्दिष्ट स्थानको नगद जिन्सी आदि सबै किसिमको राजकीय रकम उठाउने अधिकार पाशुपत आचार्यहरूलाई दिइएको छ । वज्रधरको अभिलेखमा पनि पसलमा लागेको कर, ढक तराजु आदि सम्बन्धमा दण्ड गर्दा उठेको रकम आदि सबै कर उठाउने अधिकार भिक्षुसंघलाई दिइएको छ । तर गर्भिणी मर्दा गर्भसमेत दाह नगर्ने हुनाले गर्भ झिक्ने विधान पुऱ्याउन लाग्ने शय पण★ र तीन पणपुराण उठ्ने अर्को एक रकम गरी दुइ रकमचाहिं त्यहाँ माफी गरिएको छैन ।

लिच्छविकालमा देशबाट बाहिर जानुपर्ने काम आइपर्दा, लोकको हित हुने काम पर्दा वा अरू विशेष राजकीय काम पर्दा विष्टि (झारा) को रूपमा जनतासंग अनिवार्य रूपमा सित्तै काम लगाइन्थ्यो । यसरी झाराको रूपमा काम गर्नु कष्टकर हुने हुनाले भिक्षुसंघलाई दिइएको जग्गामा 'बहिर्देशगमनादिसर्वविष्टिरहित' भनी झारा माफ गरिएको छ । लगनको अभिलेखबाट पाशुपत आचार्यहरूलाई दिइएको जग्गामा पनि झारा माफ गरिएको देखिन्छ । तर भोट जाने कामदारलाई त्यस जग्गाबाट प्रतिवर्ष पाँच जना भरियाको बन्दोबस्त गरिदिनू* भन्ने व्यवस्था त्यहाँ गरिएको

---

★ नक्साल नारायणचौरको अभिलेखमा गर्भिणी मर्दा दौवारिक (प्रतिहार=राजदरबारका द्वारे) ले शय पण उठाउन पाउने कुराको उल्लेख परेको छ—

"...कार्यमस्य ततो...दौवारिस्यावेदनीयं तेनापि श्रीमत्पादीयान्तरासनकरणे यथामासं रोपणीयम् । सगर्भनारीमरणे पणशतमेकम् । आत्मघात...मरणे दौवारिकस्यावेद्यं मृतशोधनम् । तदर्थमागतस्य तस्य सद्विपणाः षट्पुणपुराणा देया "

(लेभी २१ संख्या, नोली ८३ संख्याको रूपमा यो छापिएको छ ।)

[ यसको मुद्दामामिला अनि दौवारिककहाँ दर्ता गराउनू । उनले पनि महीना दिनभित्रमा राजाको भित्री इजलासमा जाहेर गर्नू । गर्भिणी आईमाईको मृत्यु भएमा शय पण (दिनू) । आत्महत्या आदि गरी मरेमा दौवारिकलाई जाहेर गरी मूर्दा उठाउनू । त्यसको लागि आएका तिनलाई (दौवारिकलाई) दुइ पण र छ पणपुराण दिनू । ]

*लगन विष्णुमन्दिरको यस अभिलेखमा परेको 'अस्मिन्नग्रहारे भोट्टविष्टिहेतोः प्रतिवर्ष भारिकजनाः पञ्च ५ व्यवसायिभिर्ग्रहीतव्या' यस वाक्यको आधारमा लेभी आदि केही इतिहासकारहरूले यस ताका नेपाल भोटको वशवर्ती थियो भन्ने देखाउने चेष्टा गरेका

हुनाले यो एउटाचाहिं विष्टिको रूपमा त्यहाँका बासिन्दाले पालना गर्नुपर्ने गरिएको देखिन्छ ।

बौद्ध र पाशुपत सम्प्रदायका धार्मिक संघबाहेक लिच्छविकालमा अरू सम्प्रदायका धार्मिक संघ पनि कायम थिए भन्ने देखिन्छ । स्पष्ट उल्लेख नपाएको हुनाले यस विषयमा विशेष रूपले लेख्नु अहिले सम्भव भएन । तर यस विषयमा विचार गर्ने आधार भने नभएको होइन । उदाहरणार्थ पाटन खपिछेंको वसन्तदेवको पालाको अभिलेखलाई देखाउन सकिन्छ ❀ । त्यहाँ केही याज्ञिक र ब्राह्मणहरू मिली भगवान् वैशम्पायनको नैमित्तिक पूजाको लागि गूठी राखेको कुरा परेको छ । यसबाट यस वेला वैदिक सम्प्रदायका अनुयायीहरूको कुनै संघ कायम थियो कि भन्ने देखिन्छ । अर्को कुरा थानकोटको वसन्तदेवको अभिलेखमा दूतक बनेका विरोचन गुप्तले आफूलाई 'याज्ञिक' भन्ने विशेषण लाएका छन् ▱ । यसै ताकाको हाँडिगाउँ नारायण-स्थानको अनुपरम (गुप्त?) को प्रसिद्ध स्तम्भलेखमा वैदिक पद्धतिको जोडदार समर्थन गरिएको छ × । यताबाट वसन्तदेवको ताका वैदिक परम्पराका अनुयायीहरूको प्रभाव बढेको थियो भन्ने बुझिन्छ ।

लेलेको शिवदेव अंशुवर्माको अभिलेखमा 'भगवद्वासुदेवब्राह्मणगौष्ठिकानां' भन्ने उल्लेख परेको छ +। यसबाट वैष्णव सम्प्रदायका ब्राह्मणहरूको गोष्ठीरूपको संघ त्यस वेला थियो भन्ने बुझिन्छ ।

---

छन्·। (श्रीबालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा' दोस्रो संस्करणको १०५ पृष्ठ हेर्नुहोस्) । परन्तु यो गलत हो । यस वाक्यको ठीक अर्थ नलागेको र पूर्वाग्रह लिइएको हुनाले त्यसो गरिएको हो । यस वाक्यको अर्थ बुझ्न लिच्छविकालमा विष्टि (झारा) कुन काममा कसरी लाइन्थ्यो भन्ने बुझ्नुपर्छ । माथि उल्लिखित वजुघरको र यागबहालको अभिलेखबाट यो कुरा केही खुल्दछ । त्यहाँ सबै किसिमको विष्टि माफ गरिएको छ भन्नाको लागि उल्लेख गरिएको 'बहिर्देशगमनादिसर्वविष्टिरहितो' यो पदले लिच्छविकालमा विदेश जानुपर्ने काम आइपर्दा विष्टि लगाइन्थ्यो भन्ने स्पष्ट बुझिन्छ। लिच्छविकालमा प्रचलित विष्टि लाउने यही व्यवस्था-अनुसार भोट जानुपर्ने काम पर्दा विष्टिको रूपमा ५ जना भरिया त्यस बिर्ता जग्गाबाट लिने उल्लेख गरिएको हो । त्यसै गरी भारततिर जानुपर्दा पनि विष्टि लाग्दो हो । यस कारण लगन विष्णुमन्दिरको अभिलेखमा परेको उक्त वाक्यबाट यस ताका भोटसंग नेपालको आवत-जावत बढी थियो भन्ने मात्र सिद्ध हुन्छ । त्यस वेला नेपाल भोटको वशवर्ती थियो भन्ने कुरा कदापि सिद्ध हुँदैन ।

❀अभिलेख-संग्रह १ भागमा यो छापिएको छ ।

▱ यो अभिलेख तल परिशिष्टमा दिइएको छ ।

× यो अभिलेख पनि तल परिशिष्टमा दिइएको छ ।

+ यो 'अभिलेख-संग्रह' १ भागमा र 'पूर्णिमा' १३ पूर्णाङ्कमा छापिएको छ ।

अहिले पाइएका अभिलेखको आधारमा लिच्छविकालमा धार्मिक संघको बारेको संक्षिप्त परिचय पाठकको सामुन्ने राखिएको छ । लिच्छविकालका अभिलेखहरू फाटफुट अलि अलि पाइंदै आएका हुनाले भविष्यमा अझ बढता अभिलेख फेला पर्नेछन् भन्ने आशा लिन सकिन्छ । यस कारण बढी अभिलेख पाइएमा तथा पाइएका अभिलेखको बढी अर्थ खुल्दै गएमा यस विषयमा पछि अझ खुलस्त रूपमा लेख्न सकिने आशा लिई अहिलेलाई यो यहीं टुङ्ग्याउनुपरेको छ ।

# लिच्छविकालका केही अभिलेखहरू

['लिच्छविकालमा धार्मिक संघ' बारे बुझ्न मद्दत दिने केही अभिलेख परिशिष्टका रूपमा यहाँ दिइएका छन् । यी अभिलेख विभिन्न विदेशी विद्वान्द्वारा पहिले प्रकाशित भइसकेका हुन् तापनि ती विदेशी विद्वान्हरूका ग्रन्थ अहिले सुलभ नहुनाले पाठकहरूलाई सुबिधा होस् भनी यी अभिलेख फेरि यहाँ प्रकाशित गरिएका हुन् । यहाँ सकभर पाठ शुद्धयाउने प्रयत्न गरिएको छ ।

यहाँ संवत्को क्रमले अभिलेख राखिएका छैनन् । लेखसंग रहेको सम्बन्धको दृष्टिले अभिलेख राखिएका छन् ।]

## पाटन गैह्लीधाराको नरेन्द्रदेवको

१. स्वस्ति कैलासकूटभवनाद.........
२ (वत्पशु)पतिभट्टारकपादानुगृहीतो बप्पपादानु(ध्यातः)
३ पर(मभ)ट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली
४. ...... नः सर्वाधिकरणाधिकृतान्......
५. ...... वर्तमानान्भविष्यतोपि यथार्हङ् कुशल–
६. मनुष्ट्वा समाज्ञापयति विदितमस्तु भवतां यथा
७, महाप्रतिहारचन्द्रवर्मविज्ञापितैरस्माभिस्तत्प्रतिमान्य[1]
८. ......पशुपतौ वाग्वतीपूर्वकूले[2] भगवद्धज्रेश्वरमण्ड–
९. ल्यां......सर्वाधिकरणानामप्रवेशेनास्या......प्र
१०. ..................गणप्रसादीकृतमनेनास्याम्मदनु[3]

---

१. यस अभिलेखका ४, ५, ६, ७ पङ्क्तिमा बेण्डाल, नोलीद्वारा दुइ चार अक्षरभन्दा बढ्ता पढिएका छैनन् ।

२. नोलीको पाठ = – – – – – – – – – – – न्द्रले

३. नोलीको पाठ = – – – – गणप्रसादीकृतमनेनास्य – – न्तु

११. ज्ञातेनात्मनः[1] श्रेयोभिवृद्धये धार्मिकगणानामतिसृष्टम्
१२. प्रतिपालनम्प्रति ज्ञानयोगकर्मयोगरतैः शीलाचार–[2]
१३. परैर्वस्तव्यन्तैरपि यथाकालमनतिक्रम्य देवानाम्[3]
१४. स्नपनगन्धपुष्पधूपप्रदीपवर्षवर्धनवर्षाकाल–
१५. वादित्रजपकादिका कारणपूजा कर्तव्या मण्डल्याञ्च
१६. उपलेपनसम्मार्जनप्रतिसंस्कारादिकङ् कृत्वा यद्यस्ति
१७. परिशेषन्तेन द्रव्येण भगवन्तं वज्रेश्वरमुद्दिश्य
१८. पाशुपतानाम्ब्राह्मणानाञ्च यथासम्भवम्भोजनङ् कार[4]–
१९. णीयन्तदन्यच्च कालान्तरेण यदि कदाचिद्दानपति–
२०. त्वेन प्रार्थयन्ते आपत्सु तत्कालम्बुध्वा दानपतीनां
२१. धान्यानाञ्चतुर्विंशतिर्मानिका देया अतोधिकन्दानप–
२२. तिभिर्न ग्राह्यं यदि चात्र कार्यमुत्पद्यते परमासने–
२३. न विचारमात्रङ् करणीयन्न तु द्रव्यस्याक्षेपस्तदेव–
२४. मवगत्य सर्वाधिकरणाधिकृतैरन्यैर्वा न कैश्चिदय–
२५. मस्मत्प्रसादोन्यथा कर्तव्यो ये त्वस्मदाज्ञां व्यतिक्रम्य वर्तन्ते
२६. वयन्तेषान्न मर्षयामो येप्यस्मदूर्ध्वम्भवितारो राजा–
२७. नस्तैरपि पूर्वनृपतिकृतप्रसादप्रतिपालनादृ–
२८. तैर्नान्यथा करणीयो स्वयमाज्ञा दूतकश्चात्र भट्टारक
२९. श्रीयुवराजस्कन्ददेवः संवत् ८३[5] भाद्रपदशुक्लदिवा
३०. (ष)ष्ठ्याम् ॥

१. नोलीको पाठ = – – नात्मनः

२. नोलीको पाठ = प्रतिपालनप्रतिज्ञा – – – कर्मयोगर – – – – –

३. नोलीको पाठ = – – – – प्यन्तरा – – – कालमनतिक्रम्य प्रधान

४. नोलीको = –ङ्करणीयन्

५. वेण्डाल र नोलीद्वारा 'संवत् ८२' पढिएको छ । यो संवत्‌को अङ्कको प्रतिलिपि 'पूर्णिमा' ६ पूर्णाङ्कको ५ पृष्ठमा छापिएको । त्यसबाट यो संवत् ८२ होइन, ८३ हो भनी ठम्याउन सकिन्छ ।

[ पाटन गैह्लीधाराको यो अभिलेख बेण्डालद्वारा ३ संख्याको रूपमा छापिएको छ तथा नोलीद्वारा ७० संख्याको रूपमा प्रकाशित भएको छ । ]

## पाटन यांगबहालको नरेन्द्रदेवको

१. (ॐ स्वस्ति) भद्राधिवासभवनादप्रतिहतशासनो भगवत्पशुपतिभट्टारक-पादानुगृही (तो)

२. (ब)प्पपादानुध्यातो लिच्छविकुलकेतुः परममाहेश्वरपरमभट्टारकमहा-राजाधिरा (ज)

३. (श्री) नरेन्द्रदेवः कुशली गुल्ळंतङ्ग्रामनिवासिनः प्रधानपुरस्सरान्सर्व-कुटुम्बिनः (कु)

४. शलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवतां यथायं ग्रामो भगवत्प-शुपतौ (स्व)

५. कारितमहाप्रणालीनामशाठ्येन सर्वेतिकर्तव्यानामनुष्ठानार्थं विष्टया-ज्ञानुविधायि (त्वे)–

६. न चाटभटानामप्रवेश्येन शरीरकोट्टमर्यादोपपन्नः शरीरसर्वकरणीयप्र (ति)

७. मुक्तः कुटुम्बी (?) बहिर्देशगमनादिसर्वविष्टिरहितो गुर्विणीमरणे गर्भो-द्धरणा (य)

८. (प) णशतमात्रदेयेन सक्षतगोष्ठापमृगापचारे सपणपुराणत्रयमात्र-देयेन (च)

९. युक्तश्च ौरपरदारहत्यासम्बन्धादिपञ्चापराधकारिणां शरीरमात्रं राजकुलभा

१०. व्यन्तद्गृहक्षेत्रकलत्रादिसर्वद्रव्याण्यार्यसङ्घस्येत्यनेन च सम्पन्नः श्रीशिव-देवविहा–

११. (रे) चतुर्दिशार्यभिक्षुसङ्घायास्माभिरतिसृष्टः सीमा चास्य पूर्वोत्तरेण विहारा–

१२. – प्रणालीभ्रमस्ततो दक्षिणमनुसृत्य गोमिभूधश्चोप्रदेशे वाग्वतीनदीभा–

१३ –नुसृत्य गोत्तिलमकसंगमस्तत उत्तरङ्गत्वा श्रीमानदेवविहारखर्जुरिका(वि)

१४. (हा)रक्षेत्रयोः संधिस्ततः पश्चिमङ्गत्वा खारेवालगश्चो ततः पश्चिममनु(सृत्य)

१५. (मध)यमविहारस्य पूर्वदक्षिणकोणपार्श्वा[१]लिमार्गेणोत्तरङ्गत्वा प्रणाल्याः पूर्वो

१६. (त्त)रानुसारेण कुण्डलक्षेत्रस्य दक्षिणपूर्वकोणे महापथस्ततो मार्गानुसा(रे)

१७. णोत्तरङ्गत्वाभयरुचिविहारस्य पूर्वप्रा(कार)स्ततः पूर्वोत्तरमनुसृत्य वार्त(क)

१८ ल्याणगुप्तविहारस्य दक्षिणपूर्वप्राकारौ ततः पूर्वोत्तरमनुसृत्य चतुर्भा-

१९. लटसनविहारस्य पूर्वदक्षिणकोणस्तत उत्तरम्पश्चिमश्चानुसृत्योत्तरप–

२०. श्चिमकोणे वृहत्पथस्तत्पूर्वोत्तरङ्गत्वा कम्बीलम्प्रा तत उत्तरपूर्वमनुसृत्य

२१. श्रीराजविहारेन्द्रमूलकयोः पानीयमार्गसंघात(खातकस्तस्योत्तरपूर्वेण)

२२. (वृ)हन्मार्गस्य दक्षिणवाटिकाया दक्षिणाल्यनुसारेण पूर्वदक्षिणश्चानुसृत्य प

२३. –थस्ततो यावत्स्वल्पप्रणाल्यां परिगेस्पुल्लीपार्श्वे मार्गस्ततस्तमेव मार्गन्दक्षिणे-

२४. (ना)नुसृत्य स एव विहारस्ततः प्रणालीभ्रम इत्येतत्सीमपरिक्षिप्तेस्मिन्नग्र(हा)-

२५ (रे य)दि कदाचिदार्यसंघस्याशक्यं कार्यमुत्पद्येत तदा परमासनेन विचा(रणी)

२६ यमित्येवमत्रागतार्थैरस्मत्पादोपजीविभिरन्यैर्वायम्प्रसादोन्यथा न क(र)

२७. (णीयो यस्त्वन्यथा कु)र्यात्कारयेद्वा सोस्माभिस्सुतरान्न मर्षणीयो

१. नोट.को पाठ= ... पार्श्वे लिमार्गेणो ...

२८. (ये चास्मदूर्ध्वम्भवितारो भूमिपा)लास्तैरप्युभयलोकनिरवद्यसुखा-
र्थिभिः पू–

२९. (र्वराजवि)हि(तोयं विशिष्टः प्रसाद इ)ति प्रयत्नत(स्सम्यक्परिपाल-
नीय एव यतो ध–

३०. (र्मशास्त्र)व(च)नं (बहुभि)र्वसुधा दत्ता (राजभि)स्स(गरादिभिः ।
यस्य यस्य यदा भूमिस्त

३१. स्य तस्य तदा (फलम्)... ... ...

३२. संवत् (१०)३ ज्यैष्ठ(शुक्)लसप्तम्याम्

[ यो अभिलेख लेभीद्वारा २० संख्याको रूपमा र नोलीद्वारा ७४ संख्याको रूपमा छापिएको छ । मूल शिलामा शिरोभागको छेउ छेउमा अलि फुटिसकेको छ। तर वीरपुस्तकालयमा रहेका यसका दुइ प्रतिलिपिमध्ये एउटामा एक दुइ अक्षरबाहेक अरू भाग स्पष्ट देखिन्छ । यसबाट केही वर्ष पहिलेसम्म सो फुटेको रहेनछ भन्ने बुझिन्छ । यस कारण वीरपुस्तकालयमा रहेको सो प्रतिलिपि यस अभिलेखको पाठ ठम्याउन सहायक छ ।]

## पशुपति वज्रघरको नरेन्द्रदेवको

१. ॐ स्वस्ति भद्राधिवास(भवनादप्रतिहतशासनो भगवत्प)शुपतिभट्टारक-
पादानु–

२. गृहोतो बप्पपा(दानुध्यातो लिच्छविकुलकेतुः प)रममाहेश्वरपरमभट्टा–

३. रकमहाराजाधिरा(जश्रीनरेन्द्रदेवः कुशली)...श्वगर्तग्रामे प्रधानपुरस्सरा

४. न्सर्वकुटुम्बिनः कुशल(माभाष्य समाज्ञाप)यति विदितम्भवतु भवतां
यथाय–

५. ङ् ग्रामो भगवत्पशुपतौ स्वकारितमहाप्रणालीनामशाठचेन सर्वेतिकर्तव्याना-

६. मनुष्ठानार्थं विष्टयाज्ञानुविधायित्वेन चाटभटानामप्रवेश्येन शरीर-
कोट्टमर्या–

७. दोपपन्नः शरीरसर्वकरणीयप्रतिमुक्तः कुटुम्बी (?) बहिर्देशगमनादिसर्ववि-

८. ष्टिरहितो गुर्विणीमरणे गर्भोद्धरणाय पणशतमात्रदेयेन सक्षतगोष्ठापमृ–

९. गापचारे सपणपुराणत्रयमात्रदेयेन च युक्तश्च ैरपरदारहत्यासम्बन्धादि
१०. पञ्चापराधकारिणां शरीरमात्रं राजकुलभाव्यन्तद्गृहक्षेत्रकलत्रादिसर्व-
द्रव्या–
११. ण्यार्यसंघस्येत्यनेन च सम्पन्नः श्रीशिवदेवविहारे चतुर्दिशार्यभिक्षु-
सङ्घायास्मा–
१२. भिरतिसृष्टः सोमा चास्य पूर्वोत्तरेण श्रेष्ठिदुलमूर्ध्नि प्रीतुव्रमध्यमाली[1]
तस्याः किञ्चित्पू–
१३. र्वेण बृहदाल्या दक्षिणमनुसृत्य चुह्वङ्गभूमिम्पूर्वदक्षिणेन वेष्टयित्वा
ह्यु प्रिङ्गामी
१४. मार्गस्तन्दक्षिणमनुसृत्य सरलवनगामी मार्गस्तम्पश्चिममनुसृत्य ह्यु प्रि-
म्पाञ्चा–
१५. लिकक्षेत्रपश्चिमकोणाद्दक्षिणपश्चिममनुसृत्य श्रीखर्जुरिकाविहारस्य सर्वो
१६. परिपक्षेत्रपश्चिमाल्या दक्षिणङ्गत्वा पृच्छिन्नदक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां
सन्धिः
१७. ततश्च दक्षिणमनुसृत्य शशिक्षेत्रपूर्वदक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा
मित्तम्ब्रूपू–
१८. र्वाल्या दक्षिणमनुसृत्य तत्सर्वदक्षिणाल्या पश्चिमङ्गत्वा किञ्चिदुत्तरञ्च
ततः पश्चिम–
१९. मनुसृत्य च निम्ब्रूदक्षिणपश्चिमकोणाद्दक्षिणङ्गत्वा लोप्रिङ्ग्रामेन्द्रगो-
ष्ठिकक्षेत्रपूर्व–
२०. दक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा ह्यु प्रिम्पाञ्चालिकक्षेत्रपश्चिमाल्या दक्षि-
णमनुसृत्य
२१. ...भूमेरुत्तरपूर्वकोणे ह्यु प्रिङ्गामी बृहत्पथस्तम्पश्चिममनुसृत्य ह्यु प्रिलो-
२२. प्रि ... स्तिस्त्रोतोधोनुसृत्य मेकण्डिदुल्तिलमकसङ्गमस्तत्पश्चिमोर्ध्वमधि-
रुह्य कन्दर

१. नोलीको पाठ = श्रेष्ठिदुलमूर्ध्निप्रीतुव्रमठ्यमाली

२३. ...नुसारेणोत्तरपश्चिममनुसृत्य पानीयपातो यावल्लोप्रिङ्गामिनम्मार्गमु–
२४. ...शिखरक्षेत्रसर्वदक्षिणाल्या पश्चिमङ्गत्वा लोप्रि......तक्षेत्रन्ततः
२५. प(श्चिमम)नुसृत्योत्तरञ्च वृहदारामस्य पूर्वमुखे महापथस्ततत(उ)-
त्तरङ्गत्वा वृह–
२६. दा(राम)स्य पूर्वोत्तरकोणादधोवतीर्य वनपर्यन्तमुपादाय फंशिन्प्रल् स्रो-
तस्तदु–
२७. त्तरमनुसृत्य स्रोत...मसस्रोतोनुसारेण ब्रह्मतीर्थसंवेद्यन्नदीवाग्वतीपूर्व्वं–
२८. मनुसृत्य(उत्त)रङ्गत्वा कन्दराग्रानुसारेण श्रेष्ठिदुलमूर्ध्नि[1] सैव प्रीतुब्रू-
मध्यमालीत्ये
२९. (तत्सीमपरिक्षिप्तेस्मिन्)नग्रहारे यदि कदाचिदार्यसङ्घस्याशक्यङ् कार्यमु-
(त्प)द्येत
३०. तदा परमा(सनेन वि)चारणीयमापणकरोधिकमासतुलादण्डादिश्च सर्व्व[2]
एवा
३१. र्यभिक्षु (संघस्ये) त्येवमवगतार्थैरस्मत्पादोपजीविभिरन्यैर्वायम्प्रसादोन्य-
था न
३२. कर(णीयो यस्त्वेता)माज्ञामुल्लङ्घ्यान्यथा कुर्यात्कारयेद्वा सोस्माभिः
सुतरान्न मर्षणीयो
३३. ये चास(मदूर्ध्वम्भवि)तारो भूमिपालास्तैरप्युभयलोकनिरवद्यसुखार्थि-
भिः पूर्व–
३४. राजविहितोयं विशिष्टः प्रसाद इति प्रयत्नतस्सम्यक्परिपालनीय एव यतो
३५. धर्मशास्त्रवचनम्बहुभिर्वसुधा दत्ता राजभिस्सगरादिभिः यस्य यस्य यदा भूमि
३६. स्तस्य तस्य तदा फलमिति स्वयमाज्ञा दूतकश्चात्र भट्टारकश्रीशिवदेवः
३७. संवत् १०३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम्।।

[यो अभिलेख भगवान्लालद्वारा १३ संख्याको रूपमा र नोलीद्वारा ७३ संख्याको रूपमा छापिएको छ। हाल यो शिलालेख वीरपुस्तकालयमा ल्याई राखिएको छ।]

---

नोलीको पाठ=१. श्रेष्ठिदुलमूध्निसवप्रीतुब्रूमठ्यमाली...
नोलीको पाठ=२. दण्डादि(क)पर्व एवा-

## का. इ. लगन विष्णुमन्दिरको द्वितीय शिवदेवको

१. ॐ स्वस्ति श्रीमत्कैलासकूटभवनाल्लक्ष्मीलतालम्बनकल्पपादपो
२. भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः परमभट्टार-
३. कमहाराजाधिराजश्रीशिवदेवः कुशली वैद्यग्रामके प्रधानाग्रेसरान् सकल-
४. निवासिकुटुम्बिनो यथार्हङ् कुशलमभिधाय समाज्ञापयति विदितमस्तु भव-
५. तां यथायङ् ग्रामः शरीरकोट्टमर्यादो (पपन्न) श्चाटभटानामप्रवेश्येनाचन्द्रार्का-
६. वनिकालिको भूमिच्छिद्रन्यायेनाग्रहारतया मातापित्रोरात्मनश्च विपुलपु-
७. ण्योपचयहेतोरस्माभिः स्वकारितश्रीशिवदेवेश्वरं भट्टारकन्निमित्तीकृत्य
८. तद्देवकुलखण्डस्फुटितसंस्कारकरणाय वशपाशुपताचार्येभ्यः प्रति-
९. पादितः तदेवमवगतार्थैर्भवद्भिः समुचितदेयभागभोगकरहिरण्यादि-
१०. सर्वप्रत्यायानेषामुपय (च्छ) द्भिरेभिरेवानुपाल्यमानैरकुतोभयैः स्वक-
११. र्मानुविधायिभिरितिकर्तव्यताव्यापारेषु च सर्वेष्वमीषामाज्ञाश्रवणविधे-
१२. यैर्भूत्वा सुखमत्र स्थातव्यं सीमा चास्य पूर्वेण वृहन्मार्गो दक्षिणपूर्वतश्च
१३. शिवीप्रणाली तामेव चानुसृत्य स्वल्पः पन्था दक्षिणतश्च तेङ् खुः पश्चिमे-
१४. नापि तेङ खुः उत्तरस्यामपि चिशिमण्डातिलमकः उत्तरपूर्वतश्चापि सहस्र-
१५. मण्डलभूमिस्ततो यावत् स एव बृहन्मार्ग इत्येवं सीमान्तभूतेस्मिन्नग्र-
१६. हारे भोट्टविष्टिहेतोः प्रतिवर्षं भारिकजनाः पञ्च ५ व्यवसायिभिर्ग्र-
१७. हीतव्या ये त्वेतामाज्ञां व्यतिक्रम्यान्यथा कुर्युः कारयेयुर्वा तेस्माभिर्भृशन्न
१८. क्षम्यन्ते ये वास्मदूर्ध्वम्भूभुजो भ (विष्यन्ति तैरपि प) रस्वहितापेक्षया पूर्वराज-
१९. कृतोयं धर्म्मसेतुरिति तद (वगत्य) .........र वा......संरक्षणी-
२०. यस्तथा चोक्तं पूर्वदत्तां द्विजातिभ्यो यत्नाद्रक्ष युधिष्ठि (र महीम्महीम)
२१. तां श्रेष्ठ दानाच्छ्रेयोनुपालनम् ।। षष्टि वर्षसहस्राणि स्वर्ग्गे मो (दति भू)
२२. मिदः । आक्षेप्ता चानुमन्ता च तान्येव नरके वसेत् ।। इति स्वयमा
२३. ज्ञा दूतकश्चात्र राजपुत्रजयदेवः सम्वत् ११९ फाल्गुन
२४. शुक्लदिवादशम्याम्

[ यो अभिलेख भगवान्लालद्वारा १२ संख्याको रूपमा र नोलीद्वारा ७७ संख्याको रूपमा छापिएको छ । ]

## हाडिगाउँको अंशुवर्माको

१. स्वस्ति कैलासकूटभवनाद.........
२. नो भगवत्पशुपतिभट्टारक(पादानुगृहीतो बप्पपादानुध्या)
३. तः श्रीमहासामन्तांशुवर्मा कु(शली)..........................
४. गृहिक्षेत्रिकादिकुटुम्बिनो य(थार्हम्प्रतिमा)न्यानु(दर्शयति वि)
५. दितम्भवतु भवताङ् गृहक्षेत्रादिश्रावणिकादान......
६. भिरयम्मर्यादाबन्धः कृत एतेन भवद्भिर्व्यवहर्तव्यं यत्र(भगव)
७. तः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ पु २...
८. गुं विहारस्य पु ६ प २ श्रीमानविहारस्य पु ६ प २ श्रीरा(ज)
९. विहारस्य पु ६ प २ खर्जुरिकाविहारस्य पु ६ प २ म(ध्य)
१०. मविहारस्य पु ६ प २ सामान्यविहाराणां पु ३ प १ रामेश्व-
११. रस्य पु ३ प १ हंसगृहदेवस्य पु ३ प १ मानेश्वरस्य पु ३
१२. प १ साम्बपुरस्य पु ३ प १ वाग्वतीपारदेवस्य पु ३ प १ धारा
१३. मानेश्वरस्य पु ३ प १ पर्वतेश्वरदेवस्य पु ३ प १ नरसिंह
१४. देवस्य पु ३ प १ कैलासेश्वरस्य पु ३ प १ भुम्भुक्किकाजलश
१५. यनस्य पु ३ प १ तदन्यदेवकुलानाम् पु २ प २ श्रीभट्टारक
१६. पादानाम् पु ६ प २ सपेलापाञ्चाल्याः पु ६ प २ सामान्य
१७. पाञ्चाल्याः पु ३ प १ राजकुलवस्तुना नियुक्तमनुष्यस्य
१८. पु २ प २ गौष्ठिकाणां पु २ प २ कृतप्रसादस्य पु १ ब्राह्मणा(नां)
१९. पु १ सामान्यमनुष्याणाम्पु...... यं व्यवहार प
२०. न चायम्मर्यादाबन्धः कैश्चि......... यो यतः
२१. प्रजाहितार्थोद्यतशुद्धचेतसां(शुवर्मणा) श्रीकलहाभिमानिना
२२. कथम्प्रजा मे सुखिता भवेदि(ति)प्रियव्यवस्थेयमकारि धीमता
२३. संवत् ३२ आषाढशुक्लत्रयोदश्याम् ॥

(यो अभिलेख लेभीद्वारा १४ संख्याको रूपमा र नोलीद्वारा ३६ संख्याको रूपमा छापिएको छ।)

यस अभिलेखमा धेरै ठाउँमा उल्लेख परेको–



यो अङ्कलाई लेभी र नोली दुवैले ७ पढी छपाइएको छ । तर यो अङ्क ७ होइन, ६ हो । सूर्यघाटको विजयवतीको अभिलेख, देउपाटनको रत्नसंघको अभिलेख र पाटन चप:टोलको अभिलेखबाट यो अङ्क ६ हो भन्ने सिद्ध हुन्छ। सूर्यघाटको अभिलेखमा श्लोकसंख्या दिदा छैटौं श्लोकमा दिइएको अङ्क यसैसंग मिल्ने खालको छ। रत्नसंघको अभिलेखमा 'षण्णां शतानाम्भूमि:' भनी दिइएको अङ्कमा शयलाई बुझाउने अङ्कमा जोडिएको ६ को अङ्क यस्तै छ । चप: टोलको अभिलेखमा पिण्डमान्या षट्त्रिंश भनी दिइएको अङ्कमा तीसलाई बुझाउने अङ्कसंग रहेको ६ को अङ्क यस्तै छ । ('पूर्णिमा' ४ पूर्णाङ्कका ६–७, ९, १६ पृष्ठ हेर्नुहोस् ।) यस कारण माथि दिइएको अङ्क ७ होइन ६ हो भन्ने कुरामा शङ्का छैन। अर्को कुरा यस अभिलेखको बेहोराको विचार गरेपछि पनि यो अङ्क ६ हो भन्ने कुराको पुष्टि हुन्छ । यस अभिलेखमा विशिष्ट देवता, सामान्य देवता तथा विशिष्ट विहार, सामान्य विहारको विचार गरी भाग छुट्याइएको छ । पशुपतिनाथ, चाँगुनारायण आदि विशिष्ट देवतामा र मानेश्वर भुम्भुक्किकाजलशयन आदि सामान्य देवतामा पारिएका छन्। गुँविहार श्रीमानविहार आदि विशिष्ट विहारमा र अरू विहार सामान्य विहारमा पारिएका छन्। सामान्य देवता र विहारको भाग ३ पुराण १ पण छुट्याइएको छ । विशिष्ट देवता र विहारलाई चाहिं यसको दोब्बर ६ पुराण २ पण छुट्याइएको छ । यताबाट सामान्य र विशिष्ट देवता विहारले पाउने भागको अनुपात ठीक मिल्न आउछ। ७ पढ्दा यो अनुपात मिल्दैन ।

## पशुपति छत्रचण्डेश्वरको जिष्णुगुप्तको पालाको

१. सम्यग्ज्ञानादियुक्तः सक-
२. (ल)गुणगणं क्षोभयित्वा प्र-
३. (धा)नम् ब्रह्मादिस्थावरान्त-
४. ञ्जगदिदमखिलं यो सृज-
५. द्विश्वरूपम्। आजीव्यं सर्व्व-
६. पुंसाङ्गिरितरुगहनं यः करो-
७. त्येकरूपम् पायात्सोद्य प्रस-
८. न्नःस्मरतनुदहनश्छत्रच-

९. ण्डेश्वरो वः । स्वस्ति जिष्णुगुप्त-
१०. स्य प्रवर्द्धमानविजयराज्ये श्रा-
११. चार्यभगवत्प्रनर्द्दनप्राणकौ-
१२. शिकेन भगवतःश्छत्रचण्डेश्वरस्य
१३. -कूग्रामे प्रणालिकायाश्च ख-
१४. (ण्ड)स्फुटितसमाधानार्थमुद्दि-
१५. (श्य) मुण्डशृङ्खलिकपाशुपताचा-
१६. र्यपर्षदि वाराहस्वामि उम
१७. सोमा-ऋसोमखड्कानाञ्च ग्रशी
१८. (ति)- पिण्डकमानिकानां भू प्रतिपादि-
१९. ताः (ता)साम्प्रदेशा लिख्यन्ते पिखू-
२०. ग्रामे मा १० षाफनादूलके मा २०
२१. पागुमके मा ५ पोग्रामे मा २ खू-
२२. लप्रिङ्ग्रामे मा ९ भूयो मा १५ वि-
२३. ङ्शतिकयैते अथान्याश्चतुर्विङ्शतिकया
२४. --यच्च के... अत्र विंशतिमानिका
२५. —मासवद— शेषाः शृङ्खलिकपा
२६. ...मा— वाराहस्वामिप्रभृतिभि-
२७. ...योक्तव्या पालनयोज्यं देश-
२८. ...कि-न स्तम्भलिखित

— — —     — — —     — — —

— — —     — — —     — — —

[ यो अभिलेख भगवान्लालद्वारा ११ संख्याको रूपमा र नोलीद्वारा ५९ संख्याको रूपमा छापिएको छ ।]

## थानकोट आदिनारायणस्थानको वसन्तदेवको

१. ॐ स्वस्ति मानगृहा(त्परमदैवतबप्प)भट्टा-
२. रकमहाराजश्रीपादा(नुध्यातः श्रुतनय)दया-

३. दानदाक्षिण्यपुण्यप्र (तापविकसितसित) कीर्ति–
४. भट्टारकमहाराजश्री (वसन्तदेवः कु) शली
५. जयपल्लिकाग्रामे (निवासोपग) तान् ब्राह्मणपुरस्स-
६. रान्ब्रंङ ब्रंशुलमुं तेपुल......प्रधानान्ग्रामकुटुम्बिनः
७. साष्टादशप्रकृतीन्कुश (लं पृ) ष्ट्वा समाज्ञापयति
८. विदितं वोस्तु यथा (स्माभि) रायुष्मत्यै प्रियभगिन्यै
९. (ज) यसुन्दर्य्यै स्वसन्तानानुक्रमेण सुस्थितकोट्ट-
१०. (म) र्य्यादः अचाटभटप्रवेश्योयं ग्राम्रोतिसृष्टोस्य
११. -स्य सीमा शीताटीगुल्मकस्य पश्चाद् या नदी ततः पर्व्व–
१२. (त)–श्चिमेन यावत्पर्व्वतचूडिका दक्षिणतोपि तत एव नद्या
१३. –स्य पश्चिमेन...पजु यावद्धस्तिमार्गं सम्प्राप्तेति
१४. ततोपि च हस्तिमार्ग्ग...(प) श्चिमतो यावत्पर्व्वतचूडिका
१५. पश्चिमतः पर्व्वताग्रस्य... ति प्रागापःस्यन्दन्ते पश्चिमोत्तरे-
१६. णापि शिवकदेवकुलस्य दक्षिणतः पानीयमार्ग्गावधिः उत्तरेणा-
१७. पि थेञ्चो[१] ग्रामस्य दक्षिणतः यावन्महापथः प्रागुत्तरेणापि नव–
१८. ग्रामस्य दक्षिणतो मार्ग्ग एवावधिर्य्यावत्पूर्व्वेण नदीम्प्रविष्टाः इति
१९. तदेतस्मिन्ग्रामे ये प्रविष्टाः प्रविविक्षवश्च ब्राह्मणप्रधानाः सा-
२०. ष्टादशप्रकृतयस्तेषामत्र प्रतिवसतान्न केनचिदस्मत्पादोप-
२१. जीविना स्वल्पाप्याबाधा कर्तव्या यश्च मामाज्ञामुल्लंध्यान्यथा कुर्य्यात्कार-
२२. येद्वा तस्याहं दृढन्न मर्षयिष्यामि तदेवम्विदित्वात्रभवद्भिर्न्निर्वृ तविश्च–
२३. स्तैरकुतोभयैः स्वकर्म्मावस्थायिभिः परस्परेणाश्वासयद्भिश्च समुचि-
२४. तभागभोगकरपिण्डकदानादिभिरुपकुर्व्वद्भिरनया प्रतिपाल्यमानै-
२५. राज्ञाश्रवणबिधेयैः सुखं प्रतिवस्तव्यमिति समाज्ञापना येप्यागामि-
२६. नो राजानोस्मद्वंश्या भविष्यन्ति तेप्येनामस्मद्दत्ताम्भूमिमनुमोदितुम-
२७. (र्ह) न्ति यत्कारणं बहुभिर्व्वसुधा भुक्ता राजभिः सगरादिभिर्यस्य यस्य
२८. यदा भूमिस्तस्य तस्य तदा फलम् स्वदत्तां परदत्तां वा यो हरेत वसुन्ध-

---

१. नोलीको पाठ=थेञ्चे

२९. राम् स विष्टायां कृमिर्भूत्वा नरकेषु प्रपद्यत[१] इति दूतको याज्ञिक-
३०. विरोचनगुप्तः संवत् ४२८ मार्ग्गशीर्षशुक्लदिव १.

[ यो अभिलेख नोलीद्वारा १२ संख्याको रूपमा छापिएको छ । यो पाठ शुद्धचाउँदा वीरपुस्तकालयमा रहेको प्रतिबाट काम लिइएको छ । ]

## हाँडिगाउँ सत्यनारायणस्थानको अनुपरमको

१. ... ... ... ... ... ष यतात्मने
२. ... ... ... ... धियैष ते नमः
३. ... ... ... ... प्रतिदेहनिर्वृ (तः)
४. ... ... ... ... विकीर्ण्णभानुना
५. ... ... ... ... त सर्व्वमात्मनि
६. ... ... ... ... (श)शिनीव कान्तता
७. ... ... ... ... येन तेजसा
८. ... ... ... ... (स)वितेव भासते
९. ... ... ... ... पथेन सौगताः
१०. ... ... ... ... (गि)राम्पतिर्भवेः
११. ... ... ... ... त्रयी त्वया
१२. ... ... ... ... (धा)र्य्यते
१३. ... ... ... ... न वारणेन
१४. ... ... ... ... त्वयावरुग्नम्
१५. ... ... ... ... (मिद)मप्रबुद्ध्य
१६. ... ... ... तास्व्रजेयुः
१७. ... ... (भवा)र्ण्णवं ज–रवि–दा–भञ्जत्
१८. ... ... तयेव संस्थमुद्वीक्ष्य...मित्थम
१९. ... ... करणादृतेन नित्यम्पृथुमति...
२०. ... ... किमिदमस्ति वाच्यशेष...प्रकथित...(ध)र्म्मविद्या

१. नोलीको पाठ=पितृभिः सह पच्यत

२१. (नरैः)परान्नास्तिकताम्प्रपन्नैस्त्रयीविरोधेन निवार्य्यमाणः
२२. (धर्मो) व्य(व)स्थास्यत नाद्य लोके धर्त्ता त्वमस्या यदि (ना)भविष्यः
२३. ......वेदम्प्रविकीर्ण्णवाक्त्वादनादिनिष्ठ (वचसा त्व)या च
२४. ...कथं वेद इहाभविष्यत्त्वं भारतादिं यदि ना(तनि)ष्यः
२५. (प्र)माणशुद्धया विदितार्त्थतत्त्वः प्रकम्प्यमाणम्...ष्ठै
२६. ......(ध)र्म्ममित्थं जगतो हितैषी न प्रातनिष्यद् यदि...यः
२७. (स्वमौ)र्ख्यमात्राश्रयणादभीक्ष्णं कुतार्क्किकैस्त(द्विनिवार्य्यमा)णम्
२८. ......व्यचैषीन्न पृथक्प्रमाणं कथन्तदस्थातुमिद......पः
२९. ......पि च प्राणवियोगहेतुर्न्न प्रत्यवायो (यदि नान्य)थैषा
३०. ......त्वमेव प्रतिवेत्सि सम्यङ् न वेदितान्यो भुवि कश्चि(दस्ति)
३१. ...स्तुतिः स्यादनुवादतो वा स्तुत्येषु वाचां द्वितय(म्प्रवृत्तम्)
३२. (स्तु)तिर्गुणानां विधिना न सत्वान्न चानुवादस्त्वयि...
३३. ...न धर्म्मं सकलं न्यहिंसीत् त्वन्नैव रागादिरयं न्य(भान्सीः)
३४. (स्वर्गवि)र्गों वैषयिकीञ्च तृष्णां विधूय शुद्धस्त्वमि(ति प्रसिद्धः)
३५. ......कामाद्यविविक्तरूपं यदि व्यवारिष्यत (सर्व्ववा)द(:)
३६. ......(दूरात्) स्मृतीनामगतेः श्रुतीनां तदद्य लोके नियतं व्य(नश्यत्)
३७. (वि)पाटच मोहानमृतं व्यसृक्षत् स्वयञ्च धर्म्मादि जगत्यतिष्ठथाः
३८. (त्र)यी त्वयागाज्जगति प्रतिष्ठान्त्वमेव धर्म्मं विविधानतिष्ठिपः
३९. ...त्तदुष्प्रतिपादमेतत्स्वर्गादिशब्दोपनिबन्धमा(त्रम्)
४०. ...दस्तीति जनोग्रहीष्यद् भवानिहैवं यदि न व्यनेक्ष्य(त्)
४१. (निराकृ)ता कुमतिभिरंहसावृतैः कुतार्क्किकैः कथमपि सौगता(दिभिः)
४२. (त्रयी) त्वयि प्रथितगिरि प्रभावियम्पयोनिधौ सरिदिव विन्दति स्थितिम्
४३. ...द् विनियतपदार्त्थाद्यनुगमात्तव श्रुत्वा काव्यं सपदि मनसा गम्यपद-
४४. ...(र्त्थत्वादवन)परमार्त्थानुसरणे दधात्युच्चैर्म्मोहं सपदि गतवि-
द्येष्वनि(यतं)
४५. ...शास्त्रे मनुयमबृहस्पत्युशनसां विधानं कृत्यानामसुगमपदं लोक(निभृतं)
४६. ...नैवं प्रतिविषयमाधूय निपुणम्फ नैव.शेषन्त्वमितरः...

४७. ......न्नृपचरितानुवादिभावात्पादादेः प्रतिनियतं स्वतश्च काव्यम्
४८. .........रनुकथनादपीह शास्त्रं त्वं शक्तेरिदमपि भारताद्यकार्षी (:)
४९. ...........भवजलधौ विवर्त्तमानान् रागादिप्रपतधियः प्रगाढमोहान्
५०. ...स्यास्त्वमिति विधाय मुक्तिमार्ग्गं साचीनाम्भुवि पुरुषाङ् करोषि मन्त्रे
५१. सु(खिना)विविक्तवचसा त्वया सता कृपया परार्थविनिवेशिबुद्धिना
५२. ज(ग)तो हिताय सुकृते ह भारते भुवि वाङ्मयं सकलमेव दर्शितम्
५३. विदितविविधधर्म्मो वेदिता वाङ्मयानान्निरवधिकमनमिथ्या शान्तरागादिदोषम्
५४. ...नव परार्थस्तद्भवान्मोहजालन्तिमिरमिव विवस्वानंशुभिः प्रक्षिणोति
५५. प्रतिविषयनियोगात्पालकत्वाच्च तासान्निपुणतदवबोधात्तद्विवेकाददोषात्
५६. जगति तदुपदेशात्त्वम्मिथस्तद्विभागादुपहित इव मूर्त्तिस्त्यात्मना मन्त्रवाचाम्
५७. सौक्ष्म्याद्दुर्ब्बोधमीशं स्थितमपि सकळं लोकमावृत्य तन्वा वाग्बुद्धचोरप्यतीता
५८. (कृति)मपि मुनिभिः स्वागमाद्ध्याततत्त्वम् विद्यारूपं विशुद्धं पदमनतिशय
५९. क्षीणसंसारबन्धम् स्यादात्मानन्न जातु त्वमिव कथयिता कश्चिदन्यो द्वितीयः
६०. प्रत्याधारस्थितत्वात्पृथगपि न पृथक् तत्स्वरूपाविशेषात् नित्यं धर्म्मैरयोगा-
६१. त् पुनरपि न तथा सर्व्वकालाप्रतीतेः नाशोत्पादाद्ययोगात्स्थितमपि
६२. जगतः सर्व्वगं व्यापिभावात् चैतन्यं रूपपक्षस्थितमपि कथये-
६३. त्को नु लोके त्वदन्यः निरंहसन्दुरितभिदं विवेकिनन्तमोमुषं शमि-
६४. तभवं विपश्चितं गिराम्पतिं सुधियमसङ्गिचेतसं मयोदि-
६५. तं वचनमपैतु ते सदा शमितभवभयेन क्षायिणाज्ञानराशेः
६६. स्वयमुपहितधाम्ना वेद्यपारङ्गतेन जगदपरजसेदन्तत्त्व-
६७. या सर्व्वमाराद्धियदिव तिमिराणां क्षायकेना(णा)वभाति
६८. गुणपुरुषविवेकज्ञानसंभिन्नजन्मा व्यतियुतविषयाणां त्व-

६९. ङ्गिरां संविवेकी जगति घनविरूढव्यापिसम्मोह्भेदी च्युतजग-
७०. दनिरोधः खे शशीव चकाःसि तदहमिति नुनूर्षुङ्भिन्नसंसार-
७१. बन्धं वितमसमरजस्कं त्वाङ्गरीयांसमाद्यम् कथमपि पर-
७२. लघ्वीं स्वान्निबध्नामि वाचं तदिह पितरि मे त्वं संपदस्संविधत्स्व
७३. भगवतो द्वैपायनस्य स्तोत्रङ् कृतमनुपरमेण

[यो अभिलेख लेभीद्वारा ४ संख्याको रूपमा छापिएको छ। संस्कृतसन्देश २ वर्ष १--२-३ अङ्कमा हामीले (धनवज्र ज्ञानमणिले) पनि यसलाई छपाएका छौं। नोलीद्वारा पनि ११ संख्याको रूपमा यो छापिएको छ। संस्कृतसन्देशमा पाठभेदको विवरण दिइसकेको हुनाले यहाँ पाठभेद दिइएको छैन।]

# जयसिंहरामको संज्ञनामा राखिएको पनौती इन्द्रेश्वर–मन्दिरको ताम्रपत्र

हालै वि. सं. २०२४ आश्विन ७ गते शनिवार हामीहरू (रामजी तेवारी, धनवज्र वज्राचार्य र दिनेशराज पन्त) ऐतिहासिक सामानको खोजीको लागि पनौतीभेकमा गएका थियौं। इन्द्रेश्वर महादेव पनौतीको प्रसिद्ध देवमन्दिर हुँदा त्यहाँ केही ऐतिहासिक सामान पाइन्छ कि भनी खोजतलास गरी हेर्‍यौं। तर बाहिर देखिने ठाउँमा उल्लेखनीय कुनै सामान नभेट्टिएकोले त्यहाँका पुजारीसंग सम्पर्क राख्यौं। हाम्रो उद्देश्य संझाएपछि त्यहाँका पुजारी रामजीप्रसाद जंगमले उहाँको घरमा रहेका ताम्रपत्रहरू ल्याई हामीहरूलाई देखाउनुभयो। तिनमध्ये एउटा ताम्रपत्र जयसिंहरामको संज्ञनामा राखिएको यो हो। हामीले सफा पारी यसको प्रतिलिपि उतार्‍यौं र पाठ पढी ल्यायौं। अप्रकाशित यस ताम्रपत्रबाट जयसिंहरामबारेमा निकै कुरा बुझिने हुनाले यसलाई यहाँ प्रकाशित गरेका छौं।

## मूल पाठ

१. ॐ नमः श्रीगोपिनारायणाय ।। स्वस्ति ।। एषा पूर्ण्णवती रम्या ख्याता नेपालमण्डले । यत्रास्ते भगवा–
२. न्देवः श्रीमानिन्द्रेश्वरः शिवः ।। अत्रासीज्जयसिंहरामनृपतिः प्रख्यातभूमण्डले श्रीमान् श्रीभगवान्
३. शिवः पशुपतिर्येन प्रतिष्ठापितः । येनैवापि जयार्ज्जुनो नरपतिः पुण्याभिषेकः कृतो येनासौ स्थिति–
४. राजमल्लनृपतिः पट्टाभिषेकीकृतः ।। कृत्वा येन तुलार्च्चनम्मधुरिपुं संस्थाप्य चेन्द्रेश्वरे दत्तन्तत्र स्वदे–

५. हतुल्यकनकं ग्रासे रवे राहुना । भूयश्चापि हिरण्यनिर्मितरथं साश्वन्तथा हास्तिनं रम्यं कल्पत–
६. रुं च विप्रविदुषे दानम्प्रदत्तम्महत् । साष्टादशम्भारतपर्व्वपुण्यं शास्त्रं समालेखयति स्म
७. धीरः । आरण्यपर्व्वाख्यमिदं हि श्रुत्वा जगाम स्वर्गं जयसिंहरामः ।। नेपाले शशिनेत्र–
८. पञ्चकगते मासे सिते कार्त्तिके चाश्विन्यां सचतुर्दशीतिथिविधौ सूर्ये व्यतीपातके ।
९. राज्याङ्गानि निधाय बान्धवजने लोकानुकंपाकरो दुर्दैवाज्जयसिंहरामनृपतिः श्रीवि–
१०. ष्णुलोकं ययौ । हाहाहा जयसिंहरामनृपते(:) प्रत्यक्षकल्पद्रुमो विप्राणामपि चार्थिनाञ्च
११. विदुषां षड्दर्शनानां तथा । सर्व्वाशापरिपूरणाय सुफलः सत्कीर्त्तिपुष्पान्वितः कष्टं दैव—
१२. वशात्स एव विटपी लूनो यमेनाधुना । तद्रूपप्रतिमां हैमां गोपिनारायणन्ततः । कृत्वा
१३. चतुर्म्मुखन्देवम् शिवस्य प्रतिमां पुनः । अस्मिन् पुरवरे रम्ये स्थापितम्परमेश्वरम् । यावच्चं–
१४. द्रार्कपर्यन्तं सुस्थिरत्वेन तिष्ठतु ।। सम्वत् ५२१ कार्तिकशुक्लचतुर्द्दश्यान्तिथौ ।। अश्विनीनक्ष–
१५. त्रे ।। व्यतीपातयोगे ।। आदित्यवासरे ।। थ्व दिन कुन्हुं महामंत्रीश्वर जयसिंहराम वड महाथ
१६. भारोस श्रीविष्णुलोक संप्राप्त जुया दिन जुरोम् । थ्व उदेशनान श्रीगोपिनारायण परमभट्टारक–
१७ स श्रीपरमेश्वरीस सहित याङन सुवर्ण प्रतिमा द्वयकं जयसिंहराम वड महाथ भारोस प्रतिरू–
१८. प लीन याङन प्रतिष्ठा याङन थ्व पूलस समान याङा दिन कुन्हुं थापरपा जुरोम् । चतुर्मु–
ख सुवर्णकोश
१९. श्रीश्रीइन्द्रेश्वर सदाशिव भट्टारकस डोहोरपा जुरोम् ।। दंश दंश थ्वस संवच्छली दिन
कुन्हुं श्रीश्रीपशुपति
२०. सकेनो श्रीचंगुसनो श्रीविष्णुतीर्थसनो पंचामृतस्नान याय, लिछिया ब्राह्मणसनो लिच्छीयां
भिक्षुजुसनो वंगजिभोगये
२१. याङन लुं डोहरपा ट्वं जुरोम् ।। शुभः।।

## अनुवाद

"श्रीगोपीनारायणलाई नमस्कार । कल्याण होस् । यो राम्रो पूर्णवती (पनौती शहर) नेपालमण्डलमा प्रख्यात छ । जहाँ भगवान् श्रीइन्द्रेश्वर महादेव रहनुभएको छ ।

यस शहरमा प्रसिद्ध जयसिंहराम राजा (शासक) हुनुहुन्थ्यो । उहाँले भगवान् श्रीपशुपति स्थापना गर्नुभयो । राजा जयार्जुनको पुष्पाभिषेक उहाँले नै गर्नुभएको थियो । राजा स्थिति-राजमल्लको पट्टाभिषेक उहाँले नै गर्नुभएको थियो ।

उहाँले यहाँ इन्द्रेश्वरमा गोपीनारायणको स्थापना गरी सूर्यग्रहणमा सुवर्णतुलादान गर्नुभयो । फेरि घोडासहित सुनको रथ, हात्ती र राम्रो कल्पवृक्षसमेत गरी ठूलो दान विद्वान् ब्राह्मणलाई दिनुभयो । धैर्यशाली उहाँले महाभारतका अठारै पर्व लेखाउनुभयो । (आखिरमा) वनपर्व सुनी उहाँ जयसिंहराम स्वर्ग जानुभयो ।

ने. सं. ५२१ (वि. सं. १४५७) कार्तिक शुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र व्यतिपातयोग यस दिन राजपाठ दाजुभाइहरूमा बिसाई लोकउपर दया गर्ने उहाँ जयसिंहराम राजा दैवयोगले स्वर्ग जानुभयो । बाहुन, विद्वान्, जोगी, गरीबगुरुवा सबैको आशा पुऱ्याउनाका लागि फलले लटरम्म भएको, असल यशरूपी फूलले धपक्क ढाकेको, प्रत्यक्ष कल्पवृक्ष जस्तो भएको, जयसिंहरामका त्यही रूख (शरीर) अपशोच ! अहिले यमराजद्वारा ढालियो ।

अनि उहाँको सुनको सालिक, गोपीनारायणको मूर्ति, इन्द्रेश्वर महादेवको चतुर्मुख प्रतिमा बनाई यहाँ राम्रो शहरमा स्थापना गरियो । चन्द्र सूर्य रहुन्जेल यी स्थिर भई रहून् ।

ने. सं. ५२१ (वि. सं १४५७) कार्तिक शुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र व्यतिपातयोग, यस दिन मुख्य महामन्त्री जयसिंहराम वड महाथ स्वर्ग हुनुभयो । उहाँलाई लक्ष्य गरी देवीसहित श्रीगोपीनारायण देवको सुनको मूर्ति बनाई त्यसमा जयसिंहराम वड महाथको रूप लीन गराई यहाँ शहरमा स्थापना गरियो । श्रीश्रीइन्द्रेश्वर महादेवलाई चतुर्मुख र सुनको कोश चढाइयो।

प्रतिवर्ष यस दिन श्रीश्रीपशुपति, श्रीचाँगुनारायण र श्रीविष्णुतीर्थमा पञ्चामृत स्नान गराउनू। ब्राह्मण, भिक्षुहरूलाई भोजन गराउन सुन पनि चढाइयो ।"

विक्रमको चौधौं र पन्ध्रौं शताब्दीको नेपालउपत्यकाको इतिहासमा रामवर्द्धन–परिवारको उल्लेखनीय स्थान रहेको थियो भन्ने कुरा प्रकाशमा आइसकेको छ । यी रामवर्द्धन–परिवारमा अनेकराम र जयसिंहराम बढ्ता प्रभावशाली बनेका थिए। एउटा राजवंशको हातबाट अर्को वंशको हातमा राज्याधिकार सर्न लागेको संक्रमणकालमा राजकाजमा महामन्त्री जयसिंहरामको ठूलो हात रह्यो। राजल्लदेवीका पतिको नाताले स्थितिमल्लले अधिकार बढाउँदै आएका थिए । तर जयसिंहरामले जयार्जुनको पक्ष लिउन्जेल स्थितिमल्लले धेरै कष्टको सामना गर्नु पऱ्यो । पछि जयसिंहरामले स्थितिमल्लको पक्ष लिएपछि मात्र स्थितिमल्लको हातमा राज्याधिकार दीगो रह्यो। स्थितिमल्लले पनि यिनलाई सामन्त शासक बनाएका थिए *।

यस कारण यस ताम्रपत्रमा परेको' जयार्जुनलाई राजगद्दीमा जयसिंहरामले नै राखेका हुन्, स्थितिमल्ललाई पनि उनले नै राजपगरी लाइदिएका हुन्' भन्ने वर्णन सार्थक छ ।

वि. सं. १४०६ मा शमसुद्दीनको आक्रमणमा ध्वस्त भएको पशुपतिनाथको पुनरुद्धार तत्काल हुन सकेको थिएन । ११ वर्षपछि मात्र वि.सं. १४१७ मा जयसिंहरामले जीर्णोद्धार गरेका थिए । राजकाजमा केही अंशमा अस्थिरता रहेको हुँदा राजाको तर्फबाट पशुपतिनाथको स्थापनाको काम हुन सकेको थिएन । जयसिंहरामले यो काम पूरा गरेका हुनाले उनको लागि यो ठूलो गौरवको कुरा थियो । यसो हुनाले यस ताम्रपत्रको उठानमा पशुपति स्थापना गरेको कुराको चर्चा गरिएको छ।

---

* रामवर्द्धनपरिवारबारेको विशेष चर्चा 'पूर्णिमा' ७ पूर्णाङ्कका १२–३६ पृष्ठमा प्रकाशित 'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल' भन्ने निबन्धमा गरिएको छ ।

सुवर्णतुलादान र अरू दान गरेको, गोपीनारायण स्थापना गरेको वर्णन यहाँ परेको छ। यसबाट जयसिंहराम धार्मिक प्रकृतिका थिए भन्ने कुराको साथसाथै उनी धनी थिए भन्ने पनि बुझिन्छ।

जयसिंहरामले लेखाउन लाएको महाभारतका अठाह्र पर्वमध्ये शल्यपर्व र गदापर्व वीर-पुस्तकालयमा पाइएका छन्। अतिसुन्दर अक्षरमा ताडत्रमा ती लेखिएका छन्। अरू पर्वको पनि खोजी हुनु आवश्यक छ।

वि. सं. १४५७ कार्तिकमा जयसिंहरामको मृत्यु भएको रहेछ। उनको मृत्युतिथि अन्त पाइएको थिएन। अब जयसिंहरामको मृत्युपछि के कस्तो परिवर्तन भएछ भन्ने विचार गर्न सजिलो भएको छ।

यस ताम्रपत्रमा ब्राह्मणहरू र भिक्षुहरूलाई भोजन गराउने उल्लेख परेको हुनाले राम-वर्द्धन परिवार शैव वैष्णव बौद्ध आदि धर्मप्रति उत्तिकै आस्था राख्तथे भन्ने कुराको पुष्टि भएको छ।

+§+

# ठ्यासफुको ऐतिहासिक व्याख्या

—गौतमबज्र बज्राचार्य

## वावत भा

वावत भा कान्तिपुरका एकजना प्रसिद्ध भारदार थिए। वि. सं. १७४० मा चौतारा चिकुटि सपरिवार पाटनमा भागेपछि कान्तिपुरमा बनेको लक्ष्मीनारायणको मन्त्रिमण्डलमा यिनी पनि मन्त्री बनाइएका थिए। वि. सं. १७४३मा गोरखा जान कान्तिपुरबाट सैन्य खटिएका थिए। त्यस वेला सेनापति भएर जानेहरूमा यिनी पनि थिए। वि. सं १७४४ श्रावणमा गोली लागी यिनको मृत्यु भयो। ◎

ठ्यासफुमा वावत भा वि. सं. १७३४ मा गोरखामा निकै दिन बसेर कान्तिपुरमा फर्केर आएको कुरा टिपिएको छ। जस्तै—

◎ ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) ३५प.
पू० फ० ५.

" ने. सं ७९७ (वि. सं. १७३४) ज्येष्ठ शुक्ल सप्तमी आदित्यवारको दिन ❀ गोरखामा आएर बसेका बावत भा···कान्तिपुर भित्रिए ।"

(यसको मूलभाग पूर्णिमा १२पूर्णाङ्क२७पृष्ठ१०—११पंक्तिमा छ ।)

बावत भा गोरखाबाट फर्केताका गोरखाको राजगद्दीमा पृथ्वीपति शाह, कान्तिपुरको राजगद्दीमा नृपेन्द्रमल्ल थिए । यसको एक वर्ष जति पछि वि. सं १७३५ आश्विनमा पृथ्वीपतिशाह काठमाडौंमा आई नृपेन्द्रमल्लसँग मोहनचोकमा भेटी पाटन र भादगाउँका भारदारहरूको समक्ष मीत लाएका थिए § । यसरी यस ताका गोरखा र कान्तिपुरको मित्रता थियो । यस बेला बावत भा के उद्देश्य लिएर गोरखा गएका थिए बुझ्न सकिएको छैन ।

## चिकुटिलाई शुभसेनको उपहार

प्रतापमल्लको मृत्युपछि ललितपुरका राजा श्रीनिवासले १२ वर्षका नृपेन्द्रमल्ललाई गद्दीमा राखी चिकुटिलाई चौतारा बनाउन मद्दत गरेका थिए भन्ने कुराको चर्चा हामीले माथि गरिसकेका छौं ( पूर्णिमा १३ पूर्णाङ्क २० पृ. ) । श्रीनिवासमल्ल अनुकूल भएका हुनाले र राजा बालकै हुनाले चिकुटिको प्रभुता जम्यो । मछिन्द्र वहाल नाउदेवलको वि. सं. १७३१ को अभिलेखमा उनले आफूलाई सर्वशक्तिमान् शासकको रूपमा प्रस्तुत गरेका छन् । त्यसमा गद्दीनशीन राजाको नामोल्लेख पनि गरिएको छैन+ । त्यस ताका कान्तिपुरमा उनको प्रभाव कस्तो थियो भन्ने कुरा ठ्यासफुको यस वर्णनले पनि देखाउँछ–

'ने. सं. ७९८ ( वि. सं. १७३४ ) कार्तिक कृष्ण पञ्चमी पुनर्वसु नक्षत्र आदित्यवारको दिन * हिन्दुपति (हरिहरसेन)का छोरा शुभसेनले कान्तिपुरका भारादार चौतारा चिकुटिलाई ढोई (पोथी हात्ती) कोसेली दिइपठाउनुभयो र चौतारा चिकुटिको घरमा सो पोथी हात्ती

---

❀ यस दिनको गणना यस प्रकारको छ—

ने सं ७९७(वि. सं· १७३४)ज्येष्ठ शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| ज्येष्ठ २९ | आदित्य | षष्ठी | ५१।२३ |

षष्ठी उप्रान्त सप्तमी लागेपछि राती बावत भा घर पसेका देखिन्छन् ।

§पूर्णिमा ३ पूर्णाङ्क ७३ पृष्ठ ।

+ पूर्णिमा १ अङ्कमा प्रकाशित 'चौतारा देवीदास अथवा चिकुटि' भन्ने निबन्ध हेर्नुहोस् ।

* यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ७९८ (वि. सं. १७३४) कार्तिक कृष्ण (अमान्तमानले)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| मार्ग ४ | आदित्य | पञ्चमी | ४०।४९ | पुनर्वसु | ३७।३८ |

भित्र्याइयो। यसको तीन दिनपछि रातको तीन पहर जाँदा ढोइले बच्चा जन्मायो। त्यस बच्चालाई श्रीजय नृपेन्द्रमल्लले हेर्छु भनी (राजदरबार) ल्याउन लगाउनुभयो। यसको पाँच दिनपछि राजदरबारमै सो बच्चा हात्ती मर्‍यो। बच्चा हात्ती मरेको हुनाले चौतारा चिकुटिले पोथी हात्ती राजालाई नै चढाए।

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क २७ पृष्ठ २८ पंक्ति–२८ पृष्ठ ३ पंक्तिमा छ।)

त्यस वेलाका राजाहरू आफूलाई गुहार दिने छिमेकी राजाहरूलाई केही कोसेली दिने गर्थे। सेनराजाहरूसंग हात्ती हुने जंगल हुँदा उनीहरू गुहार दिने छिमेकी राजाहरूलाई कोसेलीको रूपमा हात्ती दिन्थे। यसको चर्चा ठ्यासफुहरूमा ठाउँ ठाउँमा पाइन्छन्। आफूलाई गुहार दिएको हुनाले शुभसेनले श्रीनिवासलाई चार हात्ती कोसेली दिएको कुरा माथि गइसकेको छ(पूर्णिमा १३ पूर्णाङ्क१६ पृष्ठ)। उपत्यकाका मल्ल राजाहरू यसरी हात्ती उपहार पाएर आफूलाई गौरवान्वित सम्झन्थे। यस प्रसङ्गमा पाटन यम्पिविहारको वि. सं. १७४७ को अभिलेखमा दिइएको योगनरेन्द्रमल्लको विशेषण चाख लाग्दो छ—

'...महाराजाधिराज श्रीश्रीजययोगनरेन्द्रमल्लदेव प्रभु ठाकुरसन विजयराज्य याङ विज्याक राजा राजापनिस्के किसि सलं आदिपं सदेश कास्य विज्याङाव राजा राजाया चूडामणि जुयाव बिज्याक ...अवसरस" (अभिलेख—संग्रह छैटौं भाग २० पृ.)

[ महाराजाधिराज श्रीश्रीजययोगनरेन्द्रमल्लदेव प्रभु ठाकुरको विजयराज्यमा अरु राजाहरूबाट हात्ती घोडा आदि उपहार लिई राजाहरूमध्ये चूडामणि भइरहेको अवसरमा। ]

राजासरह चौतारा चिकुटिले सेनराजाबाट हात्ती कोसेली पाएको हुनाले उनी शक्तिशाली थिए भन्ने कुरा बुझिन्छ।

परन्तु चिकुटिले के काम गरिदिएकाले उनलाई शुभसेनले हात्ती दिएका हुन् यो कुरा थाहा पाइएको छैन। राजा नृपेन्द्र बालकै हुनाले उनबाट आफ्नो काम नपट्ने र चौतारा चिकुटि त्यस वेला कान्तिपुरका शक्तिमान् शासक हुनाले उनलाई हात लिन शुभसेनले पोथी हात्ती उपहार दिएको देखिन्छ।

बालकहरूलाई पशुपंक्षीहरूको बिषयमा स्वभावतः कुतूहल हुन्छ। यस कारण 'शुभसेनले चिकुटिलाई ढोइ पठाइदिएको छ, ढोइले बच्चा पनि पायो' भन्ने कुरा सुनेर नृपेन्द्रलाई सो हेर्ने रहर लाग्यो र उनले हात्तीको बच्चा आफ्नै दरबारमा झिकाए। कान्तिपुरको राज्यक्षेत्रमा हात्ती हुने जंगल नपर्ने हुनाले कान्तिपुरमा हात्तीको बच्चा देख्न पाउनु अपूर्वको कुरा थियो। परन्तु अनुकूल हावापानी नभएर होला सो हात्तीको बच्चा केही दिनपछि नै मृत्युको मुखमा पर्‍यो। यस घटनाले कलिलो उमेरका राजा नृपेन्द्रमल्लको निकै चित्त दुखेको देखिन्छ।

## योगनरेन्द्रमल्लको विवाह

"ने. सं. ७९८ (वि. सं. १७३४) मार्गशिर नवमी उप्रान्त दशमी उत्तरभाद्र नक्षत्र सिद्धि-

याग उप्रान्त व्यतिपात योग शुक्रवारको दिन § पाटनका राजा श्रीश्रीनिवासमल्लका छोरा श्रीश्रीयोगनरेन्द्रमल्ललाई व्यतिपात योगमा कन्यादान दिइयो । सिन्दूर हाल्ने काम भयो । कान्तिपुर र भक्तपुरका राजाहरू पाल्नुभएको थियो ।"

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क २८ पृष्ठको ९–११ पंक्तिमा छ ।)

योगनरेन्द्रमल्लको जन्म वि. सं. १७२४ श्रावणमा भएको हो (पूर्णिमा ६ पूर्णाङ्क ३८ पृ.)। यस कारण वि. सं. १७३४ मा उनको विवाह हुँदा उनी १० वर्ष पूरा भई ११ वर्ष लागेका थिए । यस वेला उपत्यकाका राजाहरूको परस्परमा मेलै थियो । योगनरेन्द्रको यस विवाहोत्सवमा श्रीनिवासको निम्तो मात्र कान्तिपुर र भक्तपुरका राजाहरू पनि उपस्थित भएका थिए । यस वेला भक्तपुरमा जितामित्रमल्ल कान्तिपुरमा नृपेन्द्रमल्ल राजा थिए ( पूर्णिमा १ पूर्णाङ्क २०–२५ पृ., इतिहास–संशोधनको प्रमाणप्रमेय २३८, ३९ पृ. ) ।

योगेनरेन्द्रको उमेर हेर्दा यो उनको पहिलो पहिलो विवाह हो कि भन्ने अनुमान हुन्छ । पछि उनका धेरैं रानीहरू भएका थिए । ३८ वर्षको उमेरमा उनको मृत्यु हुँदा सती जानेहरूको संख्या ३३ जना पुगेका थिए ।

एउटा ठ्यासफुमा उनका केही रानी र रखौटाहरूको नामोल्लेख गरिएको छ । सो यस प्रकारको छ–

' सं. ८२६ कार्तिक शुक्ल एकादशी ।। ३० वुधवाल थ्व कुन्हु रात्रीस श्रीश्रीवीरजयजोग-रेन्द्रमल्ल देव प्रभु थाकुल अभाक जुऊ, सतिवं रानि श्रीसावित्रीदेवी रानि श्रीजगदेश्वरि देवि मयजुपं नरेन्द्रलक्ष्मी माहालक्ष्मी सत्यभामालक्ष्मी प्रतापलक्ष्मी जयलक्ष्मी महालक्ष्मी धनलक्ष्मी थोते दुने चोङ पिने याह्मं २४ थ्वते'×

[ने. सं. ८२६ (वि. सं. १७६२ )कार्तिक शुक्ल एकादशी बुधवारको दिन ÷ राती श्रीश्री-वीरजययोगनरेन्द्रमल्ल देव प्रभु ठाकुरको मृत्यु भयो । सती जाने रानी श्रीसावित्रीदेवी रानी जगदेश्वरी देवी । रानीसाहेबहरू नरेन्द्रलक्ष्मी, माहालक्ष्मी, सत्यभामालक्ष्मी, प्रतापलक्ष्मी, जयलक्ष्मी, महालक्ष्मी, धनलक्ष्मी यिनीहरू दरबार भिञ्चाइएका, बाहिरकाहरू २४जना सती गए । ]

योगनरेन्द्रका टकहरूमा पनि उनका योगलक्ष्मी, नरेन्द्रलक्ष्मी, प्रतापलक्ष्मी, जयलक्ष्मी यी चार जनाको उल्लेख पाइन्छ(नेपाली राष्ट्रिय मुद्रा ९८–१००पृ.) । माथि उद्धृत ठ्यासफुमा

---

§ यस दिनको गणना यस प्रकारको छ छ—

ने. सं. ७९८ (वि. सं. १७३४) मार्ग शुक्क

| गते | वार | तिथि | घ. प | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| मार्ग २३ | शुक्रवार | नवमी | ७।३८ | उत्तरभाद्र | ३३।३५ | सिद्धि | ७।८ |

× डिल्लीरमण रेग्मीको मेडिइभल् नेपालको तेस्रो भागको ५३पृष्ठबाट ।

÷ यस दिनको गणना पूर्णिमा ६ पूर्णाङ्कको ३९पृ. मा हेर्नुहोस् ।

दिइएका रानी तथा रानीसाहेबहरूको नामोल्लेखमा योगलक्ष्मी देखिँदैन्नन्। परन्तु सोही ठ्यासफुसमा उद्धृत त्यस वाक्यसँगै माथि यस्तो उल्लेख छ–

"सं. ८२५ श्रावणशुक्ल प्रतिपदा अंगारबार थ्वकुन्हु जोगलक्ष्मियजु मृत्यु जुउ."

[ने. सं. ८२५ (वि. स. १७६२) श्रावण शुक्ल प्रतिपदा मंगलवारको दिन ● जोगलक्ष्मी रानीसाहेवको मृत्यु भयो ।]

यताबाट योगलक्ष्मीको मृत्यु अघिबाटै भइसकेको बुझिन्छ ।

यसरी १०वर्षदेखि ३८ वर्षसम्मको जम्मा २८ बर्षभित्रमा योगनरेन्द्रमल्ले ३४ जना रानी तथा रखौटीहरू संग्रह गरेका थिए। परन्तु उनीपछि पाटनको राजसिंहासनमा बस्ने उनका कुनै ठ्याहा छोरा भएनन्। यस घटनाले कालिदासको यस श्लोकको संझना हुन्छ–

स त्वनेकवनितासखोऽपि सन् पावनीमनवलोक्य संततिम् ।
वैद्ययत्नपरिभाविनं गदं न प्रदीप इव वायुमत्यगात् ।।

(रघुवंश १९ सर्ग ५३ श्लो,)

[धेरै रानीहरू भएर पनि राजा अग्निवर्णले पितृऋण तिरिदिने सन्तानको मुख देख्न पाएनन् । राजवैद्यले निकै कोशिश गर्दागर्दै पनि वत्तीले हावालाई झैं उनले रोगलाई जित्न सकेनन् । ]

## भूपालेन्द्रको जन्म

ठिमीनिवासी चन्द्रमान जोशीसंग रहेको ठ्यासफुबाट वि. सं. १७३७ भाद्रमा भूपालेन्द्र मल्लको अन्नप्राशन भएको थियो भन्ने बुझिन्छ । सो ठ्यासफुको वर्णनअनुसार वि. स. १७३८ श्रावणमा उनी १ वर्ष ८ महीनाका थिए। यसबाट भूपालेन्द्र मल्लको जन्म वि. सं. १७३६ मंसीरतिर भएको देखिन्छ भनी हामीले लेखेका थियौं§ । अहिले यस ठ्यासफुमा भूपालेन्द्रको कुण्डलीसहित टिप्पन दिइएको हुनाले सो कुरा प्रमाणित भएको छ । ठ्यासफुको त्यस भागको अनुवाद यस प्रकारको छ–

'ने. सं. ८०० (वि. सं. १७३६) मार्ग शुक्ल द्वादशी तिथिको ३३ घडी, भरणीनक्षत्रको २८ घडी, शिवयोगको १३ घडी, बृहस्पतिवारको दिन+, सूर्योदयदेखि ४ घडी ३८ पला गएपछि

---

● यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८२५ (वि. सं. १७६२) श्रावण शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| श्रावण १० | मंगल | प्रतिपदा | ५२।३१ |

§पूर्णिमा ३ अङ्क ३८ पृष्ठ

+यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८०० (वि. सं. १७३७) मार्गशुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| पौष ४ | बृहस्पति | द्वादशी | ३३।३२ | भरणी | २८।२५ | शिव | १३।२७ |

सूर्य मङ्गल बुध बसेको धनुलग्नको वर्गोत्तम नवांशकमा तृतीय द्रेष्काणमा श्रीश्रीपार्थिवेन्द्रमल्लदेवकी ब्याइते रानीबाट पहिला छोराको जन्म भयो ।"

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क २७ पृ. १८—२२ पङ्क्तिमा छ ।)

यहाँ पार्थिवेन्द्रकी रानीको नाम र छोराको नाम पनि दिइएको छैन । परन्तु वि. सं १७३८ को पार्थिवेन्द्रमल्लको स्तम्भाभिलेखबाट मिथिलादेशकी ऋद्धिलक्ष्मी उनकी रानी थिइन्, छोराको नामचाहिं भूपालेन्द्र राखिएको थियो भन्ने बुझिन्छ (इतिहास-संशोधनको प्रमाणप्रमेय १४३ पृ., २७५ पृ.)

वि. सं. १७३२ मा भएको पार्थिवेन्द्रको विवाहको वर्णन माथि गएको छ (पूर्णिमा १३ पूर्णाङ्क १९–२० पृ.)। त्यस बेला उनी १२, १३ वर्षका थिए । सो विवाह यिनै ऋद्धिलक्ष्मीसंग भएको देखिन्छ ।

## लोकप्रकाश र इन्द्रमल्लको राज्यारोहण

भक्तपुरको वाभू किल्ला कब्जा गर्न भनी योगनरेन्द्रमल्ल चांगुमा बसी दसैंमा पनि आफ्नो दरबार नफर्कीकन लडाइँको बन्दोवस्त गरिरहेका थिए । परन्तु शत्रुहरूले तमाखुमा विष हाली खुवाइएकाले वि. सं. १७६२ कार्तिकमा ३८ वर्षको उमेरमा योगनरेन्द्रमल्लको अकस्मात् मृत्यु भयो । योगनरेन्द्रका ठ्याहा छोरा नभएका हुनाले उनकी छोरी योगमतीका छोरा लोकप्रकाशलाई गद्दीमा राख्ने निर्णय भयो । त्यस बेला योगमती २० वर्षकी थिइन्, लोकप्रकाशचाहिं सात आठवर्षका मात्र थिए। ललितपुरको यो कमजोर अवस्था देखी यसलाई अँठ्याउने कान्तिपुरको इच्छा भयो । यसैंअनुसार कान्तिपुरकी राजमाता र राजा भास्कर मल्ल (९ वर्षका) अरू व्यक्ति साथ लिई ललितपुर पुगे । उनीहरूले लोकप्रकाशलाई नै कान्तिपुरमा लैजाने चेष्टा गर्न थाले । यस कारण खटपट भयो र ललितपुरेहरूले उठी कान्तिपुरेहरूलाई लखेटी लखेटी बेसरी चुटे । शयजनाभन्दा बढी कान्तिपुरेहरू यस कलहमा मारिए । ललितपुरेहरूले कान्तिपुरकी राजमातालाई नजरबन्द जस्तो गरी पाँच दिनसम्म थुनिराखेका थिए । यस गडबडीको वर्णन ठ्यासफुहरूमा पाइन्छ §। यस ठ्यासफुमा पनि यसको उल्लेख भएको छ । सो यस प्रकारको छ–

'......भनी कुटे,❁ बाहुन, खस, नेवार समेत गरी शयभन्दा बढी पनि काटिए । चाँगुका लक्ष्मण भाजु आफ्नो घरमा राखे भनी पाटनका उपाध्यायको सर्वस्व लुटिया । राजा, राजमातालाई भोलिपल्ट रातीमात्र छोडिदिए । देशभरिका प्रजाहरू जाँदा पनि ढोकाबाट भित्र पस्न दिएनन् । कान्तिपुर एक्लो भयो । खस मगरहरूले ... ... ... ... ... ... । कुम्हरका

§ पूर्णिमा ६ पूर्णाङ्कमा प्रकाशित 'योगनरेन्द्रमल्लका उत्तराधिकारी' भन्ने निबन्ध हेर्नुहोस् ।

❁ दुर्भाग्यवश यहाँ उठानको भाग खण्डित छ ।

नाती (योगनरेन्द्रमल्लका दौहित्र) राजा बनाइए । एक वर्षपछि बिफर आई उनको मृत्यु भयो । बुधमल्ल कुँवरका छोरा राजा बनाइए ।"

(यसको मूल भाग पूर्णिमा १२ पूर्णाङ्क २८ पृ. १३–१८ पंक्तिमा छ ।)

आफ्नी राजमातालाई लिन प्रसस्त कान्तिपुरेहरू ललितपुरको ढोका घच्घच्याउन जाँदा पनि ललितपुरेहरूले आफ्नो शहरको ढोका खोलेनन् । यसले गर्दा कान्तिपुरसंग ललितपुरको सम्बन्ध बिच्छेद भयो । कान्तिपुरेहरूले ललितपुर अँठ्याउन खोजेको कुरा भक्तपुरेहरूलाई पनि मन नपर्नु स्वाभाविक थियो । यस कारण यस अवसरमा भक्तपुरले ललितपुरसंग सम्बन्ध जोड्न हात बढाए । ललितपुरेहरूले पनि ओभूको युद्ध र आफ्ना राजालाई विष खुवाएर मारेको ताजा घटनालाई समेत बिर्सी कान्तिपुरलाई एक्लो पारी भक्तपुरसंग सम्बन्ध जोडे । लोकप्रकाशको राज्याभिषेकमा भक्तपुरका राजा भूपतीन्द्रमल्ल उपस्थित भई बन्दोबस्त गरिदिए । ललितपुरेहरूलाई उठाई कान्तिपुरेहरूलाई चुटाउनामा पनि भक्तपुरेहरूको ठूलो हात थियो ।

यहाँ कुह्मरका नाती भनी लोकप्रकाशलाई संकेत गरिएको हो । लोकप्रकाश मल्ल ११ महिना मात्र राजा भई वि. सं. १७६३ कार्तिक १५ गते बिफर आई स्वर्ग भए । यस कारण यहाँ मोटामोटी हिसाबले एक बर्ष पछि उनको मृत्यु भयो भनिएको छ ।

लोकप्रकाशको मृत्युपछि योगनरेन्द्रकी दिदी मणिमतीका छोरा इन्द्रमल्ल वि. स. १७६३ कार्तिक २२ गते राजगद्दीमा राखिए+ । बुधमल्ल कुह्मर मणिमतीका पतिको नाम हो । यस कारण यहाँ लोकप्रकाशपछि बुधमल्लका छोरा राजा बनाइए भनी बताइएको हो । परन्तु इन्द्रमल्लको राज्याभिषेक हुँदा उनका बा आमा दुबैको स्वर्गवास भइसकेको थियो । यस विषयमा एउटा ठ्यासफुमा यस्तो उल्लेख छ—

'सं. ८२१ कार्त्तिक कृष्ण ।। षस्थि प्र. सप्तमि ।। बृहसपतिवार ।। थ्व कुन्हु श्रीबोधमल्ल कुह्मलजु अभागं जुउ श्रीमनिमति रानि सतिवं। (मेडिईभल् नेपाल तेस्रो भाग ४९ पृष्ठबाट)

[ने. सं. ८२१ (वि. सं. १७५७) कार्तिक कृष्ण षष्ठी उप्रान्त सप्तमी बृहस्पतिवारको दिन ● श्री बोधमल्ल कुम्हरजुको मृत्यु भयो । श्रीमणिमती रानी सती गइन् ।]

यताबाट इन्द्रमल्लको राज्याभिषेक हुँदा उनका माता पिता दिवंगत भएको ८वर्ष भइसकेको थियो भन्ने बुझिन्छ ।

(क्रमशः)

[ यस निबन्धमा परेका तिथि मितिको गणना देवीप्रसाद भण्डारीले गरिदिनुभएको हो । ]

---

+पूर्णिमा ६ पूर्णाङ्क ३८ पृ.

● यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२१ (वि. सं. १७५७) कार्तिक कृष्ण (अमान्तमानले)

| | गते | बार | तिथि | घ. प. |
|---|---|---|---|---|
| मार्ग | २२ | बृहस्पति | षष्ठी | ३ । २५ |

# पनौती इन्द्रेश्वरको ताम्रपत्राभिलेख

(*आत्मसंशोधन*)

—शङ्करमान राजवंशी

वि. सं. २०१८ मा मैले श्री ५ को सरकार पुरातत्त्वविभागमा रही पुरातत्त्वपत्रसंग्रह दोस्रो भाग तयार पारेको थिएँ। सो पुस्तक पुरातत्त्वविभागबाट छापिंदै थियो। त्यस विभागका साथी श्रीहेमराज शाक्यजीले पनौती इन्द्रेश्वरको एउटा ताम्रपत्र र पाटन इवावहीको एउटा ताम्रपत्रको पाठ पढी ल्याइदिनुभयो। दुवै अभिलेख काम लाग्ने जस्तो देखिएकोले ती ताम्रपत्र सो पुरातत्त्वपत्रसंग्रहको अन्त्यमा कालक्रम नमिले तापनि छपाएको थिएँ। यी दुइ ताम्रपत्रको पाठ पढेको श्रेय श्रीहेमराज शाक्यजीलाई नै छ भनी मैले त्यहाँ उल्लेख गरेको थिएँ। त्यहाँ छापिएको पनौतीको ताम्रपत्रको पाठ यस प्रकारको छ—

(१) "स्वस्तिश्रीशाके ९६३ ॥ श्रीवैशाखमासे शुक्लपक्षे द्वादस्यां तिथौ शुक्रवासरे दिनगताः।

(२) श्रीभुजवलया पासपति इन्द्रावतिदेव्या श्रीश्रीश्रीइंद्रेश्वरप्रीतये कांसतांम्रलोहपात्र थान २५

(३) पेक इह निगादः ॥ श्रीइंद्रेश्वरप्रीतिरस्तु शुभम् ॥"

यसको प्रतिलिपि त्यस बेला मैले हेर्न पाएको थिइनं। हेमराजजीले पढ्नुभएको पाठको भरपरी मैले त्यहाँ यस्तो टिप्पणी दिएको थिएँ—

"यस तामापत्रमा नेवारी भाषा छ। यसले वि. सं. १०९८ मा नेवारी भाषा थियो भन्ने र तामापत्र कुँद्ने चलन पनि भइसकेको रहेछ भन्ने कुरो प्रमाणित गरिदिएको छ।"

नेवारी भाषाको पुरानो रूप भनी हाल कवि सिद्धिदाससम्बन्धी प्रदर्शनीमा पनौतीको सो ताम्रपत्रको प्रतिलिपि हेमराज शाक्यमार्फत देखाइएको रहेछ। सो प्रतिलिपि देखेपछि मैले छपाएको सो ताम्रपत्रको समय र भाषाबारेमा शंका उठ्यो। किनभने सो प्रतिलिपि तल्लो कालको देवनागरीमा छ। संवत्को अङ्क पनि श्रीहेमराजजीले पढ्नुभए जस्तै ९६३ जस्तो छैन। यसको निर्णयको लागि पनौतीमै गई हेर्ने निश्चय गरियो र संशोधनमण्डलका साथी श्रीरामजी तेवारी, श्रीधनवज्र वज्राचार्य, श्रीदिनेशराज पन्त जानुभई यसको प्रतिलिपि र पाठ पढी ल्याउनुभयो।

सो प्रतिलिपि देखेपछि मेरो शङ्का निवारण भयो र आफूले छपाएको संवत् र भाषा अशुद्ध ठहऱ्यो। यस कारण सो सच्च्याई छपाउनु आवश्यक संझी फेरि अहिले सो ताम्रपत्र प्रकाशित गर्न लागेको छु। सो ताम्रपत्रको शुद्ध पाठ यस प्रकारको छ—

(१) १स्वस्ति श्रीशाके १६३४ ॥ श्रावणमासे शुक्लपक्षद्वादस्यां तिथौ शुक्रबासरे दिनगता ४ ॥
(२) श्रीभुजबल थापास पत्नि इंद्रावतिदेव्या श्रीश्रीश्रीइंद्रेश्वरप्रीतये कांसतांम्रलोहपात्र थान २५
(३) येक दुहुनि गाइ ॥ श्रीइंद्रेश्वरप्रीतिरस्तु शुभम् ॥ : ॥

यहाँ संवत्‌को आदिवाक्यको प्रतिलिपि यस्तो छ—

१ स्वस्ति श्री शाके १६ ३ ४॥

यसमा संवत्‌का अङ्क चारवटा छन् । यसलाई हेमराजजीले एकस्थानी अङ्क छोडी ९६३ भनी पढ्नुभएछ । परन्तु सहस्रस्थानी अङ्क ९ होइन भन्ने कुरा यसै अभिलेखको उठानमा परेको १ को अङ्कले सिद्ध गर्छ । यस ताका कुनै कुरा लेख्दा उठानमा मङ्गलवाचक चिह्नको रूपमा १ लेखी अनि स्वस्तिदेखि उठाउने चलन थियो । त्यसै चलनअनुसार यस ताम्रपत्रमा पनि "१ स्वस्ति" गरा उठान गरिएको छ । त्यस कारण यस संवत्‌का सहस्रस्थानी अङ्क १ हो, ९ होइन भन्ने थाहा हुन्छ । यहाँ हेमराजजीले एकस्थानी अङ्कलाई बुट्टा संझी छोड्नुभएको होला । तर यो बुट्टा होइन, ४ हो भन्ने कुरा यही अभिलेखमा दिनगता ४ भनी दिइएको गतेको ४ को अङ्कले सिद्ध गरेको छ । संवत्‌को एकस्थानी अङ्क र गते ४ को अङ्कको आकार प्रकारमा कत्ति फरक छैन । यस कारण पुराना लिपिमा दखल भएका कुनै पनि मानिसले यहाँको संवत्‌लाई ९६३ भनी पढ्न सक्तैन । यो संवत् १६३४ हो भन्ने कुरामा शङ्का गर्ने ठाउँ नै छैन ।

अब गणनाबाट पनि यसको निर्णय गरिन्छ* । हेमराजजीले पढ्नुभएअनुसार शाके ९६३ (वि. सं. १०९८) मानी श्रावण शुक्ल द्वादशीको गणना गर्दा

शाके ९६३ वि. सं. १०९८ श्रावण शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| श्रावण १९ | सोम | द्वादशी | २६ । २६ |

यस्तो आयो ।

शाके १६३४ (वि. सं. १७६९) मानी श्रावण शुक्ल द्वादशीको गणना गर्दा

शाके १६३४ वि. सं. १७६९ श्रावण शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| भाद्र २ | शनि | एकादशी | ३ । ४८ |
| | | द्वादशी | ५७ । ३६ |

*यस गणनामा साथी श्रीरामजी तेवारी र श्रीदेवीप्रसाद भण्डारीले केही मदत गर्नुभएको छ ।

यस्तो आयो । तर यी दुवै थरी गणनामा शुक्रवार ४ गते पर्न आएन ।

शाके ९६३ (वि. सं. १०९८) मानी आषाढ शुक्ल द्वादशीको गणना गर्दा

शाके ९६३ वि. सं. १०९८ आषाढ शुक्ल

| गते | वार | तिथि | घडी पला |
| --- | --- | --- | --- |
| आषाढ २२ | आदित्य | द्वादशी | १० । ५३ |

यस्तो आयो ।

शाके १६३४ (वि. सं. १७६९) मानी आषाढ शुक्ल द्वादशीको गणना गर्दा

शाके १६३४ वि. सं. १७६९ आषाढ शुक्ल

| गते | वार | तिथि | घडी पला |
| --- | --- | --- | --- |
| श्रावण ४ | शुक्र | द्वादशी | ४० । ४४ |

यो गणना ट्वाक्क मिल्न आएको छ । यस कारण तामापत्रमा दिइएको तिथिमिति सौर-मासबाट श्रावण महीना तथा चान्द्रमासबाट आषाढ महीना रहेछ भन्ने सिद्ध भएको छ । यहाँ तामापत्र कुँदाउनेले सो कुरा स्पष्ट गराउन नसकेको बुझिन्छ ।

यस ताम्रपत्रमा सबभन्दा खलबली मचाउने कुरा त यसको भाषाबारेमा छ । हेमराजजी-ले पढ्नुभएको पाठअनुसार 'भुजवलया पासपति...पेक इह निगादु' आदि रूप देख्दा यहाँ नेवारी भाषा होला भन्ने मलाई लागेको थियो र यो नेवारी भाषाको पुरानो उदाहरण हो भनी मैले टिप्पणी दिएको हुँ । तर अहिले यस ताम्रपत्रको प्रतिलिपिमा 'भुजबल थापास पत्नि' र 'येक दुहुनि गाइ' भन्ने रूप स्पष्ट देखिएका हुनाले यस ताम्रपत्रको भाषा नेवारी होइन रहेछ, नेपाली रहेछ भन्ने कुरा स्पष्ट हुन आएको छ । भुजबल थापाकी पत्नी इन्द्रावतीदेवीले इन्द्रे-श्वर महादेवलाई काँस तामा फलामका २५ थान भाँडा र एउटी दुहुनी गाई चढाएको रहेछ । दशरा मशरा गरी 'भुजवलया पासपति....पेक इह निगादु' भनी अशुद्ध पाठ पढ्दा कुनै अर्थ खुलेको थिएन । अब मात्र यसको अर्थ स्पष्ट हुन आयो ।

अर्को कुरा यस ताका पनौती बिहावरतिर थापाहरू थिए भन्ने कुरा अरू ऐतिहासिक साधन-बाट पनि हामी बुझ्न सक्छौं । यी थापाहरूलाई मल्ल राजाले गरिदिएको ताम्रपत्रमा नेपाली भाषाको प्रयोग गरेको उल्लेख पाइन्छ । प्रमाणको लागि यहाँ अलिकता उद्धरण गरिन्छ–

"श्रीशाके १६३६ आश्विनमासे कृष्णपक्षे अष्टम्यां तिथौ...... महाराजाधिराजपरमभट्टारकमानव-गोत्रश्रीश्रीजयभूपतीन्द्रमल्लदेवसदासमरविजयिनां काश्यपगोत्राय गोदारथापावारभद्रनाम्ने यथाचा-त्राघातपरिवेष्ठितां भूमी प्रसादीकृतं ॥ एतन्मध्ये ब्यहावलमाहाकालक्षेत्रसंज्ञक तत्क्षत्राङ्क छपन्न रोपाणिकं रोपणि छपन्न ५६ खेतको उत्तर घल्यालि षष्ठरोपणिकं रोपणि छ ६ गोथकत्यारा लैकन कुलोको पाणि सबैलाय बादिकन अँधिका पैदासितो लेनो, नेपालब्यासिका खेत सक्कार लिकन सातो दिया खेत बेचनो भयादेखि राजा जनापनो चाहन्छ ...

श्रीपुण्यवतीस्थाने व्यह्यवलगृहाधिवासिगोदारथापावीरभद्रनाम्ने प्रसादीकृतं"

[खड्गध्वज थापाबाट प्राप्त ताम्रपत्रबाट। पुरातत्त्वपत्रसंग्रह पहिलो भागका ३२-३३ पृष्ठमा यो छापिएको छ।]

यी वीरभद्र थापा र अर्का दामोदर थापाको उल्लेख भक्तपुर तलेजुचोकको ताम्रपत्रमा पनि उल्लेख आएको छ। जस्तै–

"महाराजाधिराजश्रीश्रीजयभूपतीन्द्रमल्लपरमभट्टारकदेवस्त···महाराजाधिराज···श्रीश्रीजयभास्करमल्लपरमभट्टारकदेवसन गछंपत्र चोस्यं दुंता···थ्वगुल थास गोह्मन तलबीच यात ओह्मयाके खस मगर उमराव पंचन लुतय याङाव नको, ओमिस पच थ्वते भाषाया···थोकल्या, वीरभद्र थापा, कालधर, अभिजु, दामोदर थापा, अमरसिं कुमल, कृस्न खनगा···सम्वत् ८२३ श्रावण शुदि २···"

[महाराजाधिराज श्रीश्रीजयभूपतीन्द्रमल्ल परमभट्टारक देवलाई ...महाराजाधिराज··· श्रीश्रीजयभास्करमल्ल परमभट्टारकदेवले गछपत्र (धरोटसमेतको सन्धिपत्र) लेखेर दिनुभयो। ··· यसमा जसले तलमाथि गर्लान् तिनकहाँ खस मगर उमराव पञ्चले लुटिलिए जति पच हुन्छ। यसका थोकल्या (साक्षी) वीरभद्र थापा, कालधर, अभिजु, दामोदर थापा, अमरसिंह कुंवर, कृष्ण खड्का··· ···ने. सं. ८२३ (वि. सं. १७६०) श्रावण शुक्ल द्वितीया]

[इतिहास-संशोधनको प्रमाणप्रमेय पहिलो भागका ८५—८६ पृष्ठबाट]

पनौतीको ताम्रपत्रमा उल्लिखित भुजबल थापा पनि यतैतिरका थापा हुन् भन्ने देखिन्छ।

इत्यादि कुराबाट यो ताम्रपत्रको संवत् तथा भाषाबारेमा परेको भ्रम अब हट्न गएको छ।

†—†

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

*(ऐतिहासिक टिप्पणीसहित)*

**–देवीप्रसाद भण्डारी**

**पृथ्वीनारायण शाहले वि. सं. १८१९ आश्विन २ गते मङ्गलवारको दिन पूर्वतिर तिमालप्रदेश विजय गरे।**

"साके १६८४ (वि. सं. १८१९) मासे ६ दिन २ रोज ३ मा तीमाल सर भयो"

(गोरखालीहरूको सैनिक इतिहासको ६ पृ. बाट)

"संवत् १८१९ आश्विनवदि ··· रो३ तिमालकोट अम्बल"

(त्रिरत्नसौन्दर्यगाथाको परिशिष्ट २६१ पृष्ठबाट)

"मकवानपुर सर भयो, तिमाल र सिंधुली फत्ते भयो भन्या नेपाललाई गिर्दा पुग्यो । अब मैले तिमाल र सिंधुली हान्या हो भनी आफ्ना मन्त्रिवर्गसित सल्लाह गरी तिमाल हान्न भन सर्दार दलजित् शाह, काजी वंशराज पाँडे, जीव शाह, रुद्र शाही जेठाबुढा रामकृष्ण कुँवर प्रभृति नजिकी, द्वान्या, उमराउ गैह्र थरघर भलामानिससमेत फौज बिदा गर्नुभयो। लश्कर लिई भाइ भारादारले तिमालकोट हान्या । हान्दा ३०० गिड पन्याका (थिया)।''

(भाषावंशावलीबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १६८४ (वि. सं. १८१९) आश्विन कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | २ | मङ्गल | एकादशी | २ । २६ |

## ऐतिहासिक टिप्पणी–

मकवानपुर विजय भएपछि पृथ्वीनारायण शाहले नन्दु आदि आफ्ना भरपर्दा भारादारहरूलाई खटाई मकवानपुरप्रदेशको रक्षाको निमित्त प्रबन्ध मिलाए। परन्तु त्यहाँका राजा दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह बानियाँहरू आफ्ना परिवार तथा केही फौजका साथ भागी हरिहरपुर पुगेका हुनाले उनीहरूलाई गोरखालीहरूले पक्रन सकेका थिएनन् । उनीहरूलाई नपक्रेसम्म मकवानपुरको विजय कायम राख्न धरमरै थियो । अतः अरू विजित प्रदेशमा भन्दा यतातिर पृथ्वीनारायण शाहले बढ्ता दृष्टि दिनुपरेको थियो ।

काठमाडौंदेखि पूर्वतिर चौकोट, फूलबारी, नाम्भुढा आदि प्रदेशहरू आफ्नो अधीनमा आइसकेका* र त्यसदेखि पूर्वतिर तिमालकोट नै मुख्य भएको हुनाले त्यस प्रदेशमा आक्रमण गर्नु पृथ्वीनारायण शाहको निमित्त अभीष्ट कुरा थियो । सो तिमालप्रदेश काठमाडौंबाट सवा बाह्र (१२¼) कोस जति पूर्वतिर पर्दथ्यो । दाप्चादेखि सवा तीन कोस जति सोझै पूर्वतिर अलि अग्लो ठाउँमा पर्ने हुनाले सो प्रदेश साङ्ग्रामिक दृष्टिबाट पनि योग्य थलो थियो । तिमालकोट र सिंधुलीकोट विजय गर्न सकेको खण्डमा नेपालखाल्डोलाई घेरा हाल्न गिर्दा पनि पुग्ने, उता हरिहरपुरपट्टि ओर्ल्ही त्यस प्रदेशमा आक्रमण गर्न पनि सजिलो पर्ने भएको हुनाले यस बेला पृथ्वीनारायण शाहले तिमालकोटतिर आँखा लाएका हुन् । तिमालकोटमा आक्रमण गर्ने योजना निश्चित भएपछि पृथ्वीनारायण शाहले त्यसतर्फ फौज पठाउन आवश्यक प्रबन्ध मिलाई आफ्ना भाइ दलजित् शाह र ठूलाठूला भारदारहरूको नेतृत्वमा गोरखाली फौज तिमालकोटतिर पठाए । गोरखाली फौजले वि.सं. १८१९ आश्विन २ गते मङ्गलवारको दिन तिमालकोटमा आक्रमण गऱ्यो। यस लडाइंमा गोरखालीहरूको विजय भयो । शत्रुहरूका ३ शय जति फौज हताहत भयो।

*पूर्णिमा १३ पूर्णाङ्कका २६–३० पृष्ठ हेर्नुहोस् ।

तिमालकोट गोरखालीहरूको अधीनमा आयो । यस विजयले पृथ्वीनारायण शाहलाई निकै लाभ भयो । यसबाट नेपालखाल्डोलाई चारैतिरबाट घेर्दै जाने योजना झन् दरो भयो ।

\+ \+ \+

**पृथ्वीनारायण शाहले वि. सं. १८१९ आश्विन ९ गते मङ्गलवारको दिन पूर्व सिंधुली-कोटमा पहिलो पटक आक्रमण गरे ।**

"साके १६८४ (वि. सं. १८१९) मासे ६ दीन ९ रोज ३ दीनगत घटी १८।२६ मा सीधुलीकोट प्रवेस भयो ।"

(गोरखालीहरूको सैनिक इतिहास ६ पृ. बाट)

"शाके १६८४ (वि. सं. १८१९)......९ दिन जाँदा मङ्गलवार १५ घडी चढ्दामा सिंधुली फत्ते भयो § ।

(भाषावंशावलीबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१९ आश्विन शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| आश्विन ९ | मङ्गल | चतुर्थी | ४० । | १७ |

## ऐतिहासिक टिप्पणी—

पूर्व तिमालकोट विजय भएपछि त्यस प्रदेशको रक्षाको प्रबन्ध मिलाई गोरखाली फौज लगत्तै सिंधुलीकोटतिर लाग्यो । सिंधुलीकोट पुग्न तिमाल प्रदेशबाट केही दक्षिणतिर झरी पूर्व जानुपर्दथ्यो । सिंधुलीकोट काठमाडौंबाट २० कोस जति पूर्व र दक्षिणतिरको भेकमा पर्दछ । सिंधुलीप्रदेश विजय् गरेपछि मात्र हरिहरपुरमा आक्रमण गर्ने योजना पृथ्वीनारायण शाहले मिलाएका थिए । उता मकवानपुरबाट केही फौजसहित भागेर आएका दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह वानियाँहरू पनि हरिहरपुरमा बसी पाए गोरखाली फौजको उछित्तो पार्ने दाउ खोजिरहेका थिए । सिंधुलीप्रदेश विजय गर्न गोरखाली फौज गएको थाहा पाउनासाथ मकवानी फौज होशियार भई रह्यो । यही मौकामा गोरखाली फौजलाई मार खुवाउनुपर्छ भन्ने दाउ मकवानीहरूको थियो । गोरखालीहरूले पनि सिंधुली विजय गरी हरिहरपुरमा रहेका मकवानीहरूलाई हात्ने योजना ठीक पारेका थिए । त्यसै योजनाअनुसार गोरखाली

§ गोरखालीहरूले सिंधुलीकोटमा आक्रमण गरेको मितिमा भाषावंशावलीमा महीना छुट्न गएको छ तापनि गोरखालीहरूको सैनिक इतिहास र साही सैनिक इतिहास ३३ पृ. मा उल्लेख गरिएका संवत्, महीना, गते, वारादिका आधारमा गणना गरी हेर्दा आएको पञ्चाङ्गसंग उक्त इतिहासमा दिइएको मिति र भाषावंशावलीमा दिइएको सिंधुलीविजयको साल गते वारसंग ट्वाक्क मिल्दछ । यस कारण भाषावंशावलीमा छुटेको सिंधुलीकोटविजयको महीना आश्विन हो भन्ने कुरामा कुनै सन्देह छैन ।

फौज सिधुलीकोटमा एक्कासि आक्रमण गर्न पुग्यो । सिधुलीमा गोरखाली फौज त्यति चाँडो पुगिहाल्ला भन्ने मकवानीहरूले ठानेका थिएनन् । एक्कासि गोरखाली फौज सिंधुलीकोटमा पुगी हमला गर्दा मकवानी फौज त्यसै जिल्लियो । तिमालकोट विजय भएको सातै दिनभित्र (वि.सं. १८१९ आश्विन ९ गते मङ्गलवारको दिन) सिंधुलीकोट पनि गोरखाली फौजले विजय गऱ्यो । यो देखेर मकवानीहरूको पेट पोल्न लाग्यो । गोरखालीहरूको यस विजयलाई असफल पार्नाको लागि उनीहरूले उद्योग गर्न लागे ।

\+ \+ \+

**पृथ्वीनारायण शाहले वि.सं. १८१९ आश्विन २० गते शनैश्चरवारको दिन पूर्व सिंधुली प्रदेशमा दोस्रो पटक लडाइँ गरी विजय प्राप्त गरे ।**

"संवत् १८१९ आशुन शु १४ रो ७ सिंधुलिकोट अंबल"

(त्रिरत्नसौन्दर्यगाथाको परिशिष्ट २६१ पृष्ठबाट)

"मकवानीले भर मानी त्यस लपेटामा आश्विनका दिन २० जाँदा शनैश्चरवारको दिन घडी १० पला ५ चढदा सिंधुलीकोट हान्या । लडाइँ ठूलो भयो । गोरखाको ५०।६० घाइत्या र मर्न्या भया । वैरीका पनि २०० बाह्र बीस (दुइ शय चालीस) ठहरै पऱ्या । ...❁

यो खबर सुनी श्री ५ महाराज बहुत खुशी हुनुभयो । जसराम थापालाई र चंपसिंह गोदारथापालाई तिमीहरूका कबिला (जहानबच्चा) पनि राख्नू भनी हुकूम बक्सनुभई सिंधुली पनि आधा गरी बक्सिनुभयो । हरिहरपुरसित हातमाला भइगयो ।

---

❁ सिंधुलीविजयको यो मिति भाषावंशावलीमा दिइएको छ तापनि संवत् दिइएको छैन । त्रिरत्नसौन्दर्यगाथाकारले आफ्नो ग्रन्थको परिशिष्टमा दिएको संवत् महीना तिथिअनुसार गणना गर्दा आएको पञ्चाङ्गसँग सिंधुलीकोट हानेको वंशावलीको मिति मिल्न आउँछ । यस कारण भाषावंशावलीमा छुटेको सिंधुलीविजयको साल वि. सं. १८१९ हो भन्ने देखिन आउँछ ।

यसरी गोरखालीहरूको सैनिक इतिहास, साही सैनिक इतिहास तथा त्रिरत्नसौन्दर्यगाथाको परिशिष्टबाट लिइएको उद्धरणको आधारमा वि. सं. १८१९ आश्विन ९ गते मङ्गलवार सिंधुलीको पहिलो लडाइँ र वि. सं. १८१९ आश्विन २० गते शनैश्चरवार दोस्रो लडाइँ भएको देखिन्छ । किन्तु भाषावंशावलीमा कतै साल कतै महीना छुटेको हुनाले र अघिल्लो लडाइँको मिति पछि, पछिल्लो लडाइँको मिति अघि लेखिएको हुनाले भन्न खोजेको कुरा बुझ्न गाह्रो पर्छ । मकवानीहरूको विषयमा पनि भाषावंशावलीकारले भन्न खोजेको कुरा झट्ट बुझिँदैन । विचार गरी हेर्दा गोरखालीहरूले वि. सं. १८१९ आश्विन ९ गते सिंधुलीकोट हानी फत्ते गरिसकेपछि मकवानीहरू आई वि. सं. १८१९ आश्विन २० गते शनैश्चरवारको दिन सिंधुलीमा लड्न आएको र तिनीहरूलाई गोरखालीहरूले हराएर पठाएका रहेछन् भन्ने कुरा बुझिन्छ । भाषावंशावलीका बिभिन्न प्रतिसंग रुजु गरी हेर्दा यस्तै देखिएको हुनाले यहाँ साल महीना गतेको क्रम मिलाई टुङ्ग्याइएको छ ।

अब नेपाललाई बाहिरका गिर्दा ता पुऱ्यायाँ । अब नेपाल लियाँ भनी खुशी हुनुभयाको थियो ।''

(भाषावंशावलीबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१९ आश्विन शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | २० | शनैश्चर | चतुर्दशी | ५ । १६ |

## ऐतिहासिक टिप्पणी–

वि. सं. १८१९ आश्विन ९ गते मङ्गलवारको दिन सिंधुलीकोटमा गोरखालीहरूले पहिलो पटक आक्रमण गरी विजय प्राप्त गरेका न् तापनि सिंधुलीकोटबाट गोरखाली फौजलाई हटाउनाको निमित्त मकवानीहरूले आफ्नो फौज पठाएका थिए । मकवानी फौजको आड पाई गोरखालीहरूले कब्जा गरेको एघार्हँ दिनपछि त्यहाँका पहिलेका किल्लारक्षकहरू फेरि सिंधुलीकोटमा गोरखालीहरूउपर जाइलागे । वि. सं. १८१९ आश्विन २० गते शनैश्चरवारको दिन सिंधुलीकोटमा फेरि लडाइँ भयो । विशेष गरी गोरखालीहरूको र मकवानीहरूको ठूलो संघर्ष परेको थियो । गोरखाली फौजलाई लपेटा दिई मार खुवाउन आएका मकवानी धेरै फौज यो लडाइँमा पऱ्यो । बाँकी रहेका केहीले भागाभाग गरी ज्यान जोगाए । गोरखालीहरूको फौजमा केही हताहत भए तापनि यस लडाइँमा पनि गोरखालीहरूकै विजय भयो । सिंधुली-कोटको यस दोस्रो विजयपछि सधैंको निमित्त सिंधुलीप्रदेश गोरखालीहरूको अधीनमा आयो । भरपर्दा भारदारहरूलाई साथ लिई चाँजो मिलाई काम गर्दै गएका हुनाले पृथ्वीनारायण शाह सफल हुँदै गए। अब नेपालखाल्डो लिन सक्ने भएँ, त्यसलाई सबैतिर गिर्दा पुग्यो भनी पृथ्वी-नारायण शाहलाई हर्ष भयो । यसै खुशियालीमा पृथ्वीनारायण शाहले आफ्ना भरविश्वासका भारदार जसराम थापा र चंपसिंह गोदारथापालाई त्यस प्रदेशको बन्दोबस्त मिलाई संरक्षण गर्नाको निमित्त सो सिंधुलीप्रदेश आधा आधा गरी बाँडिदिए । आफ्ना जहानबच्चासमेत त्यहाँ लगी बस्नू र त्यहाँको हेरचाह राम्रोसंग गर्नू भनी ती भारादारहरूलाई आज्ञा दिए । यसरी सिंधुलीप्रदेशको रक्षाको निमित्त चाहिंदो प्रबन्ध मिलाएपछि अरू भारादारहरूलाई पृथ्वीनारायण शाहले हरिहरपुरतिर जाने आज्ञा दिए । अनि गोरखाली फौज त्यहाँबाट हरिहरपुरतिर लाग्यो ।

\+ \+ \+

**पृथ्वीनारायण शाहले वि.सं १८१९ आश्विन २२ गते सोमवारको दिन मकवानपुरदेखि पूर्वपट्टिको हरिहरपुर विजय गरे।**

"संवत् १८१९ कार्तिकबदि १ रो २ हरिहरपूर अंबल'

(त्रिरत्नसौन्दर्यगाथाको परिशिष्ट २६१पृष्ठबाट)

"राजा रानी बानियाँ काजी बाँकी रह्याको आफ्नो लश्कर लिई हात्तीसमेत हरिहरपुरमा गयाको देखी त्यहाँको सम्भारलाई नन्दुलाई राखी अरू फौजसमेत सबै भारदार गई शाके १६८४(वि.सं. १८१९ )आश्विन महीनाका २२ दिन जाँदा सोमवार रातको २८ घडी १० पलामा हरिहरपुरमा हमला भयो । ठूलो लडाइं गरा उनका ४००।५०० शय मानिस मारी हरिहरपुर फत्ते भयो ।..."

(भाषावंशावलीबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि.सं. १८१९ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | २२ | सोम | प्रतिपदा | १२ | १७ |

## ऐतिहासिक टिप्पणी—

वि. सं. १८१६ सम्म त पृथ्वीनारायण शाहका ससुरा हेमकर्ण सेन जीवित भएका हुनाले उनका छोरा दिग्बन्धन सेनसंग ठ्याँक नमिले तापनि पृथ्वीनारायण शाहले सहेर बसेका थिए। वि. सं १८१६ मा ५४ वर्षको उमेरमा हेमकर्ण सेनको मृत्यु भयो❁ । अनि मकवानपुरका राजा दिग्बन्धन सेन भए । पृथ्वीनारायण शाहका विरोधी पक्षसँग बढ्ता सम्पर्क राखी उनको उछित्तो पार्ने काममा दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह बानियाँ लागे । उनीहरूको यस व्यवहारदेखि पृथ्वीनारायण शाह ज्यादै रुष्ट भइरहेका र नेपालउपत्यकालाई चारैतिरबाट घेरा हाल्न दक्षिणपट्टि मकवानपुर विजय गर्नु पनि ज्यादै आवश्यक भएको हुनाले वि. सं. १८१९ भाद्र ८ गते मकवानपुरमा फौज पठाई आक्रमण गरे । ९ गते शनैश्चरवारको दिन गोरखालीहरूले त्यस राज्यमा विजय प्राप्त गरेका हुन्❀ । त्यस वेला गोरखालीहरूको मार खप्न नसकी दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह बानियाँ केही फौज तथा जहानबच्चा साथ लिई भागी हरिहरपुर पुगेका थिए । दिग्बन्धन सेनले हरिहरपुरलाई आफ्नो अखडा बनाई त्यहाँबाट फौज ल्याई आफ्नो राज्य (मकवानपुर) गोरखालीहरूबाट छुटाई फिर्ता लिन भरमगदूर कोशिश पनि गरेका थिए। परन्तु गोरखालीहरूसंग उनको केही जोर चलेन । सिंधुली विजय हुनासाथ गोरखाली फौज हरिहरपुरतिर लाग्यो । हरिहरपुर मकवानपुरबाट २ कोस जति पूर्व

---

❁ श्रीशाके १६२७ चैत्र दिनगते १४ शुक्ल नवमी घ. १।५९ पुनर्वसु घ. १२।५५ तिष्य भुक्त घ. ४३ अतिगंड घ. २८।१८ भौमे रा. ग. घ. २७।१ जन्म हेमकर्णसेनस्य, वर्ष ५४ मऱ्याछन्,

(तात्कालिक पात्रोमा टिपिएको टिपोट)

यस टिपोटअनुसार वि. सं. १७६२ को चैत्र महीनामा हेमकर्ण सेनको जन्म भएको र वि. सं. १८१६ मा उनको मृत्यु भएको थियो भन्ने कुरा थाहा पाइन्छ ।

❀ पूर्णिमा १३ पूर्णाङ्कका ३१-३३ पृष्ठ हेर्नुहोस् ।

तथा काठमाडौंबाट १३ कोस जति दक्षिण र पूर्वतिर पर्छ। सिंधुली विजय भएको दुइ दिन-पछि अर्थात् वि. सं. १८१९ आश्विन २२ गते सोमवारको दिन गोरखाली फौजले हरिहरपुरमा पनि आक्रमण गऱ्यो । त्यसै दिन राती हरिहरपुरमा ठूलो लडाइँ भयो । चार पाँच शय जति शत्रुका फौजलाई गोरखालीहरूले खतम पारिदिए। दिग्बन्धन सेन र कनकसिह बानियाँ त्यहाँ-बाट पनि भागे । त्यस दिनदेखि हरिहरपुर पनि गोरखालीहरूको अधीनमा आयो ।

मुगलाना पसी दिग्बन्धन सेनले मीरकासिमलाई उठाई ल्याए। गोरखालीहरूले मीरकासिमको सैन्यलाई पनि परास्त पारेपछि दिग्बन्धन सेन असहाय भए । उनी राखोडाघाटमा आई बसेका छन् भन्ने थाहा पाई गोरखालीहरूले त्यहाँ पनि हमला गरी सो कब्जा गरे। दिग्बन्धन सेन यस बेला पनि भागे । तर रानी र अरू केही परिवार पक्रिएको हुँदा उनले आत्मसमर्पण गरे । यो कुरा पृथ्वीनारायण शाहले ज्ञानकर बाँडालाई लेखेको पत्रबाट थाहा पाइन्छ । यस विषयको विशेष चर्चा पछि त्यही पत्रको प्रसङ्गमा भरिनेछ ।

(क्रमशः)

§*§

(क्रमागत)

# वीर भक्ति थापा

**—महेशराज पन्त**

यसपछि भक्ति थापा कुमाउमा कहिलेसम्म बसे भन्ने कुरा सामान नपाइएको ले बुझ्न सकिएको छैन ।

गीर्वाणयुद्धलाई राजा बनाउँदा भाइभारादारले पछि विरोध नगरून् भन्ने आशयले गीर्वाण-युद्धको राज्याभिषेक (वि. सं. १८५५ फागुन २८ गते◉) भन्दा १६ दिनअगाडि (वि. सं. १८५५ फागुन १२ गते) रणबहादुर शाहले धर्म भकाई तावाँपत्र गराउन लाएका थिए ÷ । तावाँपत्र गर्ने भारादारमा हाम्रा भक्ति थापा पनि देखिएकाले* यस बेला [यिनी] सरकारी जागीरमा बहाल रही काठमाडौंमै थिए भन्ने कुरा बुझिएको छ ।

झन्डै १२ वर्ष देखि आफ्नो आश्रयमा रहेको गढवाल§ दखल गर्न काशीबाट फर्केपछि

◉ पूर्णिमा १० पूर्णाङ्कको ५० पृ.

÷ श्रीचित्तरञ्जन नेपालीको रणबहादुर शाहका २८–२९ पृ.

* पूर्णिमा १० पूर्णाङ्कको ३८ पृ.

§ पूर्णिमा १३ पूर्णाङ्कको ३४ पृ.

वि. सं. १८६१ मा रणबहादुर शाहले अमरसिंह थापाको मातहतमा फौज पठाए । त्यस फौजमा हाम्रा भक्ति थापा पनि थिए ।

नेपाली फौजसँग मुकाबिला गर्न आएको गढवाली फौजको हार भई उसले भागाभाग गर्नुपर्‍यो । यसपछि नेपाली फौजले गढवाली फौजलाई लखेट्दै जाँदा बाटामा गढवाली काजी सीसरामको र हाम्रा भक्ति थापाको मुकाबिला हुँदा सीसरामले वीरगति पाए । यता नेपाली फौजको अर्को खण्डले गढवालको राजधानी श्रीनगर कब्जा गर्‍यो ।

नेपाली फौज र गढवाली फौजको लडाइँ हुँदा गढवालतिरका डेढ दुइ सय मानिस परेपछि नेपालीसँग लड्न नसकी गढवाली राजा प्रद्युम्न शाह गढवालको तराई खेडा भन्ने ठाउँमा बस्न गएकाले वि. सं. १८६१ कार्तिक १२ गते नेपाली फौजले देहरादून दखल गर्‍यो ।

यसपछि राम्रो बन्दोबस्त गरी प्रद्युम्न शाह नेपाली फौजसंग लड्न आए । तर यस लडाइँमा उनले वीरगति पाएकाले सम्पूर्ण गढवाल राज्य नेपालमा मिली नेपालको सिमाना यमुनासम्म पुग्यो । यस लडाइँमा पनि हाम्रा भक्ति थापाले लडेका थिए❁ ।

---

❁ यिनै राजाका पालामा पश्चिम गढ हान्नको हुकूम भई मुख्तियार काजी भीमसेन थापाका तजवीजबाट भाइभारादारलाई खटाउँदा जाने लडाइँका दलमुखी काजी अमरसिंह थापा कौसलिया सुब्बा हस्तदल साही❀ काजी रणधीर बस्न्यात सरदार रणजित कुँवर÷ सरदार भक्ति थापा सरदार अङ्गद घले× नयाँ पुराना गोरख २ बरख १ रामदल १ रणबमदल १ जम्मा पाँच कम्पनी र सगुता सल्ल्यानीको* कम्पनी १ डोटीको कम्पनी ५ रणसाहदल १ ज्वालादल १ कुमाउको कम्पनी ७ गढमा जम्याको कम्पनी १५ नयाँ जम्याको कम्पनी १० जम्मा ४५ कम्पनी र अरू उमराउले ल्यायाका र ढाक्या जागिर्‍या गरी भारी लश्कर जम्मा भई कुमाउमा सामेल भया । भारादारहरूले जगाजगामा कम्पनी कुह्लुवा राख्या । कुमाउमा उहाँका काजी रणजोर थापा‡ र कपतान रणबीर खत्रीसमेतका कम्पनी ५ कुह्लुवा राख्या ।

अरू भारदार कम्पनी ढेरै ढाक्या जागिर्‍या भारी लश्कर ली पिउर नदी तरी बोधनको बाटो गरी गढ हान्न जाँदा मन्दाग्निकालीका⁑ तीरमा गढको काजी सीसराम र दलवीर राना भारी फौज ली बस्याका थिया। तहाँ भारी लडाइँ हुँदा गोर्खातर्फबाट जिती काली तर्‍या । केही

---

❀ पूर्णिमा १ पूर्णाङ्कको ५२ पृ. मा हस्तदल शाहको परिचय छापिएको छ । ÷ पूर्णिमा २ पूर्णाङ्कको ७६ पृ. मा रणजित् कुँवरको परिचय छापिएको छ । × पूर्णिमा १३ पूर्णाङ्कको ३८ पृ. मा अङ्गद घलेको परिचय छपिएको छ । * सगुता सल्ल्यानीको=सल्ल्यानी राजाको । ‡पूर्णिमा ४ पूर्णाङ्कको ६७ पृ. मा रणजोर थापाको परिचय छापिएको छ । ⁑ अलकनन्दाका शाखानदी पिंडार र मन्दाकिनी हुन् (राहुल सांकृत्यायनको गढवालको १४ पृ. ) ।यहाँ पिउर र मन्दाग्निकाली भनी यिनै नदीलाई लक्ष्य गरे जस्तो लाग्छ ।

फौज ली सीसराम रवाईको❁ बाटो भाग्यो । केही फौज ली दलवीर राना श्रीनगरको बाटो भाग्यो । गोर्खाका फौज पनि त्यस बखतमा दुइ मुख भया । ५ कम्पनी र अरू उमराव ढाक्या ली सरदार भक्ति थापा सीसरामको पछाडि लपेट्दै गया । चिल्लाभेरीका+ लेकमा सीसराम-सँग भेट भयो । लडाइँ पऱ्यो । काजी सीसरामसमेत ५०।६० जवान खेत रह्या । गोर्खाका पनि २०।२५ जवान खेत रह्या । तहांबाट रवाई जिती भक्ति थापा फिऱ्या । अरू गोर्खाका भारी लश्करले श्रीनगर सर गरी सुब्बा हस्तदल साही काजी रणवी(धी ?)रसिंह बस्न्यात केही लश्कर ली श्रीनगरको सहरमा बस्या । अरू लश्कर अलकनन्दा तरी रानीहाटको बाटो गरी गई चन्द्रवदनीमा× खलङ्गा हाली बस्या । तहाँदेखि देवप्रयागमा* गैं श्रीभागीरथी गङ्गा तरी केही तिमालकोटको बाटो गरी गयाका थिया । गुरुद्वारमा खलङ्गा पऱ्याको थियो ।

गढका राजा प्रतिमन साही❀ चौतरिया पराक्रम शाह चौतरिया प्रीतम साह साहेब सुदर्शन साह उनका सुब्बा हरिहरसिंह काजी मोहनसिंहसमेत अरू आफ्ना लश्कर भारादार ली खेडाको बाटो भागी सारङ्गपुरमा÷ गया । तहाँबाट साहेब सुदर्शन साह हरिद्वार पुग्या ।

खेडाघाटमा ठूलो आड बारी केही लश्कर लौ दलवीर राना बस्याको थियो । तसलाई हाम्र सगुता सल्ल्यानी सरदार धनवीर साहीले आफ्नो १ कम्पनी र अरू तीन कम्पनी जम्मा ४ कम्पनी अरू उमरावहरू ली खेडाको घाटमा गया । तहाँ ठूलो लडाइँ भई लडाइँ बिग्र्यो । गोर्खाको लश्कर फर्की गुरुद्वारमा आया ।

फेरि सरदार चन्द्रवीर कुँवर§लाई ३ कम्पनी ली धामागढीमा राखी अरू सब लश्कर

❁टेहरी जिल्लाको एक प्रगन्ना (गढवालको २४४ पृ.) । + पाठान्तर–चिक्षाभिलुङ । चिल्ला र भिलुङ टेहरी जिल्लाका प्रगन्ना हुन् (गढवालका २४३–४४ पृ.) । ×टेहरीको एक प्रगन्ना (गढवालको २४३ पृ.)। *भागीरथी र अलकनन्दाको सङ्गम (गढवालको ५६ पृ.)।

❀ शुद्ध नाउँ प्रद्युम्न शाह हो (पूर्णिमा १३ पूर्णाङ्कको ३४ पृ.) ÷सारङ्गपुर=सहारनपुर ।

§ यी चन्द्रवीर कुँवर, बलभद्र कुँवरका बाबु हुन्—

रम्ये नेपालदेशे पशुपतिनिकटे कान्तिपुर्य्यां सुपुर्य्यां
तस्यामादौ सुधन्यो जयपदसहितः कृष्णवर्मा समासीत् ।
सेनानाथोऽतिधीरो निजकुलतिलकः कोविदाचारयुक्तो
विद्वाञ्छूरो धनीशः सुसमरविजयी वाग्विभुर्यो द्वितीयः ।
॥१॥
तद्वंशे चन्द्रवीरो रिपुगणविजयी पुण्यशीलो दयात्मा
तत्पुत्रास्तेन तुल्या निजकुलतिलकाश्चाऽभवन्ते(वंस्ते)त्रयश्च ।
ज्येष्ठः श्रीवीरभद्रो बलपदसहितो भद्रकस्तस्य भ्राता
तद्भ्राता चेतसिंहो ऽ हितगणविजयी सैवमुक्तः कनीयान् ॥
॥२॥

ली काजी अम्बरसिंह थापा सरदार अङ्गद घले खेडाका घाटमा हान्न जाँदा तहाँ लडाइँ पऱ्यो । गढका पनि १०।२० खेत रह्या । गोर्खाका पनि १०।२० खेत रह्या । जित गोर्खाकै भयो । वैरी भाग्यो ।

तहाँदेखि गोर्खाका लश्करले नालापानीमा खलङ्गा हाली ठाना बारी बस्याका थिया । तस्तै बीचमा गूजरले* ११ हजार नालसमेत मदत दियो र सो फौज ली आफ्ना भाइभारादार चौतरिया काजीसमेत गढका राजा गोर्खालाई हान्न आउँछन् भन्न्या खबर आउँदा गोर्खाका लश्कर र कम्पनी सर्बत्र ठाउँठाउँका एकै जगामा सामेल भया ।

त्यही बेलामा गूजरका ११ हजार नाल र आफ्ना भारी लश्कर ली गढका राजा प्रतिमन साह चौतरिया पराक्रम साह चौतरिया प्रीतम साह काजी मोहनसिंह हरिहरसिंह ऊँटमा सवार भै आई गोर्खाका धामागढीमा कुल्हुवा रह्याका गोर्खातर्फका सरदार चन्द्रवीर कुँवर सरदार जय रोकाया-समेत ३ कम्पनीलाई घेरा दिया ।

तसका ५।७ दिनपछि गोर्खाका लश्कर धुरङ्गमा झऱ्या । सरदार भक्ति थापाले पुराना गोरखका सुबेदार शमशेर रानासमेत भै फौज ली पश्चिमतर्फ चढ्या । काजी अम्बरसिंह थापा सरदार रणजित् कुँवर सरदार अङ्गदले नयाँ गोरख रामदल र अरू कम्पनी र ढाक्र्या जागिऱ्या उमरा ली सामने दक्षिण हेरी चढ्या । धामागढीका ३ कम्पनी पनि गुरद्वारको बाटो चढ्यो । भारी लडाइँ पऱ्यो । वैरीका राजा प्रतिमन साहसमेत १०००।१२०० खेत रह्या । गोरखाका ५०।६० खेत रह्या । गढका कान्छा साहेब प्रीतम साह र दलबीर राना पक्रिया । अरू भाग्या । तहाँ जेठी तरबार अजिटन तिलकसिंहको ठह्ऱ्यो । गढका राजाको लोत हरिद्वारमा सुदर्शनकहाँ

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

पैल्हे यक् कोहि कालमा रमणीया भयाका नेपाल देसमा श्रीपशुपतिका नगीचमा बढिया पूर कान्तिपुरी नगरी भई. तेस्मा बडा धन्न्य भयाका जयकृष्ण नाउ भयाका ठाकुर थिया. ति कस्ता भन्न्या फौजका मालिक् भयाका वयंगन् भया. आफना कुलमा श्रेष्ठ भयाका सबै कुरा जान्न्या भयाका आचारले युक्त भयाका पढ्याका शुरा भयाका धनीका मालिक् भयाका ठुलो लडाञी जित्न्या भयाका दोश्रो देवताका सर्दार स्वामीकार्तिक हुन् कि भन्न्या जस्ता ॥१॥

तिन्का वंशमा चन्द्रवीर नाउ भयाका पैदा भया. ति कस्ता भया भन्न्या शत्रुका फौजलाई जित्न्या भयाका धर्मस्वभाव भयाका दयाले युक्त भयाका थिया. तिन्का छोरा तिनै जस्ता पराक्रमहरूले युक्त भयाका आफ्ना कुलमा श्रेष्ट भयाका ति तिन् जना पैदा भया. ज्येष्ट वीरभद्र माहिला बलभद्र कान्छा चेत्सिंह नाउ भयाका शत्रुगणलाई जित्न्या तिनै माहिला हुन् ॥२॥

(वीरभद्र कुँवरकी मुखिनी दीर्घलक्ष्मीको पचलीघाटको अप्रकाशित शिलालेखबाट । बलभद्र कुँवरका पनाति श्रीरेवतबहादुर कुँवरबाट यो शिलालेखको नकल हामीले पाएका हौं ।)

*लन्ढौराका गूजर राजा रामदयालसिंह (गढ़वालको १८१ पृ.) ।

पठाइदिया । दलवीर राना काटियो । कान्छा साहेब प्रीतम साहलाई दुइपट्टि सिपाही साथ लाई नेपाल श्री ५ सरकारका हजूरमा दाखिल गर्नू भनी पठाइदिया ।

(भाषावंशावलीबाट)

गर्ह्वाल् एन्जइड् ए रेस्पिट्, अन्टिल् रण बहादुर् रिटन्ड् फ्रम् बनारस्, ह्वेन ही सेन्ट् अमर् सिङ्घ थापा विद् ३००० फ्युजिलीर्ज्, यॉन्ड् यॉन् ईक्वल् नम्बर् अफ् इरेग्युलर्ज्, टु एक्स्टेन्ड् हिज् टेरिटरिज् टु द् वेस्ट् ।··· ··· ··· ···दिस् भाइअलन्स् हाउएभर्, वज् सडन्लि डिरेक्टिड् अगेन्स्ट् द् हेल्पलेस् प्रद्युम्न, हू मेड् लिट्ल् अर् नो रिजिस्टचॉन्स्, बट् विद् हिज् ब्रदर्ज् पराक्रम यॉन्ड् प्रीतम, यॉन्ड् हिज् सन् सुदर्शन, रिटाइर्ड् टु दुन्, यॉन्ड् फ्रम् देन्स् टु केनी नीर् हरिद्वार्, इन् द् टेरिटरि देन् लेट्लि अक्वाइर्ड् बाइ द् कम्पनि । दर्, भेरि कन्ट्रारि टु द् विशिज् अफ् हिज् ब्रदर् पराक्रम, द् राजा सोल्ड् द् फ्यॉमिलि थ्रोन् फर् १५०,००० रुपीज् । दिस् सम् एनेब्ल्ड् हिम् टु रेज् सम् फोर्सिज्, विद् ह्विच द् थ्री ब्रदर्ज् रिटर्न्ड् टु दुन्, यॉन्ड् फट् द् आर्मि अफ् गोर्खा नीर् गुरुधाना । द् राजा वज् किल्ड्, पराक्रम इस्केप्ड् टु हरिद्वार्, यॉन्ड् प्रीतम, ह्यॉभिङ् बीन् शट् थ्रू द् फूट्, वज् टेकन् प्रिज्नर्, बट् इज् काइन्ड्लि यूस्ड्, यॉन्ड् ह्यॉज् म्यॉरिइड् ए डटर् अफ् ब्रह्म साहि●, द् गभर्नर् अफ् अल्मोरा । सुदर्शन, द् अन्डाउटिड् एर् अफ् द् फ्यॉमिलि, इन् १८१४, वज् विद् सर् एड्वार्ड् कोल्ब्रुक् यॉट् फतेहगर् । ही वज् देन् अबाउट् ट्वेन्टि सिक्स् यर्ज् अफ् एज्,··· ··· हिज् अङ्कल् पराक्रम डाइड् विदाउट् चिल्ड्रेन्, इन् द् कन्ट्रि अफ् द् सिख्ज् ।

(ह्यामिल्टनको अकाउन्ट् अफ् नेपाल् (नेपाल–वर्णन) का ३००–१ पृ. बाट )

[काशीबाट रणबहादुर नफर्केसम्म गढवालले फुर्सद पायो। यसपछि पश्चिमतर्फ आफ्नो राज्यको विस्तार गर्नाको लागि अमरसिंह थापाको मातहतमा ३००० बन्दूकधारी सिपाही र त्यति नै अनियत सिपाही+ रणबहादुरले पठाए । असहाय प्रद्युम्नउपर अपर्झटसँग यो जोरजुलूम गरिएको थियो। यस हमलाको विशेष सामना नगरीकनै आफ्ना भाइ पराक्रम, प्रीतम र छोरा सुदर्शनसंग प्रद्युम्न दूनतिर गए । अनि त्यहाँबाट उनी हरिद्वारनजीकै इस्ट इन्डिया कम्पनीले भरखरै अधिकार जमाएको केनी भन्ने ठाउँमा गए । त्यहाँ उनले डेढ लाख रुपियाँमा आफ्नो पुर्खौली सिंहासन बेचे । तर राजा प्रद्युम्नको यो काम उनका भाइ पराक्रमलाई कत्ति पनि मन परेको थिएन। डेढ लाख रुपियाँको यस रकमले प्रद्युम्नलाई केही फौज जोर्न सजिलो भएथ्यो । अनि यो फौज लिएर तीतीनै भाइ दूनमा फर्की गोरखाली फौजसँग गुरुधानानजीकै लडे । यस लडाइँमा प्रद्युम्नको मृत्यु भयो । पराक्रम हरिद्वारतिर भागे । गोडामा गोली लागेकोले प्रीतम पक्रिए । तर उनीउपर दया गरियो । अलमोडाका शासक बम शाहकी छोरीसँग प्रीतमको बिहे भएको छ । गढवाली

● शुद्ध नाउँ बम शाह हो (पूर्णिमा १ पूर्णाङ्कको ५३ पृ., ४ पूर्णाङ्कको ६८ पृ.)

+ यस ताका स्थायी सैन्य कम हुने हुनाले लडाइँ ताका प्रजा उठाई लैजाने चलन थियो। यहाँ अनियत सिपाही शब्द यही अर्थमा प्रयोग भएको हो ।

१२ वर्षअघि यमुना साँध मानी सन्धि गरेका नेपाल र सिरमोरको× गढवालविजयपछि फेरि सन्धि भएको कुरा भाषावंशावलीमा लेखिएको छ* ।

यस ताका सतलजपार काँगडाका राजा संसारचन्द वरपरका राज्यमा हमला गर्दै आफ्नो राज्यविस्तार गरिरहेका थिए। यसै प्रसङ्गमा सिरमोरिया राजा धर्मप्रकाशको संसारचन्दसँग लडाइँ हुँदा धर्मप्रकाशले वीरगति पाए। यस पछि धर्मप्रकाशका भाइ कर्मप्रकाश सिरमोरको गद्दीमा बसे। उनले संसारचन्दसँग लड्न अमरसिंह थापासँग मदत मागे। कर्मप्रकाशलाई मदत गर्न हाम्रा भक्ति थापाको मातहतमा अमरसिंह थापाले फौज पठाइदिए। हन्डुरका राजालाई सिरमोरको पक्षबाट फुटाई आफ्नो पक्षमा मिलाएकाले संसारचन्दको बल बढेको थियो । भक्ति थापाको मातहतमा गएको नेपाली सैन्य र सिरमोरिया सैन्यले संयुक्त भई काँगडा र हन्डुरको संयुक्त सैन्यसँग लड्दा संसारचन्दको विजय भयो । यसपछि संसारचन्दले कर्मप्रकाशका एकजना भैयादलाई

---

राजवंशका एक मात्र हकवाला सुदर्शन वि.सं. १८७१मा सर एडवार्ड कोलब्रुकसंग फतेहगढमा थिए । त्यस ताका सुदर्शन पुगनपुग २६ वर्षका थिए । सुदर्शनका निस्सन्तान काका पराक्रमको सीखहरूको मुलुकमा मृत्यु भयो । ]

स्वस्ति श्रीमद्ब्रह्मसुरेन्द्रादिवृन्दारकवृन्दवन्दितेन्दिरादयितमन्दिरायमानहृदयारविन्दश्रीश्रीश्री६ गुरुपण्डितराजविष्णुपण्डितज्यूचरणेषु स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधबिरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम् साष्टाङ्गप्रणामपूर्वकं पत्रं.

… …उप्रान्त पश्चिम गयाका भारादारले श्रीनगर अमल गर्‍याको षवर तपाई जाहा छदै बुझनुभयोथ्यो. कार्तिकको दिन १२ जांदा दुन अमल गरी सांध लायाछन् र हर्षबढाइ गर्‍युं.डेढ दुइ सय मानीस् पर्दा ठहर्न नसकि गढवाल्या राजा साहेब पराक्रम साही बिल्वपर्वतदेखी पलतिर मधेस षेडा भन्याका ठाउमा गइ बस्याछन्. यो षुसीको षबर ताँहाँ प्रसंगले साहेबहरूलाई पनी सुनाउनु…इति संवत् १८६१ साल पौष वदि ५ रोज ६÷ मुकाम कान्तिपुर शुभम्.

(इतिहास–प्रकाश १ अङ्कको ८३ पृ.)

× पूर्णिमा १० पूर्णाङ्कका ४३–४४ पृ.

*तहाँपछि जमुनाजीमा खाँडो पखाली श्रीमोहका राजा कर्मप्रकाशसित घाको बन्दोबस्त गरी गोरखाको लश्कर हरिद्वारमा गई स्नान गरी लश्कर फिरी गढको श्रीनगर सहरमा रह्याका थिया ।

(भाषावंशावलीबाट)

---

÷ वि. सं. १८६१ पौष कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| पूस ९ | शुक्र | पञ्चमी | २९ | ११ |

(पात्रोबाट)

आफ्नो पक्षमा मिलाई सिरमोरमा लूटपीट गरे । यसरी आफ्नो राज्य नै शत्रुको हातमा जान लागेकोले कर्मप्रकाश अमरसिंह थापाकहाँ फेरि मदत माग्न पुगे । यसपछि कर्मप्रकाशको मदतको लागि धेरै फौज लिई अमरसिंह थापा लड्न गए । यस लडाइँमा अमरसिंह थापाले हन्डुर र वरपरका केही रियासत जिते तथा कर्मप्रकाशलाई उनको राज्य फिर्ता गराइदिए भनी हेमिल्टनले लेखेका छन्× ।

(क्रमशः)

---

×याँट् दिस् पीरिअड् सङ्ग्सार् अफ् काङ्ग्रा...... मेड याँन् अटचाक् अन् द् राजाज् अफ् मन्डी यॉन्ड् बिलास्पुर्, हू अप्लाइड् फर् असिस्टचॉन्स् टु धर्म अफ् सिर्मौर् । दिस् चीफ् ह्यॉभिङ् रिसीभ्ड् फ्रम् देम् २००,००० रूपीज्, यॉन्ड् ह्यॉभिङ् बीन् प्रमिस्ड् यॉज् मच् मोर्, जइन्ड् देम् विद् हिज् फोर्सिज्, यॉन्ड् द् थ्री राजाज् अड्भान्स्ड् टगेदर् टु फाइट् फतेह चन्द्र, द् ब्रदर् अफ् सङ्ग्सार्, हू कम्यान्डिड् द् फोर्सिज् अफ् काङ्ग्रा । दे वेर्, हाउएभर्, एन्टाइर्लि डिफीटिड्, यॉन्ड् धर्म फेल् इन् द् बाट्ल् । ही वज् सक्सीडिड् बाइ हीज् ब्रदर् कर्ण प्रकास्* । सङ्ग्सार् नाउ पर्स्वेडिड् द् राजा अफ हनुर् टु टर्न् अगेन्स्ट् हिज् यॉलि यॉन्ड् चीफ् द् राजा अफ् सिर्मौर्, प्रमिसिङ् द्यॉट् ही वुड् रेन्डर्ड् हिम् इन्डिपेन्डन्ट्, यॉन्ड् प्लेस् हिम् यॉट् द् हेड् अफ् द् स्टेलभ् चीफ्ज् द्यॉट् ह्याड् बीन् एलिअटिनेड् फ्रम् बिलास्पुर्, यॉन्ड् रेन्डर्ड् ट्रिब्युटरि टु सिर्मौर् । अन् दिस् कर्ण इन्भाइटिड् टु हिज् असिस्टचॉन्स् अमर् सिङ्घ, द् अफिसर् हू कमान्डिड् द् फोर्सिज् अफ् द् नेपाल् गभर्न्मेन्ट् इन् गढ्वाल् । दिस् अफिसर् सेन्ट् टु हिज् असिस्टचॉन्स् भक्ति थापा विद् १००० फ्यूजिलीर्ज्, यॉन्ड् दिज्, युनाइटिड् टु द् ट्रूप्ज् अफ् सिर्मौर्, अड्भान्स्ड् टु द् वेस्ट् इन् सर्च् अफ् देर् एनमिज् । दे वेर् सून्, हाउएभर्, कम्पेल्ड् टु रिटाइर् बाइ द् युनाइटिड् फोर्सिज् अफ् सङ्ग्सार् यॉन्ड् हनुर् । अन् दिस् सङ्ग्सार् एन्टर्ड् इन्टु ए निगोशिएशन् विद् कृष्ण सिङ्घ, द् सन् अफ् ईश्वरी सिंघ, द् अङ्क्ल् अफ् कर्ण, यॉन्ड् विद् हिज् असिस्टचॉन्स् प्लन्डर्ड् द् फ्यॉमिलि अफ् द्यॉट् चीफ्, ही फ्लेड् टु असिस्ट्यॉन्स् टु अमर् सिंघ, हू अड्भान्स्ड् विद् हिज् होल् फोर्सिज्, यॉन्ड् सून् सब्डयूड् हनुर्, यॉन्ड् द् अड्जेसन्ट् कन्ट्रिज् लीभिङ् कर्ण इन् पजेशन् अफ् हिज् एस्टेट्स् । (नेपाल–वर्णन ३०४--५ पृ)

[यसैं ताका काँगडाका राजा संसारचन्दले मन्डी र विलासपुरका राजाउपर हमला गरे । मन्डी र विलासपुरका राजाले सिरमोरका राजा धर्मप्रकाशसँग गुहार मागे । धर्मप्रकाशले तिनीहरूसँग २ लाख रुपियाँ लिई तथा अझ धेरै रकम पछि पाउने वचन पाएपछि उनी आफ्नो फौज लिई तिनीहरूसँग मिल्न गए । त्यसपछि संसारचन्दका भाइ तथा काँगडाका सेनापति फतेहचन्दसँग लड्न ती तीनै जना राजा हिंडे । तर तिनीहरूले नराम्रोसँग हार खाए । धर्मप्रकाश यही लडाइँमा खेत रहे । धर्मप्रकाशपछि उनका भाइ कर्मप्रकाश सिरमोरको गद्दीमा बसे ।

---

*शुद्ध नाउँ कर्मप्रकाश हो ।(इतिहास—प्रकाश १ अङ्क १० पृ.) ।

# राजज्योतिषी लीलानाथ पाँडे

## (वि. सं. १८४३-८६)

**–दिनेशराज पन्त**

लक्ष्मीपतिका साहिँला छोरा लीलानाथ विद्वान् थिए। यिनले बनाएका तथा टीका लेखेका केही पुस्तक पनि पाइन्छन्। बाबु जस्तो यिनी राजकाजमा लागेका देखिदैनन्। उनको जीवनका घटनालाई बुझाउने सामान निकै पाइन्छन्। अब म विस्तारपूर्वक उनको विषयमा लेख्न थाल्दछु।

वि. सं. १८४३ भाद्र ३० गते लीलानाथको जन्म भएको हो। उनको जन्मपत्र (चिना) यस प्रकारको छ§—

श्रीगणेशो जयति

श्रीसरस्वत्यै नमः ॥ ॥

आदित्यादिग्रहास्सर्वे सनक्षत्रास्सराशयः ।

दीर्घमायुः प्रयछंतु (च्छन्तु) यस्येयं जन्मपत्रिका ॥ ॥


श्रीसंवत् १८४३ श्रीशाके १७०८ मासे ५ पक्षे २ तिथौ ३ घ. ३।० चतुर्थ्यां जातः अश्विनीनक्षत्रे घ. ४४।१३ भरण्यां जन्मसमये भुक्तघटिकाः ४।१० ध्रुवयोग घ. ४०।२६ व्याघात-


---

यसपछि हन्डुरलाई स्वतन्त्र पारिदिने र विलासपुरबाट अलग्गिई त्यस ताका सिरमोरको करद बनेको बाह्र ठकुराईको पनि प्रभुत्त्व दिलाइदिने बाचा गरी हन्डुरका राजालाई उनका मित्र तथा अधिपति सिरमोरका राजाको विरोधमा उठ्न संसारचन्दले उक्साए। अनि नेपालसरकारको गढवालमा बसेको फौजका सेनापति अमरसिंहसँग कर्मप्रकाशले मदत मागे। अमरसिंहले भक्ति थापाको मातहतमा १००० बन्दूकधारी सिपाही पठाइदिए। यी नेपाली सिपाही सिरमोरिया सिपाहीसँग मिली शत्रुको पीछा गर्न पश्चिमतिर लागे। ससारचन्द र हन्डुरको संयुक्त सैन्यले तिनीहरूलाई चाँडै नै फर्कन कर लगायो। अनि कर्मप्रकाशका काका ईश्वरीसिंहका छोरा कृष्णसिंहलाई आफ्नो पक्षमा मिलाई संसारचन्दले कर्मप्रकाशका जहानहरूउपर लूटपीट गरे। अनि कर्मप्रकाश भागेर अमरसिंहकहाँ मदत माग्न पुगे। यसपछि आफ्नो सारा फौज लिएर अगाडि बढी अमरसिंहले चाँडै नै हन्डुर र वरपरका राज्यमा आफ्नो अधिकार गराई कर्मप्रकाशलाई उनका प्रदेश फिर्ता दिलाइदिए।]

§यस निबन्धमा तत्तत्स्थानमा उल्लेख गरिएकाबाहेक अरू पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहका हुन्। अघिअघिका अङ्कमा पनि यही नियमअनुसार काम भएको थियो।

योगे जातः । इति चांद्र (चान्द्र) मानं ।। सौरमानाद् भाद्रपद दि ३० नगते सोमवासरे रात्रिगतघटी १७ पले ३१ षु सूर्यः ४।२८।१९।१५ लग्नं २।२७।३६।३४ एवंविधे बालवकरणसहिते पंचां (पञ्चाङ्)गे श्रीमद्रमोमारमणचरणस्मरणभजनासादितिनिर्मलांतःकरणश्रीमल्लक्ष्मीपतिपाँडेकस्य गृहे पूर्वपरिणीतपत्न्यां द्वितीयपुत्ररत्नमजनि ।। तदभिधानं च भरणीप्रथमचरणस्य इस्वरविशिष्टलकारादितेन लीलानाथ इति देवद्विजाशीर्वादाद् दीर्घायुर्भूयात्.




मतिविक्रमवानित्यर्कस्य. भावगुणान्वितो भवगते इति चंद्र (चन्द्र) स्य ।। विसुखः पीडितमानसश्च चतुर्थे इति भौमस्य. प्रबल इति बुधस्य ।। निधनगे विकलेक्षणश्च ।।§

अथ दशाः ।। ।।

| शु. | आ. | चं. | मं. | रा. | बृ. | श. | बु. | के. |
|---|---|---|---|---|---|---|---|---|
| १० | ३ | ५ | ३ | ९ | ८ | ९ | ८ | ३ |
| ० | ० | ० | ६ | ० | ० | ६ | ६ | ६ |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | १३ | १८ | २१ | ३० | ३८ | ४८ | ५६ | ६० |
| ० | ० | ० | ६ | ६ | ६ | ० | ६ | ० |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

§वराहमिहिरको बृहज्जातकको २० अध्याय (भावफलाध्याय) का २–९ श्लोकबाट यी झिकिएका हुन् ।

चन्द्रमा एकादशस्थानमा भएमा बृहज्जातकमा "ख्यातो भावगुणान्वितो भवगते ( चन्द्रमा एकादशस्थानमा भएमा प्रख्यात र आम्दानी भएको हुन्छ)" यस्तो फल लेखिएको छ । तर यहाँ "भावगुणान्वितो भवगते" मात्र लेखिएको छ ।

पू० फ. ८.

| भ. | उ. | सि. | सं. | सं. | पिं. | ध. | श्रा. |
|---|---|---|---|---|---|---|---|
| ५ | ११ | १८ | २६ | २७ | २९ | ३२ | ३६ |
| ४१ | ४७ | ५४ | ६२ | ६३ | ६५ | ६८ | ७२ |

ब्रह्माद्या निखिला देवा भास्कराद्या नव ग्रहाः ।
दीर्घमायुः प्रयच्छंतु (च्छन्तु) यस्यैषा जन्मपत्रिका ।। ।।

[श्रीगणेश ठूला हुनुहुन्छ । श्रीसरस्वतीलाई नमस्कार छ ।

सूर्य आदि ग्रह, नक्षत्र र राशिहरूले यस चिनावालालाई दीर्घायु गराऊन् ।

वि. सं. १८४३ शाके १७०८ चान्द्रमानले आश्विन कृष्ण तृतीयाको घडी ३ उप्रान्त चतुर्थी तिथिमा, अश्विनीको घडी ४४ पला १३ उप्रान्त भरणी नक्षत्रमा, जन्मेको बेलामा भरणी नक्षत्रले भोग गरेको घडी ४ पला १०, ध्रुवको घडी ४० पला २६ उप्रान्त व्याघात योगमा, सौरमानले भाद्र ३० गते सोमवार रातको घडी १७ पला ३१ जाँदा, सूर्य ४।२८।१९।१५ लग्न २।२७।३६।३४ हुँदा, बालवकरणमा, विष्णु र शिवको भक्तिले अन्तःकरण चोखो भएका श्रीलक्ष्मीपति पाँडेकी ज्येठी दुलहीले माहिला छोरा पाउनुभयो । भरणीको पहिलो पाउ परेको हुनाले इ स्वर लाएको ल आदिमा परेको लीलानाथ नाम भएका, देवता र बाहुनका आशीर्वादले दीर्घायु होऊन्

सूर्य तृतीयस्थानमा भएका हुनाले बुद्धि र पराक्रम भएका हुन्छन् । चन्द्र एकादशस्थानमा भएका हुनाले आम्दानी भएका हुन्छन् । मङ्गल चतुर्थस्थानमा भएका हुनाले सुख नभएका, दुःखी मन भएका हुन्छन् । बुध तृतीयस्थानमा भएकाले बलिया हुन्छन् । बृहस्पति एकादशस्थानमा भएकाले फाइदा भएका हुन्छन् । शुक्र पञ्चमस्थानमा भएकाले सुखी हुन्छन् । शनैश्चर अष्टम स्थानमा भएकाले आँखा कम्ती हुन्छ ।

जसको यो चिना हो । तिनलाई ब्रह्मा आदि सबै देवताहरूले र सूर्य आदि सबै ग्रहहरूले चिरञ्जीवी पारिदिऊन् । ]

काशीमा बसेका आफ्ना बाबु कृष्णानन्दलाई❁ लक्ष्मीपतिले वि. सं. १८४४ मा लेखेको पत्रमा लीलानाथको उल्लेख आएको छ ।★

---

शनैश्चर अष्टमस्थानमा भएमा बृहज्जातकमा "स्वल्पात्मजो निधनगे विकलेक्षणश्च ( शनैश्चर अष्टमस्थानमा भएमा थोरै सन्तान भएको र आँखा कम्ती भएको हुन्छ)" यस्तो फल लेखिएको छ । तर यहाँ "निधनगे विकलेक्षणश्च" मात्र लेखिएको छ ।

बुध तृतीयस्थानमा भएमा "प्रखल ( दुर्जन )" हुन्छ भनी बृहज्जातकको छापा पुस्तकमा लेखिएको छ । तर यहाँ "प्रबल" पाठ दिइएको छ । चमत्कारचिन्तामणिमा तृतीय बुधको असलै फल देखिएकोले मूल पुस्तकमा प्रबल पाठ थियो कि भन्ने अनुमान हुन्छ ।

❁कृष्णानन्द पाँडेको ग्रन्थ परिचय पूर्णिमा ७ अङ्क ६३-६६ पृ., १२ अङ्क ६१-६२ पृ. मा हेर्नुहोस् ।

★पूर्णिमा ९ अङ्कका ३८-४० पृष्ठ हेर्नुहोस् ।

काहिँला भाइ गौरीपति पाँडेको❁मृत्यु भएपछि आफ्नो भागमा परेको संपत्ति लक्ष्मीपतिले आफूले नलिई आफ्ना कान्छा भाइ पद्मनिधिलाई* दिएका थिए। वि. सं. १८५९ मा लेखिएको त्यो पत्रमा लीलानाथ पनि साक्षी बसेका छन्% ।

गोर्खा गाइखुर लीलानाथ पाँडेहरूको पुर्ख्यौली घर हो । लीलानाथका पितामह, लक्ष्मीपतिका बाबु कृष्णानन्द पाँडेले श्री ५ पृथ्वीनारायण शाहबाट गाइखुरमा जग्गा पाएका थिए । यो कुरा वि. सं. १८४१ मा लक्ष्मीपतिको नाममा भएको तलको पत्रबाट बुझिन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लक्ष्मीपति पाँडेके अघि तिम्रा बाबाकन जिज्युबाबाबाट बक्सनुभयाको सिम्ल्याटार मायावीर्ताको मोहर❀ हराइगयेछ. दबप्तर÷ हेरि मार्फत् सोधि सच्चा ठहराइ मोहर गरी मायाविर्ता थामिबक्स्यौं. उप्रेतीका षायल+ टारको× आधा सर्कार लाग्याको जगह§ भोग्य गर. कसैका दावा धक्का नास्ति. इति संवत् १८४१ आश्विन वदि ९ मु. काठमाडौं शुभम्.

**(पछिल्तिर)**

**मार्फत् काजी सरुपसि**

लक्ष्मीपतिले पनि गोर्खा गाइखुरमा जग्गा पाएका थिए । सो जग्गाको हिउँदे बालीचाहिँ वीरभद्रजङ्ग कम्पनीको नाउँमा दरिएको थियो । गाइखुरमै बसेका लक्ष्मीपतिका दाजु इन्दुमौलि† सो जग्गाको मोही बनेका थिए । वि. सं. १८६९ मा इन्दुमौलिको नाममा भएको तलको पत्रबाट यो कुरा थाहा पाइन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे इन्दुमौलि पाडेके गाइषुरका अम्बलमध्ये लक्ष्मिपति पाडेको भोगटचानि षेत १।८०▱ विरभद्रजं कम्पनिको जागीरमा दर्‍याको हिउद्या वालीबाहिक् ज्मा धान कुत मुरि ४०।१०★ र धिवषानि बिसको आठ आनाका हिसाबले चार्दाम ठेकिसमेत टलसिलाइ दिनु. टलसिले

❁गौरीपति पाँडेको अरू परिचय पूर्णिमा १२ अङ्कका ६६–७० पृ. मा हेर्नुहोस् ।

*पद्मनिधि पाँडेको अरू परिचय पूर्णिमा १२ अङ्कको ७० पृ. मा हेर्नुहोस् ।

%पूर्णिमा १२ अङ्कको ७० पृष्ठ हेर्नुहोस् ।

❀मोहर=लालमोहर । ÷दबप्तर=दफ्तर (लालमोहरहरूको नकल रहने अड्डा) । +षायल=आफूले चर्चेको जग्गा । × टार=कुलोको पानी नलाग्ने जग्गा । § जगह=जग्गा ।

†इन्दुमौलि पाँडेको अरू परिचय पूर्णिमा १२ अङ्कको ६५ पृष्ठमा हेर्नुहोस् ।

▱षेत १।८०=४५ रोपनी । ★ मुरि ४०।१०=४० मुरी १० पाथी ।

सापट् माग्दा दिनु. षेत षोसमोस नगर्नु भनि बंदेज बाधिबक्स्यौ. षातिर्जामासित ✿ टर्लसि मानि भोग्य गर. इति सम्बत् १८६९ साल मिति वैशाष सुदि १० रोज ४ + शुभम्

(पछिल्तिर)

मार्फत भीमसेन थापा

वि. सं. १८७४ मा लीलानाथले नेपालसरकारबाट गाइखुरमा छापविर्ता पाएका थिए। यो जग्गा पहिले चन्द्रेश्वर पन्थले खाएर आएका थिए। उनबाट खोसी यो जग्गा लीलानाथ पाँडेलाई दिइएको थियो। यो कुरा तलको पत्रबाट बुझिन्छ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लीलानाथ पाडेके गाईषुरका अम्बलमध्ये चन्द्रेस्वर पंथले षाया चर्च्याबमोजीमको जगा ऊस्को मोहर हानी तीमीलाई छापमोहर गरीबक्स्यौं. चपरासीका ढडामा दरी आयाबमोजीमका रुपैया सालबसाल तीरी आफ्ना षातिरजमासीत छाप§ जानी भोग्य गर. ईती सम्वत् १८७४ साल मीती मार्गसीर सुदि १३ रोज १ शुभम्.

( पछिल्तिर )

मार्फत् कितिध्वज पाँडे

वि. सं. १८७५ मा काशी जाँदा लक्ष्मीपतिले गरिदिएको पत्रमा लीलानाथको पनि उल्लेख छ× ।

वि. सं. १८६९ मा इन्दुमौलि पाँडेको नाममा भएको पत्रमा उल्लेख भएको वीरभद्रजङ्ग कम्पनीले पाउने गरेको हिउँदे बाली पछि गएर श्रीनाथ कंपुले पाउने भएको देखिन्छ। इन्दुमौलिको मृत्यु भएकोले हो वा केले हो वि. स. १८७५ मा यो जग्गाका मोही लीलानाथ पाँडे, वली कवर, सदाशिव उप्रेती बनेका देखिन्छन्। सो पत्र यस प्रकारको छ -

---

✿षातिर्जामासित =विश्वासपूर्वक ।

+यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६९ वैशाख शुक्ल

| गते | | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | ९ | बुध | दशमी | ५७। | ८ |

(पात्रोबाट)

§.छाप=सर्कारबाट छाप गरिबक्सेको जग्गा २ प्रकारको हुन्छ। ठेक तिरी खानेलाई ठेक्काछाप भन्दछन्। ठेक तिर्नुनपर्नेलाई माफिछाप भन्दछन्। सो जग्गा सनदबमोजिम खान पाउँदछन्। बेचबिखन गर्न पाउँदैनन्। (पं. भुवननाथ पाँडेको सङ्ग्रहबाट)

यो ठेक तिर्नुपर्ने छापविर्ता हो।

×.पूर्णिमा ११ अङ्कका ४३-४४ पृष्ठ हेर्नुहोस्।

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लीलानाथ पाडे वली कवर सदासिव उप्रेतीके गाइपुरका अम्बलमध्ये श्रीनाथ कंपुका जागीरमा दरियाका लक्ष्मापति षर्दारको भोगटचानी षेत १।८०❀ तस्को कुत् धान मुरि ४२।१५● हिउद्या बालीबाहेक् बीउषानी मोहोर रुपैया ४।। चार्दाम ठेकी दंदस्तुर षोलाका सरहसौत तारी टर्लसि मानु. टर्लसिले सापट् मांग्दा दिनु गरि कुतको बंदेज बाधिबक्स्यौ. सालवसाल दरिया-बमोजीमका कुत दंदस्तुर तारी टर्लसि मानी कुत जानी आफ्ना षातिरज्मासँग षेतको चलन गर. इति सम्वत् १८७५ साल मीति माघ वदि १४ रोज २* शुभम्

(पछिल्तिर)

मार्फत् भीमसेन थापा

यसरी यी पत्रहरूबाट त्यस बेला एउटै जग्गाको बाली पनि दुइ व्यक्तिले खान पाउने, एउटै जग्गाको मोही एकभन्दा बढी व्यक्ति हुन पाउने नियम थियो भन्ने देखिन्छ ।

वि. सं. १८८० श्रावणसंक्रान्तिका दिन श्री ५ राजेन्द्रबाट लीलानाथले जग्गा दान पाएका थिए । वि. सं १८८० माघ २५ गते दश वर्षका राजा राजेन्द्रको व्रतबन्ध र विवाह भएको थियो । श्री ५ राजेन्द्रको विवाह बालाजुमा भएको थियो । विवाहको अवसरमा विदेशीहरू पनि आमन्त्रित गरिएका थिए । व्रतबन्धको उपलक्ष्यमा लीलानाथ पाँडेले पनि केही जग्गा दान पाएका थिए । यी कुरा तल उद्धृत पत्रहरू र पात्रोको वाक्यबाट बुझिन्छन्—

स्वस्तिश्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्टराजभारोद्धरणषड्गग्राहीकसामर्थ× श्रीश्रीश्रीश्रीश्री-श्रीदाज्यू भीमसेन थापाका चरणतल इत: श्रीनषतारसिंहथापाकस्य कोटि कुर्नेस् साष्टांग दंडवत्सेवासेवासेवाशतम्पूर्वकपत्रमिदम्.

इत नीक ÷ ताहा पाव कुसल मंगल चरणारधीर भया हमारो सब वातको उद्धार प्रतिपाल होला. आगे आहाको समाचार भलो छ. उप्रांत आगे साल पल्टन् ली बुटवलैबाट आउनुपर्‍याछ भनि आज्ञा आउँदा आधौं नेपाल जानुपर्‍याछ. सबै कुराको तयारि गरिराषनु

---

❀षेत. १।८०=४५ रोपनी । ● मुरि ४२।१५=४२ मुरी १५ पाथी ।

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं.१८७५ माघ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | १४ | सोम | चतुर्दशी | ६ | । ४७ |

(पात्रोबाट)

×सबै उपमा दिन लायक भएका आदि सारा गुणले ठूला भएका, राजकाजको भार बोक्न, हतियार लिन समर्थ भएका ।

÷ इत नीक=यहाँ निको (सञ्चै)छ ।

भंन्या कुरा पगरीहरुलाइ× भह्लाइयो. अघि अघि नेपाल§ जाँदा पनि पालको तयारी गर्नु पर्दैनथ्यो. श्री ५ महाराजाका विबाहमा समयमा देसीहरु पनि छन्. श्रीबालाज्यूमा छाउनी गरि बस्नुपर्म्याछ. पाल सबै जनाले बनाउनुपर्छ भनी कर्णेल साहेबबाट* आज्ञा हुँदा पाल बनाउनुपऱ्योथ्यो. कपरा किन्नु. पाल सियाउनु. नेपाल जाँदा पाल बोक्न्या भरीया पनि नभै नहुन्या. कुन् हामि तिलंगाका† जागीर. पाल बनाउनुपऱ्यो भन्या षर्च ढेरै लाग्न जान्या. पाल बनाउँ कि छोराछोरि षालौं. कठिन् हुन्या रहेछ. आगे साल नेपाल जानुपऱ्यो भन्या पालको टंटा हामिलाई लागन्या होइन भनि पल्टन् कराउँछ. चरणमा विंति नगरी जबाप दियाको छैन. पाल तयारी गर्नुपऱ्यो भन्या गाह्रौ मान्न्या रह्याछन्. तसर्थ नौलो कामकाज केहि छैन. तिलंगाले गाह्रो पनि मान्दा रह्याछन्. येस् कुरामा जो आज्ञा. बाकि षैषवरका अर्थ यथास्थित छ. जाहाँउप्रांत जताबाट जो षवर आउला. सो विंति गरी पठाउँला. चरणको कुसल छेमसहित सिक्षा अति कृपा गरि पठाउदै रहनुभया बढिया होला. बहुत क्या लेषि विंति गरु. सब बातको पाउ प्रवाण❁ हुनुहुंछ. विज्ञचरणेषु किमधिकम्. इति संवत् १८८२ साल मिति चैत्र सुदि ५ रोज ४ ❀ मुकाम पालपा श्रीनगर शुभम्

(छेउमा)

शुभचिंतकउमानाथउपाध्यायस्य वेदोक्तशुभाशीर्वादःशतं शुभम्+

स्वस्तिश्रीगिरिराजचक्रचूडार्माणनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत्श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेरजङ्देवानां सदा समरविजयिनाम्

---

× पगरी=पगरी बाँधेका मानिस (सैनिक) । §नेपाल=नेपालखाल्डो (काठमाडौं)। *कर्णेल साहेब=कर्णेल उजीरसिंह थापा । † तिलंगा=सिपाही ।

❁ प्रवीण=सिपालु ।

❀यहाँ संवत् १८८२ चैत्र सुदि ५ रोज ४ भनी लेखिएको छ । वि. सं. १८८२ को पात्रोमा अन्त्यको चैत्र शुक्ल पञ्चमी बुधवार परेको छ। सो दिन वैशाख २ गते पर्छ । वि.सं. १८८३ को पात्रोमा अघिल्लो चैत्र शुक्ल पञ्चमी बुधवार परेको छ । सो दिन वैशाख २ गते छ । यताबाट वि सं. १८८३ वैशाख २ गते यो पत्र लेखिएको देखिन्छ । अघिल्लो वर्षको पात्रोमा चैत्र शुक्लपक्ष जम्मै लेखिएको हुनाले त्यसैको भरमा यस पत्रमा संवत् १८८२ चैत्र शुक्ल ५ रोज ४ लेखिएको देखिन्छ ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८३ चैत्र शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| वैशाख २ | बुध | पञ्चमी | ४४ | २८ |

(पात्रोबाट)

+यो पत्रको मूल प्रति रामजी तेवारीको सङ्ग्रहमा छ ।

अगे लीलानाथ पाडेके सम्वत् १८८० साल मिति आषाढ सुदी ७ रोज २ का दिन कर्कटसंक्रान्तीमा + हाम्रा बाहुलिबाट संकल्प भयाका षेतमध्ये षेत १ ।* औ एही साल मिति माघ सुदि ५ रोज ५ का दिन ÷ हाम्रा उपनयनमा × बाहुलीबाट संकल्प भयाको षेतमध्ये षेत ११५० × ई दुवै पटक् संकल्पका ज्मा षेत २१५० § तस्को सहबमोजीमका घड्यारीसमेत ★ प्रायश्चित्त सर्कार राषि विवाह व्रतबन्धको ओलक गादीममारष% चुमाउनी‡ गोडधुवा† आफ्ना हातले सर्कार चह्राउनु गरि सर्वांक मारी मेटी❁ कुसविर्ता▱ वितलप गरिबक्स्यौं. दहचोकका अम्बलमध्ये भडारीटार पाषो बाझो पुरानु विर्ता षेत र घड्यारी ज्मा रोपनी २९।।–)१❀ बाहेक षेत मुरी १००▨ घड्यारी पहाडको सह्र मुरि ।२८∠ ज्मा घड्यारीसमेत षेत मुरी १।२८∞ तस्को साध पुर्व ठाडो षोलसो साध लुहकील❦ दक्षिण कांह्लाको ढिक•→ साध लुहकील पश्चिम रैकर बाझो साध लुहकील उतर रैकर बाझो साध लुहकील् औ बलंबुका अम्बलमध्ये सलाडो षोलाको पानिले रोपिन्या षेतलाई लुहकीलदेखि उधो कुलो राषी अंजन् षोलाको बिह्लौटो षेत मुरी ।१६↘ अंजन् षोलाको वगर षेत मुरी ।३२↑

---

+यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८० आषाढ शुक्ल

| गते | | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | १ | सोम | सप्तमी | ४५ । १२ |

(पात्रोबाट)

* षेत १ ।=२५ रोपनी ।

÷ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८० माघ शुक्ल

| गते | | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | २५ | बृहस्पति | पञ्चमी | २३। ४३ |

(पात्रोबाट)

× उपनयन=व्रतबन्ध । × षेत ११५०=३७।। रोपनी ।। § षेत २१५०=६२।। रोपनी । ★ घड्यारी=घरले चर्चेको जग्गा । % गादीममारष=राज्याभिषेकमा लाग्ने कर । ‡चुमाउनी=राजा वा राजाका छोराको व्रतबन्धमा लाग्ने कर । † गोडधुवा=राजाकी छोरीको विबाहमा लाग्ने कर । ❁ सर्वांक मारी मेटी=कुनै किसिमको कर पनि नलाग्ने गरी । ▱ कुसबिर्ता=श्री ५ सरकारबाट कुश हाली संकल्प गरी ब्राह्मणलाई बक्सेको जग्गा । ❀ रोपनी २९।।–)१ =२९ रोपनी २ मुका १ आना १ दाम । ▨मुरी १००=२५ रोपनी । ∠मुरि ।२८=७ रोपनी । ∞ मुरी १।२८=३२ रोपनी । ❦ लुहकील=सीमाना छुट्याउन गाडिएको ढुङ्गा । •→ ढिक=थुम्को । ↘ मुरी ।१६=४ रोपनी । ↑ मुरी ।३२=८ रोपनी ।

जमा मुरी ।४८● तस्को साध पुर्व दक्षिण पश्चिम रैंकर आली साध लुहकील् उत्तर षोलाको डिल र रैंकर ढिक्को पुछार साध लुहकील औ दह्चोकका अम्बलमध्ये भडारीटार बाझो पाषो षेत मुरी १।२§ डिहि* पहाडका सह्लले मुरी ।४२÷ जमा १।४४★ तस्को साध पुर्व दोबाटो र बाझो साध लुहकील् दक्षिण रैंकर बाझो ढिक् साध लुहकील् पश्चिम आफ्ना विर्ताको साध लुहकील् उत्तर डाडो सानु बाटो साध लुहकील् एती सबै सिमानाभित्र षेत २।५०× घडचारी मुरी ।७०+ विर्ता बितलप जामी सन्तानपर्यंन्त परम सुषभोग्य गर.

यो बिर्ता संकल्प हुँदा संकल्प वाक्य पढन्या पुरोहित रघुनाथ पंडीत अर्ज्याल पानी हालन्या श्रीजनरल भीमसेन थापा काजी दलभन्जन पाडे साध लाउन्या सधियार मोदनाथ अर्ज्याल गोकुल थमाल मजाकदेवलको डगोल नकुसि यबाहाटोलको गुर्जु मटचां डगोल ब्रह्मटोलको बलभद्र डगोल अमालीबाट आयाको सिवनारां नाइक्या विष्णुनारान् महान्या पलिमहन्त महान्या कालु पाध्या वाग्ल्या पुरंधर षकुन्याल राघु पाध्या वराकोटी लक्ष्मीनारायण षकुन्याल चामु जैसी सिलुवाल दामु पाडे राधाकृष्ण षकुन्याल वागसिं मिझार मैतसिं मिझार बलंवुको मचिन्द्र द्वान्या धनरुद्र नाइक्या देवनारान् वोसिनाइक्या अमितसिं मोहिनाइक्या भिमनारान् सिवनसिं प्रधान मलभटसिं मोही-नाइक्या भाजुरां मचिन्द्रसिं प्रधान महाविर षडका विश्वनाथ पंथ उमाकांत षकुन्याल दह्चोकका अमालीबाट आयाको भाजुधन् नाइक्या महन्त महान् वंसीधर षकुन्याल विसु वाग्ल्या त्रिलोचनाथ नेवापान्या ससिधर चन्द्र पोषन्याल लक्ष्मिनारायण चापागाई बृहस्पति विडारी नारान् ढकाल लक्ष्मी-नारायण षकुन्याल चौरालीका राघु पाध्या वराकोटी दिलाराम षकुन्याल् गंगाधर षकुन्याल् विद्या-धर षकुन्याल कृष्णानन्द षकुन्याल महानन्द षकुन्याल् पुरंधर षकुन्याल् राधाकृष्ण षकुन्याल संषर पाडे विश्वनाथ पंथ टाहाषेल्या राजाराम इटनी पुरंधर इटनी तुलाराम पाध्या राघु पौडयाल् वर्जु पौडयाल् विष्णु षन्याल् रामदत्त षकुन्याल् कविराज षडका महिन्द्र षड्का दुर्गादास सिटौला कपिलास्या निलकंठ षकुन्याल डाडागाउल्या प्रताप लामा पलांचोक्या जोतिषर कडयाल तुलसीराम पंडीत रामचन्द्र अचार्य श्रीलाल मरहटा

विर्ताबारले किलाभंदा आध्यालो नचापनु. विना तक्सीर% जवद नगर्नु. जो एस बन्धेजमा रहेन. सो यस श्लोकमा भन्याको पातकी होला.

स्वदत्तां परादत्ताम्वा यो हरेद्वै वसुंधराम् ।
षष्टिवर्षसहस्त्राणि विष्टायां जायते कृमिः ।।†

---

● मुरी ।४८=१२ रोपनी । § मुरी १।२=२५।। रोपना । * डिहि=पाखो जग्गा ।
÷ मुरी ४२=१०।। रोपनी ।
★ १।४४=३६ रोपनी । × षेत २।५०=६२।। रोपनी । + मुरी ।७०=१७।। रोपनी ।

% तक्सीर=अपराध । † आफूले वा अरूले दिएको जग्गालाई जसले हर्ला । ६० हजार वर्षसम्म त्यो नरकमा पर्ला ।
यस्तै भावको श्लोक लिच्छविकालको अभिलेखमा पनि पाइन्छ (पूर्णिमा यही अङ्कका १२६-२७ पृष्ठ हेर्नुहोस् ।)

इति सम्वत् १८८२ साल मिति जेष्ट वदि ११ रोज ६* शुभम्

(पछिल्तिर)

| | | |
|---|---|---|
| मार्फत् प्राण साह | मार्फत् रणोद्योत् साह | मार्फत् भक्तविर थापा |
| मार्फत् बालनरसिंह कुबर | मार्फत् भीमसेन थापा | मार्फत् पुरोहित रघुनाथ अर्ज्याल् |
| | मार्फत् दलभन्जन पाँड | |

वि. सं. १८८० माघ २१ गते माघ शुक्ल प्रतिपदा आदित्यवार ल. ११।२७ घ. ८।२७ भ. र. म. उ. ल. ई. निसान चढाउनु पूर्वमुखेन । पश्चिममुखेन गणेश चौका वस्त्रं कलश भार

वि. स. १८८० माघ २२ गते माघ शुक्ल द्वितीया सोमवार ल. ११।२७ घ. ८।२१ मंगल-मृत्तिका आभ्युदयादि

वि. सं. १८८० माघ २३ गते माघ शुक्ल तृतीया मङ्गलवार अग्निस्थापन

वि. सं. १८८० माघ २४ गते माघ शुक्ल चतुर्थी बुधवार ल. ३।२५ रा. ग. घ. ०।२७ प्रवेशः षोपी

वि. सं. १८८० माघ २५ गते माघ शुक्ल पञ्चमी बृहस्पतिवार श्री ५ ल. १०।२ घ. १।५ चूडा ल. १०।२४ घ. ३।५५ वृतं ल. ७।१२ रा. ग. घ. २०।४१ विवाहः श्रीमहाराजस्य●

(वि. सं. १८८० को पात्रोबाट)

[ वि. सं. १८८० माघ २१ गते माघ शुक्ल प्रतिपदा आदित्यवार लग्न ११।२७ (मीनलग्नको मीननवाङ्शक) घडी ८।२७ (बिहान १० बजेर १५ मिनेट जाँदा)...मा पूर्वतिर फर्केर निशान चढाइयो। पश्चिमतिर फर्केर गणेशपूजा गरियो, वेदी बनाइयो, लुगा सिइयो, कलश सिंगारियो, भार बाँधियो ।

वि. सं. १८८० माघ २२ गते माघ शुक्ल द्वितीया सोमवार लग्न ११।२७ (मानलग्नको मीननवाङ्शक ) घडी ८।२१ मा (बिहान १० बजेर १२ मिनेट जाँदा) मङ्गलमृत्तिका ल्याइयो, आभ्युदयिक (नान्दी) श्राद्ध भयो ।

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८२ ज्येष्ठ कृष्ण (पूर्णान्तमानले)

| गते | | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| ज्येष्ठ | २ | शुक्र | एकादशी | ४४ । २३ |

(पात्रोबाट)

● पं. सुन्दरानन्द बाँडाले पनि श्री ५ राजेन्द्रको विवाहको यही मिति दिएका छन् (त्रिरत्नसौन्दर्यगाथाका २१६–१७ पृष्ठ हेर्नुहोस् ।)

बि. सं. १८८० माघ २३ गते माघ शुक्ल तृतीया मङ्गलवार अग्निस्थापन भयो ।

बि. सं. १८८० माघ २४ गते माघ शुक्ल चतुर्थी बुधवार लग्न ३।२५ (कर्कटलग्नको कुम्भनवाङ्शक) रातको घडी ०।२७ मा (बेलुका ५ बजेर ४७ मिनेट जाँदा) खोपीमा प्रवेश भयो ।

वि. सं. १८८० माघ २५ गते माघ शुक्ल पञ्चमी बृहस्पतिवार श्री ५ महाराज (राजेन्द्र-विक्रम शाह)को लग्न १०।२ (कुम्भलग्नको तुलानवाङ्शक) घडी ११५ मा (बिहान ७ बजेर १८ मिनेट जाँदा) चूडा भयो । लग्न १०।२४ (कुम्भलग्नको वृषनवाङ्शक) घडी ३।५५ मा (बिहान ८ बजेर २६ मिनेट जाँदा) व्रतबन्ध भयो । लग्न ७।१२ (वृश्चिकलग्नको तुलानवाङ्शक) रातको घडी २०।४१ मा (राति १ बजेर ५२ मिनेट जाँदा) विवाह भयो । ]

## ८० सालमा श्री ५ महाराजाका विवाहमा षर्च भयाको

| असामी | मसिना | मोटा | दाल | नुन | घ्यु | तेल | चीहुरा | आटा |
|---|---|---|---|---|---|---|---|---|
| माघ सुदी१ रोज | २।१३।६ | ५।१७।१ | .।१५।५ | .।६।१ऽ३ | ६ऽ·३।। | ·।·।१ | .।१६।. | ० |
| ये सुदी २ रोज | ३।४।७ | ७।१८।७ | २।७।५ऽ५ | .।६।३ऽ९।। | ९ऽ१।।.।।। | ·।·।७।। | ४।१३।२ | ० |
| ये सुदी ३ रोज | १।१।६ | १०।८।५ | १।७।१ | .।६।६ऽ५ | ९ऽ१।।। | .।२।४ | २।३।१ | .।१।२ |
| ये सुदी ४ रोज | .।१९।२ | ५८।१५।२ | .।८।२ | .।४।४ऽ२ | १२ऽ२।. | १।६।६ | .।१२।२ | ० |
| ये सुदी ५ रोज | ६।१४।. | २१।.।७ | ५।११।७ऽ८ | .।३।६ऽ४ | १११८ऽ१– | ३।१।५।।। | १७।२।३ | २०५।५।१।। |

माघ २१ गते–मसिनो चामल २ मुरी १३ पाथी ६ माना, मोटो चामल ५ मुरी १७ पाथी १ माना, दाल १५ पाथी ५ माना, नून ६ पाथी १ माना ३ मुठी, घिउ ६ धार्नी ३ छटाक २ तोला, तेल १ माना, चिउरा १६ पाथी

माघ २२ गते–मसिनो चामल ३ मुरी ४ पाथी ७ माना, मोटो चामल ७ मुरी १८ पाथी ७ माना. दाल २ मुरी ७ पाथी ५ माना ५ मुठी, नून ६ पाथी ३ माना ९।। मुठी, घिउ ९ धार्नी १ सेर २ पाउ ३ तोला, तेल ७।। माना, चिउरा ४ मुरी १३ पाथी २ माना

माघ २३ गते–मसिनो चामल १ मुरी १ पाथी ६ माना, मोटो चामल १० मुरी ८ पाथी ५ माना, दाल १ मुरी ७ पाथी १ माना, नून ६ पाथी ६ माना ५ मुठी, घिउ ९ धार्नी १ सेर ३ पाउ, तेल २ पाथी ४ माना, चिउरा २ मुरी ३ पाथी १ माना, पीठो १ पाथी २ माना

माघ २४ गते–मसिनो चामल १९ पाथी २ माना, मोटो चामल ५८ मुरी १५ पाथी २ माना, दाल ८ पाथी २ माना, नून ४ पाथी ४ माना २ मुठी, घिउ १२ धार्नी २ सेर १ पाउ, तेल १ मुरी ६ पाथी ६ माना, चिउरा १२ पाथी २ माना

माघ २५ गते–मसिनो चामल ६ मुरी १४ पाथी, मोटो चामल २१ मुरी ७ माना, दाल ५ मुरी १ पाथी ७ माना ८ मुठी, नून ३ पाथी ६ माना ४ मुठी, घिउ

| असामी | मसिना | मोटा | दाल | नुन | घ्यु | तेल | चिहुरा | आटा |
|---|---|---|---|---|---|---|---|---|
| ये सुदी ६ रोज | ९।१६।. | ६२।१।२ | ७।११।५ऽ६ | ११४।४ऽ९ | ६४ऽ१। | .।१७।७ | १३।१।६ | ० |
| ये सुदी ७ रोज | ८।१७।. | ३०।७।४ | ५।१५।७ | .११।३ऽ३ | ४७ऽ-।। | ० | २।।७ | ० |
| ये सुदी ८ रोज | .।१२।. | .।४।१ | .।२।१ | .।.।४ऽ४ | १ऽ२।≡ | .।.।४ | २।७।२ | .।३।. |
| ये सुदी ९ रोज | ५।१७।२ | १।१२।७ | १।३।२ऽ२ | .।५।२ | २३३ऽ।।।⁄।। | १।५।. | १५।१३।५ | ३३।.।. |
| ये सुदी १० रोज | ५।.।. | ८।.।. | १।१४।. | .।३।४ | ० | ० | ० | ० |
| ये सुदी १३ रोज | ४।१०।. | १४।.।. | ७।१८।. | .।१६।. | ० | ० | ४।.।. | ६।१५।. |
| ये सुदी १४।१५ रोज | ० | २१।१६।४ | १।१६।. | .।९।. | ऽ१।।. | ० | .।५।. | ० |

१११८ धार्नी १ सेर १ छटाक, तेल ३ मुरी १ पाथी पौने ६ माना, चिउरा १७ मुरी २ पाथी ३ माना, पीठो २०५ मुरी ५ पाथी १।। माना

माघ २६ गते–मसिनो चामल ९ मुरी १६ पाथी, मोटो चामल ६२ मुरी १ पाथी २ माना, दाल ७ मुरी ११ पाथी ५ माना ६ मुठी, नून १ मुरी १४ पाथी ४ माना ९ मुठी, घिउ ६४ धार्नी १ सेर १ पाउ, तेल १७ पाथी ७ माना, चिउरा १३ मुरी १ पाथी ६ माना

माघ २७ गते–मसिनो चामल ८ मुरी १७ पाथी, मोटो चामल ३० मुरी ७ पाथी ४ माना, दाल ५ मुरी १५ पाथी ७ माना, नून १ मुरी १ पाथी ३ माना ३ मुठी, घिउ ४७ धार्नी १ छटाक २ तोला, चिउरा २ मुरी ७ माना

माघ २८ गते–मसिनो चामल १२ पाथी, मोटो चामल ४ पाथी १ माना, दाल २ पाथी १ माना, नून ४ माना ४ मुठी, घिउ १ धार्नी २ सेर १ पाउ ३ छटाक, तेल ४ माना, चिउरा २ मुरी ७ पाथी २ माना, पीठो ३ पाथी

माघ २९ गते–मसिनो चामल ५ मुरी १७ पाथी २ माना, मोटो चामल १ मुरी १२ पाथी ७ माना, दाल १ मुरी ३ पाथी २ माना २ मुठी, नून ५ पाथी २ माना, घिउ २३३ धार्नी ३ पाउ १ छटाक २ तोला, तेल १ मुरी ५ पाथी, चिउरा १५ मुरी १३ पाथी ५ माना, पीठो ३३ मुरी

माघ ३० गते–मसिनो चामल ५ मुरी, मोटो चामल ८ मुरी, दाल १ मुरी १४ पाथी, नून ३ पाथी ४ माना

फागुन २ गते–मसिनो चामल ४ मुरी १० पाथी, मोटो चामल १४ मुरी, दाल ७ मुरी १८ पाथी, नून १६ पाथी, चिउरा ४ मुरी, पीठो ६ मुरी १५ पाथी

फागुन ३,४ गते-मोटो चामल २१ मुरी १६ पाथी ४ माना, दाल १ मुरी १६ पाथी, नून ९ पाथी, घिउ १ सेर २ पाउ, चिउरा ५ पाथी

| असामी | मसिना | मोटा | दाल | नुन | घ्यु | तेल | चौहुरा | आटा |
|---|---|---|---|---|---|---|---|---|
| फागुन वदी १ रोज | ० | .।१०।. | .।१।. | .।.।२ | ० | ० | .।५।. | ० |
| ये वदी २ रोज | ४।१२।. | ८।१८।. | १।१४।. | .।४।. | ० | ० | .।५।. | ० |
| बे वदी ४ रोज | १।६।. | १।१।. | .।५।५ | .।१।५ | ४ऽ।. | ० | ० | ० |
| ये वदी ५ रोज | ५।११।. | ९।९।२ | १।१६।२ | .।८।३ | २३ऽ।।।. | ० | ० | ० |
| ये वदी ६ रोज | ११।१९।. | २४।१६।. | ३।१३।४ | .।१७।६ | ३५ऽ२≠ | ० | ० | ० |
| ये वदी ७ रोज | .।१६।. | १।१३।. | .।६।४ | .।१।७ | ३ऽ२।. | ० | ० | ० |
| ये वदी ८ रोज | २।१८।. | ४।१५।. | .।१६।६ | .।४।२।। | ७ऽ।।। | ० | ० | ० |
| ये वदी ९ रोज | .।६।· | .।८।. | .।१।६ | .।.।४ | १ऽ. | ० | ० | ० |
| ये वदी १० रोज | .।१६।. | १।१४।. | .।५।४ | .।१६।. | ४ऽ. | .।४।४ | ० | ० |
| ये वदी १३ रोज | ० | १२।४।. | १।४।२ | .।६।१ | ० | ० | ० | ० |

फागुन ५ गते–मोटो चामल १० पाथी, दाल १ पाथी, नून २ माना, चिउरा ५ पाथी

फागुन ६ गते–मसिनो चामल ४ मुरी १२ पाथी, मोटो चामल ८ मुरी १८ पाथी, दाल १ मुरी १४ पाथी, नून ४ पाथी, चिउरा ५ पाथी

फागुन ८ गते–मसिनो चामल १ मुरी ६ पाथी, मोटो चामल १ मुरी १ पाथी, दाल ५ पाथी ५ माना, नून १ पाथी ५ माना, घिउ ४ धार्नी २ पाउ

फागुन ९ गते–मसिनो चामल ५ मुरी ११ पाथी, मोटो चामल ९ मुरी ९ पाथी २ माना, दाल १ मुरी १६ पाथी २ माना, नून ८ पाथी ३ माना, घिउ २३ धार्नी ३ पाउ

फागुन १० गते–मसिनो चामल ११ मुरी १९ पाथी, मोटो चामल २४ मुरी १६ पाथी, दाल ३ मुरी १३ पाथी ४ माना, नून १७ पाथी ६ माना, घिउ ३५ धार्नी २ सेर २ छटाक

फागुन ११ गते–मसिनो चामल १६ पाथी, मोटो चामल १ मुरी १३ पाथी, दाल ६ पाथी ४ माना, नून १ पाथी ७ माना, घिउ ३ धार्नी २ सेर १ पाउ

फागुन १२ गते–मसिनो चामल २ मुरी १८ पाथी, मोटो चामल ४ मुरी १५ पाथी, दाल १६ पाथी ६ माना, नून ४ पाथी २।। माना, घिउ ७ धार्नी ३ पाउ

फागुन १३ गते–मसिनो चामल ६ पाथी, मोटो चामल ८ पाथी, दाल १ पाथी ६ माना, नून ४ माना, घिउ १ धार्नी

फागुन १४ गते–मसिनो चामल १६ पाथी, मोटो चामल १ मुरी १४ पाथी, दाल ५ पाथी ४ माना, नून १६ पाथी, घिउ ४ धार्नी, तेल ४ पाथी ४ माना

फागुन १७ गते–मोटो चामल १२ मुरी ४ पाथी, दाल १ मुरी ४ पाथी २ माना, नून ६ पाथी १ माना

| असामी | मसिना | मोटा | दाल | नुन | घ्यु | तेल | चिहुरा | आटा |
|---|---|---|---|---|---|---|---|---|
| ये बदी ३० रोज | .।७।. | ० | .।.।७ | .।.।३ | ऽ१॥. | ० | ० | ० |
| बै सुदी १ रोज | .।११।. | ३।५।४ | .।७।४ | .।२।५ | १ऽ१॥. | .।२।. | ३।१०।. | ० |
| | ७८।७।७ | ३१०।१६।६ | ४६।१५।१ऽ१ | ९।१।७ऽ४॥ | १५८४ऽ१।–। | ७।१।७।. | ६६।१९।. | २४५।४।३॥ |

## ज्मा तेरिज

| | |
|---|---|
| चीनी | ५०० |
| मसीना | ७८।७।७ |
| मोटा | ३१०।१६।६ |
| दाल | ४६।१५।१ऽ१ |
| नुन | ९।१।७ऽ४॥ |
| घीउ | १५८४ऽ१।–। |
| तेल | ७।१।७ऽ३ |
| चीहुरा | ६६।१९।. |
| आटा | २४५।४।३॥ |

बिवाहका भोज दियाको

फागुन सुदि १३ रोज ×।१५। ।१।४। ।१३ *

(क्रमशः)

---

फागुन १९ गते–मसिनो चामल ७ पाथी, दाल ७ माना, नून ३ माना, घिउ १ सेर २ पाउ

फागुन २० गते–मसिनो चामल ११ पाथी, मोटो चामल ३ मुरी ५ पाथी ४ माना, दाल ७ पाथी ४ माना, नून २ पाथी ५ माना, घिउ १ धार्नी १ सेर २ पाउ, तेल २ पाथी, चिउरा ३ मुरी १० पाथी

### जम्मा खर्च

चिनी ५०० मुरी (?), मसिनो चामल ७८ मुरी ७ पाथी ७ माना, मोटो चामल ३१० मुरी १६ पाथी ६ माना, दाल ४६ मुरी १५ पाथी १ माना १ मुठी, नून ९ मुरी १ पाथी ७ माना ४॥ मुठी, घिउ १५८४ धार्नी १ सेर १ पाउ १ छटाक १ तोला, तेल ७ मुरी १ पाथी ७ माना ३ मुठी, चिउरा ६६ मुरी १९ पाथी, पीठो २४५ मुरी ४ पाथी ३॥ माना

* यो पत्रको मूल प्रति संशोधन–मण्डलको सङ्ग्रहमा छ ।

# गल्लीमा फ्याँकिएका कसिङ्गरको दोस्रो भाग

वि॰ सं. २००९ मा मेरो कोठाको अगाडि गल्लीमा केही पुस्तक पाइएका थिए । त्यहाँ फालिएका पुस्तकको सूची तथा त्यहाँ फालिएका नेपाली पुस्तकलाई "गल्लीमा फ्याँकिएका कसिङ्गर"को नामले नानी भोलानाथ पौडेल र धनवज्र वज्राचार्यले सम्पादन गरी जगदम्बाप्रकाशनबाट वि. सं. २०१८ मा प्रकाशित गराएका थिए । सो कामले पं. भवानीदत्त पाँडेलाई नेपाली जनसमाजको अघिल्तिर ल्याइदिएको छ ।

वि. सं. २०२१ आश्विन ४ गते पं. पूर्णनाथ पन्तले भास्करीय बीजगणितका जम्मा ११८ पत्रमध्ये १० पत्र मलाई दिए । यही वर्ष ऋषिपञ्चमीको दिन विष्णुमतीमा बग्दै आएका पुस्तकहरू मैले बटुलेथेँ, त्यसैमा यी पत्र पाएको हुँ भन्ने उनको भनाइ थियो । ११८ पत्रको अन्त्यमा

**इति श्रीजडविडनगरनिवासीसकलगणकसार्वभौमश्रीमहेश्वरोपाध्यायसुतश्रीभास्कराचार्यविरचिते सिद्धांतशिरोमणौ बीजगणिताऽध्याये द्वितीयम्।। शाके ग्रहशिवाननऋषिचंद्रगते माधवे ऽसिते पक्षे हरौ बुधेऽस्मिन् दिने लिखितं दैवज्ञहरिर्नृसिहेन नेपालदेशांतर्गतललि(त)पत्तने श्रीसर्वेश्वरसंनिधाने श्रीरामेश्वरशर्मणे ।।**

[जडविड शहरमा बस्ने गणकशिरोमणि महेश्वर उपाध्यायका छोरा भास्कराचार्यले बनाएको सिद्धान्तशिरोमणिको दास्रो अध्याय बीजगणित सिद्धियो । शाके १७५९ (वि. सं. १८९४) वैशाख कृष्ण द्वादशी बुधबारको दिन* ज्योतिषी हरिनृसिंहले नेपालदेशको ललितपुरमा सर्वेश्वरको नगीचै रामेश्वरे शर्माको लागि लेखे]

—भनी लेखिएको छ§।

यही वर्ष मार्ग ७ गते पं. पूर्णनाथको ७२ वर्षको उमेरमा मृत्यु भयो । भास्करीय बीजगणितका छापा तथा लेखोट पुस्तक मकहाँ छन् । तैपनि पाठभेद ठम्याउन यसले काम देला भनी ती १० पत्रलाई मैले सुरक्षित गरी राखेको छु ।

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८९४ वैशाख कृष्ण (पूर्णान्तिमानले ज्येष्ठ कृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | २० | बुध | द्वादशी | १८ । | १४ |

(पात्रोबाट)

§ यही पत्रको पछिल्तिरको पातामा सीसाकलमले यस्तो लेखिएको छ—

"इदं पुस्तकं पण्डितवरनेमुनीश्वरशर्मण:"

सम्वत् १९९६

वि. सं. २०२४ आश्विन १९ गते काठमाडौं केलटोल तिलङ्गाघरका देवीमानसिंह बस्न्यात-कहाँबाट संस्कृतप्रवेशिका १, चाणक्यनीतिदर्पण नेपाली टीकासहित १, हठयोगप्रदीपिका हिन्दीटीकासहित १, वसन्ततिलकभाण, गीतगोविन्द, उत्तररामचरितको जिल्द १ समेतका जम्मा ४ बटा छापा पुराना पुस्तक मैले रु. ६। मा किनी ल्याएँ ।

बसन्ततिलकभाणको मुखपृष्ठमा

वसन्ततिलकभाणः ।
श्रीमहामहोपाध्यायवरदाचार्य्यकृतः ।
श्रीयुक्तडमरुवल्लभशर्म्मणा
संशोधितः ।
श्रीयुतवसाकोपनामकभुवनचन्द्रमहोदयस्य प्रार्थनया
तद्द्वारैव सम्वादज्ञानरत्नाकरयन्त्रे यन्त्रितः ।
कलिकातायाम् ।
सम्वत् १९२५ इ. सन् १८६८

—यस्तो लेखिएको छ।

सोही पुस्तकको भूमिकामा

भाणः स एष वरदार्य्यकविप्रणीतो
नेपालदेशनिलयेन विदाम्व(दां व)रेण ।
संशोधितो भुवनचन्द्रविमुद्रितश्च
प्रीतिन्ददातु सततं रसिकान्तरेभ्यः ॥
श्रीडमरुवल्लभशर्मणा ।

[कवि वरदाचार्यले बनाएको भाण यो हो । यसलाई नेपालमा बस्ने पण्डित डमरुवल्लभ शर्माले संशोधन गरेका हुन् । भुवनचन्द्रले प्रकाश गरेका हुन् । यसले रसिकहरूलाई सधैं प्रेम दिलाओस् ]

—भनी लेखिएको छ

यताबाट पण्डित डमरुवल्लभ पन्तको मलाई संज्ञना भयो । डमरुवल्लभले बनाएको अभिज्ञान-शाकुन्तलको टीकाको छापा पुस्तक मैले डमरुवल्लभका नाति पं. खगेन्द्रवल्लभ पन्तकहाँ देखेथें । डमरुवल्लभ पन्त रानीपोखरीसंस्कृतपाठशालाका पण्डित थिए§ । श्री ३ रणोद्दीपसिंहको पालामा

§पूर्णिमा ८ अङ्क ५६ पृष्ठ।

काठमाडौं आएका बेलायतका प्राध्यापक सेसिल बेन्डालले आफ्नो यात्रावर्णनमा पं. डमरुवल्लभ पन्तको चर्चा गरेका छन् । डमरुवल्लभले काशीमा राजाराम शास्त्रीहरूसंग पढेका हुन् भन्ने खगेन्द्रवल्लभको भनाई थियो । डमरुवल्लभले पढेको प्रमाणपत्र पनि खगेन्द्रवल्लभसँग थियो । सो प्रमाणप्रत्रमा आजभोलिको जस्तो फलानो परीक्षामा उत्तीर्ण भयो भन्ने लेखिएको थिएन । यिनले फलाना फलाना ग्रन्थ पढेका छन् । यिनी पण्डितको काम गर्न समर्थ भए भनी काशिकराजकीयसंस्कृतपाठशालाका पण्डितहरू र अध्यक्षले लेखिदिइएको सो प्रमाणप्रत्र थियो ।

यसबाट डमरुवल्लभ पन्त काशीमा पढी काठमाडौंमा आई पाठशालाका पण्डित भई पुस्तक सम्पादन गर्ने तथा टीका लेख्ने काममा लागेका थिए भन्ने कुरा स्पष्ट हुन्छ । उनको मृत्यु वि. सं. १९६० तिर भएको हो । यसभन्दा बाहेक उनको विद्याको बारेमा मलाई विशेष ज्ञान छैन ।

पं. खगेन्द्रवल्लभ पन्त आफ्ना बाजेका बडा प्रशंसक थिए । उनी अहिले जीवित भएका भए डमरुवल्लभको विषयमा बढ्ता कुरा थाहा पाउन सकिन्थ्यो । उनले आफ्ना बाबुबाजेका पुस्तकहरूलाई सुरक्षित गरी राखेका थिए । उनको मृत्यु भएको अहिले १० वर्ष भयो । यसपछि ती पुस्तक कुन अवस्थामा छन्, मलाई थाहा छैन ।

वि. सं. २०२४ आश्विन २४ गते फूलपातीको दिन पूजापाठ सिद्ध्याई खानपान गरी म आफ्नो कोठाको झ्यालमा एक्लै बसिरहेको थिएँ । विद्यार्थीहरू दशैंको विदा मनाउन लागेका थिए । गल्लीमा पत्रहरू छरिएको जस्तो मलाई लाग्यो र म गल्लीमा गएँ । नभन्दै पत्र छरिएकै रहेछन् । ती पत्रहरूलाई म टिप्न लागें । गल्लीमा बसेका केही मानिसले त्यहाँ पनि छ, त्यहाँ पनि छ भनी देखाउन लागे । लौ खोजिदेऊ भनी भन्दा फोहर लागेको छ, घिन लाग्छ भने । पैसा दिउँला खोजिदेऊ भन्दा खोजिदिए र जम्मा ४१ पत्र जम्मा भए । मैले काम गरिदिनेलाई १ मोहर पुरस्कार दिएँ । डमरुवल्लभ पन्तका पनातिको घरमा काम गर्ने नोकर्नीले दसैंका लागि घर सफा गर्न कसिङ्गरसंगै यी पत्र फालेकी हो भन्ने यी पत्र खोज्नेहरूको भनाइ छ । मैले कोठामा पत्र ल्याई राखें । मेरी बहिनी नानी (सानी आमाकी छोरी=राजज्योतिषी राधानाथ लोहनीकी कान्छी गृहिणी) र मेरी कान्छी छोरी असिताले ती पत्र सफा गरी राखिदिए ।

नानी शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्तहरूले तिनको परिचय लेखे तथा त्यहाँ पाइएका नेपाली भाषाका पुस्तकको संपादन गरे ।

**कति परिश्रमले कति खर्चले**
**प्रथित पण्डित बाबु बराजुले ।**
**विविध पुस्तक सञ्चय गर्दछन्**
**अलिकता त नयाँ पनि रच्तछन् ॥ १ ॥**
**अलस सन्ततिको करमा परी**
**अलिअलीसंग हाय ढुसी परी ।**

सकल पुस्तक मक्किन थाल्दछन्
विविध बोध हरे शिव लुक्तछन् ॥ २ ॥
कति बिके अघि पुस्तक, बिक्तछन्
अझ कतैतिर बाहिर पुग्दछन् ।
सडकमा पनि पुस्तक सड्दछन्
कति नदीजलमा पनि बग्दछन् ॥ ३ ॥
शिव हरे यसरी निज देशको
विविध शास्त्ररहस्य त्यसै डुब्यो ।
यसविषे नदिईकन लोचन
अब हुँदैन नि बस्तु सुधीजन ॥ ४ ॥

—नयराज पन्त

## संस्कृतभाषाका लेखोट पुस्तक

| ग्रन्थ | जम्मा पत्र |
|---|---|
| १. रसमञ्जरीव्यङ्ग्यार्थकौमुदी (५, १९, ४३, ४९–५१, ५४, ५८–७४, ७७–८५, ८७ संख्याका पत्र ) | ३४ |
| २. तर्कसंग्रहको टीका (४, ६ संख्याका पत्र) | २ |
| ३. व्याकरण (४२ संख्याको पत्र) | १ |
| ४. अमरकोश मूल र टीका (३० संख्याको पत्र ) | १ |

## नेपाली अनुवादसहित ग्रन्थ

| | |
|---|---|
| ५. पद्मपुराणको अनुवाद (२,१३,१९ संख्याका पत्र) | ३ |

## ग्रन्थपरिचय

नेपाली भाषामा अनुवाद भएको पद्मपुराणका दोस्रो, तेह्रौं, उन्नाइसौं गरी जम्मा ३ पत्र पाइएका छन् । यी पत्र १६३ अङ्गुल लम्बा, ६ अङ्गुल ५ जौ चौडा छन् । प्रत्येक पृष्ठका अक्षर लेखिएको भागलाई सीमित गर्ने छेउछेउमा दुइ दुइ अङ्गुल जति छोडी राता र काला रेखा अङ्कित गरिएका छन् । सबै पत्रको एकातर्फ हरिताल लाइएको छ । हरिताल लाइएको पातामा रातो कालो रेखाभन्दा बाहिर बायाँपट्टि छेउमा पत्रसंख्या दिइएका छन् । पत्रसंख्याको माथि रामः लेखिएको छ । फोहरमा फालिएका हुनाले यी पत्र मैलिएका छन्

तापनि खण्डित छैनन् । दुवैतर्फ लेख छ । टाँका परेको कलमले कालो पाको मसीमा लेखिएकाले अक्षर राम्रा छन् । 'पृथुरुवाच' जस्ता विशेष अंशमा रातो मसीले चिनो लाइएको छ। पृष्ठैपिच्छे नौ नौ पंक्ति छन् । अक्षर सफा भएका र विधि पुऱ्याई लेखिएको देखिनाले यी पत्र साफी हुन् भन्ने देखिन्छ । पद्मपुराणका अनुवादक तथा लिपिकर भिन्नाभिन्नै व्यक्ति हुन् भन्ने कुरा यहाँ सारिएको अशुद्ध संस्कृत श्लोकले बुझाउँछ । अनुवादक तथा लिपिकरको विषयमा अहिले केही थाहा पाउन सकिएको छैन ।

## मूलभाग

२ पत्रको

श्च ।। यतल्पपुरूषो दोहे मम तिष्ठंति शांवृतः ।। ६ ।।

तपाजीले नारदसित विस्तार गऱ्याको मैले सम्झि राष्याछु. भूमिमा बस्याका मनुष्यहरूले पारिजात भन्याको नाम मात्रै जांदछन् भंछन्. तस्कारण इनहरूकन देषाउनानिमित्त पारिजातको वृक्ष तिमिले र मैले आफ्ना बारिमा रोपउं. तसर्थ पारीजातको बीज तपाईले ल्याउनुहवस् भनिन्.त्यो पारिजात इन्द्रले ल्याउनु नदिया इन्द्रसित संग्राम गरि पनि ल्याउनुहवस्. एति काम मपर प्रसन्न भै गर्नुहोला ।।

त्रैलोक्याधिपति चादं श्रीपतेरतिवल्लभम् ।।

यथातोहं प्रवक्षामि विष्णु त्वां मधूसूदनम् ।।

तपाजी त्रैलोक्यका ठाकुर हौ. तपाजीकि म स्त्री हुं. तपाजीकि म अतिपियारि हौ. तसर्थ म एक बिंति गर्छु. तपाजीले एक चित्त गरि सुन्नुहवस् ।।

मपिस्त्वामर्तिपतिकर कथयस्तत्र विभुता ।।

तत्र तत्रा पुनश्वास करोति हितमात्मनः ।।

तपाजीकि पियारि म जस्ति सुपात्र मैले गऱ्याको बिंति विस्तारसंग आत्माको हित गर्नानिमित्त शावधान गर्नुपऱ्यो ।।

सुतौवाच ।।

सबै जो भयाको वृत्तांत मतले ऋषिलोकछेउ कह्या ।। श्रीकृष्णले पनि सत्यभामाको बिंति सुनि हासेर हातमाला गरि पारिजातका वृक्षमंणि बस्न गया ।।

अरिध्यानं च लोकानां सविलासप्रियान्वित ।।

विवाहस्य सत्यभामं त्रैलोक्य जगतां प्रति

त्रैलोक्यका ठाकुर श्रीकृष्णले आफ्ना सेवकलाई एकातिर पठाया र सत्यभामांत एकांत गऱ्या ।। सत्यभामाले गऱ्याका बिंति सुनि परमेश्वर आया. स्वह्र सहश्र स्त्रीमा त जत्तिकि पियारि मेरो कोहि छैन. मेरो प्राण जतिको पियारी तोलाइ गरिराष्याको छ. हे सत्यभामा तिमिले गऱ्याको वृत्तांत नित्य इद्रादि देव सब देवता महादेवसित ऋतु ल्याई संग्राम गरेर इन्द्रक्षेउको

पारिजात ल्याइ तिमिलाई दिजाँ. तम्रा मनमा क्या कुरा गर्नाको इछा छ. सो कुरा म कहंछु. सुन्नुहवस् ।। हे पृये केहि कुरो भंनु छ. केहि कुरो नभन्नु पनि छ. तिमि मेरि पियारि हुनाले म कहंछु. शुन्नहवस ।।

सत्यभामा उवाच ।।

दानं तपो बृतो वापि किं पूर्वकृतजन्मया ।।

तेनाह सत्यसंभाषा मम भासं भयं कलां ।।१२।।

सत्यभामाले सुध्यायोन्. हे परमेश्वर तिमि कस्ता हौ भन्या केहि कुरो मन्मा चिताउनु कुरो हुन्या अतर्य्यामि छौ. पूर्वन्ममा मैले क्या दान गऱ्याका फलले तिमि जस्ता स्वामि पाजा ।।

तवांगाधणमानित्यं गरूडोपरिगामिनि

इन्द्रादिदेवता सर्वे संगमं च त्वया सह ।। १३ ।।

हे परमेश्वर गरूडमाथि अश्वारि भैकन मलाइ काषमा लियेर इन्द्रादि देवताका साभाभन्दा मलाई मानिक गरि राषनुभयोः ।।

अतस्त्वां प्रष्टुमिछामि किं कृतं मनु

१३ पत्रको

गर्नु. नारायणको भक्ति गरि नैवेद्य फलफुल पक्वान षीर पंचामृत पान सुपारि कृतसक्य यथाशक्तिले पूजा गर्नुः जाग्रीत गरि गीतवादित्य गर्नु. जस्मनुष्यले एस्ता त्रहसित मेरो पूजा गर्ला. तस्मनुष्यको पूर्वजन्मको प्रायश्चित्य छुटला. गीतवादि गर्न्या मनुष्यलाई हजार गाई दान गऱ्याजतिको पुंन्य होला. विष्णुको श्लोक पन्हुं. कार्तिकको माहात्मा सुन्नु. एति गऱ्यापछि पूर्णेमाका दिनः शक्तिसहित बृाह्मणलाई भोजन गराउनु. वस्त्र दक्षिना जो सक्याको दिनु. अघिल्ला दिन पूजा गरि सबं देवतालाइ निमंत्रना गरि काला तील हालि तुलसीलाई चह्राउनु ।। ताहाप्रांत विष्णुको पूजा गर्नु ।। उप्रांत कथाहा सुन्नुकन कथाहा बाचन्या ब्राह्मणलाई गुरू तुल्याइ पूजा गर्नु. सक्या गहना वस्त्र दिनु. कथाहा कहन्याकि स्त्रीलाइ पनि वस्त्रा दिनुः ।। वाहाप्रांतः बृाह्मणक्षेउ विंति गर्नुः हे बृाह्मणहो मैले सात जन्मदेषि गरि आयाको पाप सबै मोचन गरि आसिक् दिनुहवस्ः मैले धर्म्म गऱ्याको तपाजीका कृपाले हो. मेरा धनदानले मेरा छोराछोरिलाइ सदा मनोवांछा सिद्धिकन हवस् भनि आसिर्वाद दिनुहवस्. म मऱ्यापछि वैकुंठमा वास हवस् भनि बिंति गर्नुः कथाहा सुन्नु, वाहाप्रांत ब्राह्मणलाई दक्षिणा दिनु. एति गरिसक्यापछि आफुले फलाहार गर्नु. हे सत्यभामा एस्तै प्रकारले पृथु राजालाइ नारद कहंछन्. हे पृथु राजा जो मनुष्यले कातिकको वृत गर्लाः तस्मनुष्यको पाप सबै मुक्त भै विष्णुका हजुरमा बस्न पावला. यो धर्म गर्न्या मनुष्यलाइः सबै धर्म्म गऱ्याको सबै तीर्थमा स्नान गऱ्याको कोटि जज्ञ गऱ्या जतिको फलित पावलाः सबै प्रायश्चित्तले छाडि भागला. जश्ले एकचित्त गरि कार्तिकको महात्मा शुनलाः तस्मनुष्यले परंपदकन पावला. जो मनुष्यले यो कथाहा कहलाः तश्लाई पनि शुन्यालाई पनि तस्का फलले स

प्रायश्चित्त छुटिजाला: वैकुंठमा वास होला: सात जन्मसम्म स्वर्गमा रहनु छ. हे सत्यभामा एस्तै त्रहले शुत पौरान्यक शौनकादि ऋषिलाइ कह्या भनि नारद मुनिले पृथु राजालाइ कह्दा भया: ।।

इति श्रीपद्मपुराणे कार्तिकमहात्मे उद्यापनविधिर्नाम: ।। ८ ।।

पृथुरुवाच ।।

हे सत्यभामा नारदमुनिक्षेउ पृथु राजाले शुध्याउछन्. हे नारद मुनि हजूरले आज्ञा गऱ्याको वृतांत शुनिसक्यां. हे नारद तुलसीका वृक्षमा क्या अर्थले परमेश्वर बस्नुभयो: सबै देवताका ठाकुर भैकन क्या अर्थले तुलसीका वृक्षमा राजु भयाछन्. यो विस्तार मैले केही जांदिन: तपाजीले मकन कहनुहवस्. हे नारद तुलसी काहांबाट उत्पत्ति भयो भनी सुध्याउदा नारदले कहंछन्.

नारद उवाच ।।

हे पृथु राजा

१६ पत्रको

आँ. तर तिमिछेउ एक् चीज मात्रै रहेनछ. क्या चीज भन्या माहादेवका जतिकि स्त्री मात्रै रहिनछ भन्या र एति नारदको वचन शुनिकन सर्म्म मानि भन्यो. हे नारद मेरा आसनमा पावलाग्नुहवस् भन्या र नारद उठेर जलंधरका आसनमा बस्न गया. जलंधर उठ्यो र राहुलाई बोलाई हे राहुँ त कैलास पर्वतमा जाई महादेवकन एस्तो भन्भछ. हे महादेव जलंधरछेउ सबै रत्न छन्. स्त्रीरत्न मात्रै छैनन्. तस्कारण हिमालय पर्वतकि छोरि गौरि हामिलाइ दिनुपऱ्यो. मागि ल्याउ भनि अह्राया र राहु कैलासपर्वतमा गयेर भंछ ।।

राहुवाच ।।

हे महादेव त्रैलोक्यका अधिपति जलंधरले मलाई पठाया र म तिमिछेउ आजाँ. हे महादेव तपाँजीले मेरा बचन शुनिकन मान्नुहवस्. हे माहादेव. :तिमि कस्ता हौ भन्या: सदाकालै मसानमा बस्न्या बघंबर बोढन्या विभूत अंगमा चढाउन्या वृषभमा चढि हिडन्या एस्ता तिमिकन हिमालयपर्वतट्ट छोरि गौरी तस्रा जोग्यकि छैनन्. तस्कारणले सबै संसारका ठाकुर अधिपति भयाका राजा जलंधरलाइ जोग्य हो. दिनुहवस् भनि भन्यो र एति राहुको वचन शुनि श्रीमहादेव अतीक्रोध भया र नेत्रदेषि एक पुरुष श्रिष्टि गऱ्या र कस्तो पुरुष भन्या: महाभयंकररूप अग्निका जस्तो तेज भयाको त तस्का गर्जदा: तिन लोक कंपमान हुन्या हेर्दा पनि तिमि नै लोक समय भयो. चितो भन्या जस्तो देष्यो र श्रीमाहादेवक्षेउ बिंति गर्छ. हे महादेव: म ता केहि जांदिन. अर्काको गरायो गर्न्या हुं. दूत पठायाथ्याँ र म आयाँथ्याँ: तिमिले मेरो रक्षा गर्नुहवस् भनि बिंति गर्दा तेस राहुको बिंति शुनि तेस पुरुषलाइ श्रीमहादेव आज्ञा गर्छन्: हे पुरुष तेस दूत आउन्या राहुलाइ षानु छैन भनि आग्या गऱ्या: पुरुषले पनि आग्यामा बिंति गर्छन् ।।

पुरुष उवाच ।।

हे महादेव मलाइ अती भोक लाग्यो. क्या षां भनि बिंति गर्दा: महादेव आग्या गर्छन्. ।।

इश्वर उवाच ।।

हे पुरुष तेरा हात दाँतले जाहासम्म पुग्छ ताहासम्म तेरै माशु षा भनि श्रीमहादेवको आग्या भयो र नाआँगका माशु आफैले षायो. श्रीमाहादेव संतुष्ट भया र वरदान दिया. हे पुरुष तैले सदा मेरा द्वारमा वस्न पावस्. अघि तेरो पूजा नगरिः मेरा पूजा गर्न्यालाइ निस्फल हवस् भनि वरदान दिया ।। ताहाःप्रांत माहादेव दुत आउन्या राहुलाइ फर्कि जा भनि पठाया रः तेस राहुले मेरो पुन जन्म भयो भनि सबै वृत्तांत कुरा जलंधरक्षेउ जाई कह्यो भनि शुत पौराण्यक ऋषिहरूले नैमिषारंन्यक्षत्रबिषे कह्याः नारद मुनिले पृथु राजालाइ कहदा भयाः ।।

इतिश्रीय

*‡*

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

## सम्पादक तथा अनुवादक —रामजी तेवारी

१२ प्रक्रम– ८ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि ग्रन्थारम्भकाल (वि. सं. १८५४) र त्यसपछिका वर्षको चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याउने रीति विद्यार्थीको मनमा राम्रोसँग चढ्छ । अब हामी वि. सं. १८५४ भन्दा अगाडिका वर्षको चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याउने उदाहरण दिन्छौं ।

### १ उदाहरण

विक्रमसंवत् १८५३ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याउँदा विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्) ।

वर्षगण ऋण १ लाई १३२ ले गुन्दा गुणनफल ऋण १३२ अंश आउँछ । गुणनफल ऋण १३२ अंशलाई १७० ले भाग लिदा लब्धि ऋण ० अंश ४६ कला ३५ विकला १७ प्रतिविकला ३९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।४६।३५।१७।३९ लाई

गुणनफल ऋण १३२ अंशमा जाड्दा योगफल ऋण १३२ अंश ४६ कला ३५ विकला १७ प्रतिविकला ३९ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ऋण १३२।४६।३५।१७।३९ मा धन १५८ अंश जोड्दा योगफल धन २५ अंश १३ कला २४ विकला ४२ प्रतिविकला २१ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल धन २५।१३।२४।४२।२१ प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई १० ले भाग लिंदा लब्धि ऋण ० कला ६ विकला आउँछ । कलादि यो लब्धि ऋण ०।६ लाई कलारूप वर्षगण ऋण १ मा जोड्दा योगफल ऋण १ कला ६ विकला आउँछ । कलादि यो योगफल ऋण १।६ लाई १२ ले भाग लिंदा लब्धि ऋण ० कला ५ विकला ३० प्रतिविकला आउँछ । कलादि यो लब्धि ऋण ०।५।३० द्वितीयफल हुन्छ ।

अंशादि प्रथमफल धन २५।१३।२४।४२।२१ र कलादि द्वितीयफल ऋण ०।५।३० को योग गर्दा योगफल धन २५ अंश १३ कला १९ विकला १२ प्रतिविकला २१ प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) २५ अंश १३ कला १९ विकला १२ प्रतिविकला २१ प्रतिप्रतिविकला हुन्छ ।

```
        १३२
     ×(−१) वर्षगण
     ─────────
      −१३२ अंश

१७०)−१३२ अंश (−०।४६।३५।१७।३९ अंशादि
       ×६०
      ─────
  १७ ) १३२              ३००
        ×६               १७
      ─────            ─────
       ७९२              १३०
       ६८               ११९
      ─────            ─────
       ११२               ११
       १०२              ×६०
      ─────            ─────
        १०              ६६०
       ×६०               ५०
      ─────            ─────
       ६००              १५०
        ५१
      ─────
        ९०
        ८५
      ─────
         ५
       ×६०
      ─────
       ३००
```

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| −१३२ | ० | ० | ० | ० |
| − ० | ४६ | ३५ | १७ | ३९ |
| −१३२ | ४६ | ३५ | १७ | ३९ |

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| १५८ | ० | ० | ० | ० | |
| −१३२ | ४६ | ३५ | १७ | ३९ | |
| २५ | १३ | २४ | ४२ | २१ | प्रथमफल |

१०)−१ वर्षगण (−०।६ कलादि

×६०

१) १

×६

६

| क. | वि. | |
|---|---|---|
| −१ | ० | वर्षगण |
| −० | ६ | |
| −१ | ६ | |

१२)−१।६( −०।५।३० कलादि द्वितीयफल

×६०

६०

६

६६

६०

६

६०

१) ६

५

३०

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| २५ | १३ | २४ | ४२ | २१ | प्रथमफल |
| −० | ० | ५ | ३० | ० | द्वितीयफल |
| २५ | १३ | १९ | १२ | २१ | |

यस कारण

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| २५ | १३ | १९ | १२ | २१ |

वि. सं. १८५३ का चन्द्रमाका ध्रुव
(मेषङ्क्रान्तिकालका मध्यम चन्द्रमा)

## २ उदाहरण

विक्रमसंवत् १७३८ को चन्द्रमाको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा ) ल्याउँदा

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो ( ३ प्रक्रमको २ उदाहरण हेर्नुहोस् )

वर्षगण ऋण ११६ लाई १३२ ले गुन्दा गुणनफल ऋण १५३१२ अंश आउँछ । गुणनफल ऋण १५३१२ अंशलाई १७० ले भाग लिँदा लब्धि ऋण ९० अंश ४ कला १४ विकला ७ प्रतिविकला ४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ९०।४।१४।७।४ लाई गुणनफल ऋण १५३१२ अंशमा जोड्दा योगफल ऋण १५४०२ अंश ४ कला १४ विकला ७ प्रतिविकला ४ प्रतिप्रतिविकला आउँछ । १५४०२ अंशलाई ३६० ले तष्ट गर्दा २८२ शेष रहन्छ। यस कारण अंशादि ऋण २८२।४।१४।७।४ आउँछ। अंशादि यो योगफल ऋण २८२।४।१४।७।४ मा धन १५८ अंश जोड्दा योगफल ऋण १२४ अंश ४ कला १४ विकला ७ प्रतिविकला ४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ऋण १२४।४।१४।७।४ प्रथम–फल हुन्छ ।

वर्षगण ऋण ११६ लाई १० ले भाग लिँदा लब्धि ऋण ११ कला ३६ विकला आउँछ । कलादि यो लब्धि ऋण ११।३६ लाई कलारूप वर्षगण ऋण ११६ मा जोड्दा योगफल ऋण १२७ कला ३६ विकला आउँछ। कलादि यो योगफल ऋण १२७।३६ लाई १२ ले भाग लिँदा लब्धि ऋण १० कला ३८ विकला आउँछ । कलादि यो लब्धि ऋण १०।३८ द्वितीय-फल हुन्छ ।

अंशादि प्रथमफल ऋण १२४।४।१४।७।४ र कलादि द्वितीयफल ऋण १०।३८ को योग गर्दा योगफल ऋण १२४ अंश १४ कला ५२ विकला ७ प्रतिविकला ४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो योगफल ऋण १२४।१४।५२।७।४ लाई ३६० अंशबाट घटाउँदा शेष २३५ अंश ४५ कला ७ विकला ५२ प्रतिविकला ५६ प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १७३८ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) २३५ अंश ४५ कला ७ विकला ५२ प्रतिविकला ५६ प्रतिप्रतिविकला हुन्छ ।

```
      १३२
  ×(−११६)  वर्षगण
  ———————
      ७९२
     १३२
    १३२
  ———————
  −१५३१२  अंश
```

१७०) –१५३१२ अंश ( –९०।४।१४।७।४ अंशादि
१५३०
———
१२
×६०
———
१७) १२
×६
———
७२
६८
———
४
×६०
———
२४०
१७
———
७०
६८
———
२
×६०
१२०
११९
———
१
×६०
———
६०

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि |
|---|---|---|---|---|
| –१५३१२ | ० | ० | ० | ० |
| – ९० | ४ | १४ | ७ | ४ |
| –१५४०२ | ४ | १४ | ७ | ४ |

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| – २८२ | ४ | १४ | ७ | ४ |

३६०)१५४०२(४२
१४४०
———
१००२
७२०
———
२८२

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| —२८२ | ४ | १४ | ७ | ४ | |
| १५८ | ० | ० | ० | ० | |
| —१२४ | ४ | १४ | ७ | ४ | प्रथमफल |

१०)–११६ वर्षगण(–११।३६ कलादि
१०
———
१६
१०
———
६
×६०
———
१) ६
×६
———
३६

| कला | विकला | |
|---|---|---|
| —११६ | ० | वर्षगण |
| — ११ | ३६ | |
| —१२७ | ३६ | |

१२)—१२७।३६(–१०।३८कलादि द्वितीयफल

१२
७
×६०
४२०
३६
४५६
३६
९६
९६

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| —१२४ | ४ | १४ | ७ | ४ | प्रथमफल |
| — ० | १० | ३८ | ० | ० | द्वितीयफल |
| —१२४ | १४ | ५२ | ७ | ४ | |

| अं. | क. | वि. | प्र. | प्र. प्र. वि. |
|---|---|---|---|---|
| ३६० | ० | ० | ० | ० |
| –१२४ | १४ | ५२ | ७ | ४ |
| २३५ | ४५ | ७ | ५२ | ५६ |

यस कारण

| अ. | क. | वि. | प्र. | प्र. प्र. वि. | |
|---|---|---|---|---|---|
| २३५ | ४५ | ७ | ५२ | ५६ | । वि.स. १७३८ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यमचन्द्रमा) |

## ९ प्रश्नमाला

तल दिइएका वर्षका चन्द्रमाका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यमचन्द्रमा) ल्याऊ ।

(१) वि. सं. १८११
(२) वि. सं. १८१०
(३) वि. सं. १७३१
(४) वि. सं. १७३२
(५) वि. सं. १६१६
(६) वि. स. १६१५
(७) वि. सं. १५३८
(८) वि. सं. १५३७
(९) वि. सं. १४४४
(१०) वि. स. १४४३
(११) वि. सं. १३५२
(१२) वि. सं. १३५३
(१३) वि. स. १
(१४) वि. सं. ०

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | २०८ | ३२ | ४५ | ५१ | ११ |
| [२] | ७५ | ४६ | ५ | ३ | ३२ |
| [३] | २६ | १८ | २२ | [illegible] | २५ |
| [४] | १५९ | ५ | ३ | ७ | ४ |

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [५] | २३६ | ५० | ११ | ० | ० |
| [६] | १०४ | ३ | ३० | १२ | २१ |
| [७] | ३२० | ९ | ९ | ३ | ३२ |
| [८] | १८७ | २२ | २८ | १५ | ५३ |
| [९] | ७९ | १ | १४ | २४ | ४२ |
| [१०] | ३०६ | १४ | ३३ | ३७ | ३ |
| [११] | १०३ | २६ | ४१ | २१ | ११ |
| [१२] | २३६ | १३ | २२ | ८ | ५० |
| [१३] | ० | २२ | ८ | ३० | ० |
| [१४] | २२७ | ३५ | २७ | ४२ | २१ |

१३ प्रक्रम—विक्रमसंवत् २०२२ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)को अंशादि १४४।४२।१३। २४।४२ र विक्रमसंवत् २०२३ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)को अंशादि २७७।२८।५४।१२।२१ छन्। यी उदाहरणबाट १ वर्षमा चन्द्रमाको अंशादि १३२।४६।४०।४७।३९ बढ्दो रहेछ भन्ने देखिन्छ। यस कारण अंशादि १३२।४६।४०।४७।३९ लाई १, २, ३, इत्यादि अङ्कले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि मध्यम चन्द्रमालाई* क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ।

## २ सारणी

क्षेपक [ वि. सं. ० को चन्द्रमाको ध्रुव (मेषङ्क्रान्तिकालका मध्यमचन्द्रमा) ]

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

= २२७ । ३५ । २७ । ३६ । ५४

*वि.सं. १८५४ को चन्द्रमाको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा ) १५८ अंश हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन्। १ वर्षको चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)को गति अंशादि १३२।४६।४०।४७।३९ हुन्छ। यस कारण चन्द्रमाको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा )को वार्षिक गतिलाई १८५४ ले गुनी आएको फललाई १५८ अंशबाट घटाउँदा वि. सं. ० को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) आउँछ।

१३२।४६।४०।४७।३९ लाई १८५४ ले गुन्दा गुणनफल अंशादि २९०।२४।३२।२३।६ आउँछ। गुणनफल अंशादि २९०।२४।३२।२३।६ लाई १५८ अंशबाट घटाउँदा अंशादि २२७। ३५।२७।३६।५४ आउँछ। यो अंशादि २२७।३५।२७।३६।५४ वि. सं. ० को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) हुन्छ।

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १ | १३२ | ४६ | ४० | ४७ | ३९ |
| २ | २६५ | ३३ | २१ | ३५ | १८ |
| ३ | ३८ | २० | २ | २२ | ५७ |
| ४ | १७१ | ६ | ४३ | १० | ३६ |
| ५ | ३०३ | ५३ | २३ | ५८ | १५ |
| ६ | ७६ | ४० | ४ | ४५ | ५४ |
| ७ | २०९ | २६ | ४५ | ३३ | ३३ |
| ८ | ३४२ | १३ | २६ | २१ | १२ |
| ९ | ११५ | ० | ७ | ८ | ५१ |
| १० | २४७ | ४६ | ४७ | ५६ | ३० |
| २० | १३५ | ३३ | ३५ | ५३ | ० |
| ३० | २३ | २० | २३ | ४९ | ३० |
| ४० | २७१ | ७ | ११ | ४६ | ० |
| ५० | १५८ | ५३ | ५९ | ४२ | ३० |
| ६० | ४६ | ४० | ४७ | ३९ | ० |
| ७० | २९४ | २७ | ३५ | ३५ | ३० |
| ८० | १८२ | १४ | २३ | ३२ | ० |
| ९० | ७० | १ | ११ | २८ | ३० |
| १०० | ३१७ | ४७ | ५९ | २५ | ० |
| २०० | २७५ | ३५ | ५८ | ५० | ० |
| ३०० | २३३ | २३ | ५८ | १५ | ० |
| ४०० | १९१ | ११ | ५७ | ४० | ० |
| ५०० | १४८ | ५९ | ५७ | ५ | ० |
| ६०० | १०६ | ४७ | ५६ | ३० | ० |
| ७०० | ६४ | ३५ | ५५ | ५५ | ० |
| ८०० | २२ | २३ | ५५ | २० | ० |
| ९०० | ३४० | ११ | ५४ | ४५ | ० |
| १००० | २९७ | ५९ | ५४ | १० | ० |
| २००० | २३५ | ५९ | ४८ | २० | ० |
| ३००० | १७३ | ५९ | ४२ | ३० | ० |
| ४००० | १११ | ५९ | ३६ | ४० | ० |
| ५००० | [illegible] | ५९ | ३० | ५० | ० |

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकल |
|---|---|---|---|---|---|
| ६००० | ३४७ | ५९ | २५ | ० | ० |
| ७००० | २८५ | ५९ | १९ | १० | ० |
| ८००० | २२३ | ५९ | १३ | २० | ० |
| ९००० | १६१ | ५९ | ७ | ३० | ० |
| १०००० | ९९ | ५९ | १ | ४० | ० |

१४ प्रकम-२ सारणीबाट इष्ट विक्रमसंवत्को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू । योगफल क्षेपकमा जोड्नू । योगफल इष्ट विक्रमसंवत्को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) हुन्छ । अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू) ।

जस्तै—

विक्रमसंवत् १८७१ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याउँदा ।

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १००० वर्षका अंशादि | २९७ | ५९ | ५४ | १० | ० |
| ८०० वर्षको अंशादि | २२ | २३ | ५५ | २० | ० |
| ७० वर्षका अंशादि | २९४ | २७ | ३५ | ३५ | ३० |
| १ वर्षको अंशादि | १३२ | ४६ | ४० | ४७ | ३९ |
| १८७१ | ७४७ | ३८ | ५ | ५३ | ९ |

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

३६०)७४७(२    २७ । ३८ । ५ । ५३ । ९<br>
  ७२०<br>
  २७

क्षेपक=वि. सं. ० को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)को

अंशादि २२७ । ३५ । २७ । ३६ । ५४

वि. सं. १८७१अं को शादि २७ । ३८ । ५ । ५३ । ९

२५५ । १३ । ३३ । ३० । ३

वि. सं. १८७१ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)

अं. । क. । वि. । प्र. प्र. प्र. वि.

२५५ । १३ । ३३ । ३० । ३

यस कारण विक्रमसंवत् १८७१ को चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा)को अंशादि २५५।१३।३३।३०।३ हुन्छ ।

## १० प्रश्नमाला

१४ प्रक्रमको रीतबाट तल दिइएका वर्षका चन्द्रमाका ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ल्याऊ ।

| | | |
|---|---|---|
| (१) वि. सं. २०२३ | (१२) वि. सं. १८७० | (२३) वि. सं. १६१६ |
| (२) वि. सं. २०२२ | (१३) वि. सं. १९६० | (२४) वि. सं. १६१५ |
| (३) वि. सं. २०२१ | (१४) वि. सं. १९६१ | (२५) वि. सं. १५३८ |
| (४) वि. सं. २०२० | (१५) वि. सं. १९७० | (२६) वि. सं. १५३७ |
| (५) वि. सं. २०१९ | (१६) वि. सं. १९७१ | (२७) वि. सं. १४४४ |
| (६) वि. सं. २०१८ | (१७) वि. सं. १८५४ | (२८) वि. सं. १४४३ |
| (७) वि. सं. १८६० | (१८) वि. सं. १८५५ | (२९) वि. सं. १३५२ |
| (८) वि. सं. १८६१ | (१९) वि. सं. १८११ | (३०) वि. सं. १३५३ |
| (९) वि. सं. १८६७ | (२०) वि. सं. १८१० | (३१) वि. सं. १ |
| (१०) वि. सं. १८६८ | (२१) वि. सं. १७३१ | (३२) वि. सं. ० |
| (११) वि. सं. १८६९ | (२२) वि. सं. १७३२ | |

## उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| (१) | २७७ | २८ | ५४ | १२ | ५१ |
| (२) | १४४ | ४२ | १३ | २५ | १२ |
| (३) | ११ | ५५ | ३२ | ३७ | ३३ |
| (४) | २३९ | ८ | ५१ | ४९ | ५४ |
| (५) | १०६ | २२ | ११ | २ | १५ |
| (६) | ३३३ | ३५ | ३० | १४ | ३६ |
| (७) | २३४ | ४० | ४ | ४५ | ५४ |
| (८) | ७ | २६ | ४५ | ३३ | ३३ |
| (९) | ८३ | ६ | ५० | १९ | २७ |
| (१०) | २१६ | ५३ | ३१ | ७ | ६ |
| (११) | ३४९ | ४० | ११ | ५४ | ४५ |
| (१२) | १२२ | २६ | ५२ | ४२ | २४ |
| (१३) | १९२ | २८ | ४ | १० | ५४ |

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| (१४) | ३२५ | १४ | ४४ | ५८ | ३३ |
| (१५) | ८० | १४ | ५२ | ७ | २४ |
| (१६) | २१३ | १ | ३२ | ५५ | ३ |
| (१७) | १५८ | ० | ० | ० | ० |
| (१८) | २९० | ४६ | ४० | ४७ | ३९ |
| (१९) | २०८ | ३२ | ४५ | ५१ | ३ |
| (२०) | ७५ | ४६ | ५ | ३ | २४ |
| (२१) | २६ | १८ | २२ | १९ | ३ |
| (२२) | १५९ | ५ | ३ | ६ | ४२ |
| (२३) | २३६ | ५० | १० | ५९ | १८ |
| (२४) | १०४ | ३ | ३० | ११ | ३९ |
| (२५) | ३२० | ९ | ९ | २ | ३६ |
| (२६) | १८७ | २२ | २८ | १४ | ५७ |
| (२७) | ७९ | १ | १४ | २३ | ३० |
| (२८) | ३०६ | १४ | ३३ | ३५ | ५१ |
| (२९) | १०३ | २६ | ४१ | १९ | ४२ |
| (३०) | २३६ | १३ | २२ | ७ | २१ |
| (३१) | ० | २२ | ८ | २४ | ३३ |
| (३२) | २२७ | ३५ | २७ | ३६ | ५४ |

सूत्र (२,३ प्रक्रमको रीत)बाट आएका मेषसङ्क्रान्तिका वारादि र १ सारणी (४,५ प्रक्रमको रीत )बाट आएका मेषसङ्क्रान्तिका वारादि ट्वाक्क मिल्न आउँछन् । यहाँ भाग लिँदा निःशेष भएको हुनाले मिल्न आएको हो ।

सूत्र (११, १२ प्रक्रमको रीत)बाट आएका चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) र २ सारणी (१३, १४ प्रक्रमको रीत)बाट आएका चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) ट्वाक्क मिल्न आउँदैनन् । यहाँ भाग लिँदा शेष छाडिएको हुनाले मिल्न नआएको हो । विकलासम्म लिँदा फरक पर्दैन ।

**(क्रमशः)**

§—§

[क्रमागत]

# त्रिकोणमिति (ज्योत्पत्ति)

## पहिलो अध्याय

–नयराज पन्त

४८ प्रक्रम–

जसरी भास्करले १२० त्रिज्यामा १०, १० अंश फरक पारी ज्याका खण्ड दिई तिनबाट अभीष्ट चापका ज्या ल्याएका छन्, त्यसै गरी ब्रह्मगुप्तले १५० त्रिज्यामा १५,१५ अंश फरक पारी ज्याका खण्ड दिई तिनबाट अभीष्ट चापका ज्या ल्याएका छन्। (२१ प्रक्रम हेर्नुहोस्।)

त्रिंशत्सनवरसेन्दुजिनतिथिविषया (३९।३६।३०।२४।१५।५) गृहार्द्ध–
चापानाम्।
अर्द्धज्याखण्डानि ज्याभुक्तैक्यं सभोग्यफलम्॥ ४३॥
ज्याखण्डोने शेषे गुणिते नवभिः शतैरशुद्धहृते।
क्षेप्याणि शुद्धखण्डैर्गुणितानि शतानि नव चापम्॥ ४४॥

(खण्डखाद्यक त्रिप्रश्नाधिकार ७–८ श्लोक)

[१५, ३०, ४५, ६०, ७५, ९० अंशका ज्याखण्ड क्रमैले ३९, ३६, ३१, २४, १५, ५ हुन्छन्।

चापबाट ज्या ल्याउने रीति—

इष्ट चापलाई कला बनाई ९००ले भाग लिनू, लब्धितुल्य गतखण्ड आउँछन्। शेषकलालाई एष्यखण्डले गुन्नू, गुणनफललाई ९०० ले भाग लिई लब्धि ल्याउनू, यस लब्धिलाई गतखण्ड (इष्ट चापको कलालाई ९०० ले भाग लिंदा जति लब्धि आएको छ, त्यतिवटा उठानदेखिका खण्ड)को योगमा जोड्नू, इष्ट चापको ज्या हुन्छ।

ज्याबाट चाप ल्याउने रीति—

इष्ट ज्याबाट ज्याखण्ड घटाउँदै जानू, शेषलाई ९०० ले गुनी एष्यखण्डले भाग लिनू, कलादि लब्धि आउँछ। जतिवटा खण्ड घटेका छन्, त्यति संख्यालाई ९०० ले गुन्नू, अघि आएको कलादि लब्धिमा जोडिदिनू, इष्ट ज्याको कलादि चाप हुन्छ।]

१ उदाहरण—१५० त्रिज्या भएमा ४२ अंश २१ कलाको ज्या र कोटिज्या ल्याऊ ।

४२° २१′=४२×६०′+२१′=२५२०′+२१′=२५४१′

९००)२५४१(२ गतखण्डको संख्या
　१८००
　———
　७४१ शेष

यस कारण एष्यखण्ड=तेस्रो खण्ड=३१

∴ ज्याशेष = (७४१×३१)/९०० = ७६५७/३०० = २५·५२

२ वटा गतखण्डको योग=३९+३६=७५

∴ १५० त्रिज्यामा ४२° २१′ को ज्या=७५+२५·५२=१००·५२ फेरि, । ४२° २१′ को कोटि=९०°−४२° २१′=४७° ३९′ । ४७° ३९′=४७×६०′+३९′=२८२०′+३९′=२८५९′

९००)२८५९(३ गतखण्डको संख्या
　२७००
　———
　१५९ शेष

एष्यखण्ड=चौथो खण्ड=२४

∴ ज्याशेष = (१५९×२)/९०० = ४२४/१०० = ४·२४

३ वटा गतखण्डको योग=३९+३६+३१=१०६

∴ १५० त्रिज्यामा ४७° ३९′ को ज्या=१०६+४·२४=११०·२४

∴ 　" 　४२° २१′ को कोटिज्या=११०·२४

२ उदाहरण—१५० त्रिज्यामा ज्या १२० भए भुजचाप र कोटिचाप ल्याऊ ।

　　१२०
पहिलो खण्ड ३९
　　———
　　८१
दोस्रो खण्ड ३६
　　———
　　४५
तेस्रो खण्ड ३१
　　———
　　१४ज्याशेष

∴ गतखण्डको संख्या=३

एष्यखण्ड=चौथो खण्ड=२४

∴ शेषकला = (१४×९००)/२४ = ५२५

∴ इष्ट भुजचाप=३×९००+५२५=२७००+५२५=३२२५'
=५३°४५'
कोटिचाप=९०°−५३°४५'=३६°१५'

## ३३ प्रश्नमाला

१५० त्रिज्या भएमा तलका चापका ज्या र कोटिज्या ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१) ३२ अं | (२) ६४ अं | (३) ३८ अं | (४) ७६ अं |
| (५) २५ अं | (६) ८२ अं | (७) ५५ अं | (८) ४४ अं |
| (९) ६६ अं | (१०) ४८ अं | (११) ३७ अं | (१२) ७८ अं |
| (१३) ५० अं ३३ क | (१४) ७० अं २७ क | (१५) ६६ अं ३० क | (१६) ८२ अं ३९क |

१५० त्रिज्यामा आएका तलका ज्याका भुजचाप र कोटिचाप ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१७) ३५ | (१८) २३ | (१९) ८० | (२०) ९५ |
| (२१) ११४·४ | (२२) ९१·६ | (२३) ६१·५ | (२४) १३५ |
| (२५) ११९·२ | (२६) १४०·५ | (२७) ४४·४ | (२८) १२४ |

## उत्तर

| | |
|---|---|
| [१] ७९·१३, १२६·८ | [२] १३४, ६५·४ |
| [३] ९१·५३, ११७·२ | [४] १४५·३३ ३६·४ |
| [५] ६३, १३५ | [६] १४७·३३, २०·८ |
| [७] १२२, ८५·३३ | [८] १०३·९३, १०७·६ |
| [९] १३६, ६०·६ | [१०] ११०·८, ९९·८ |
| [११] ८९·४७, ११८·८ | [१२] १४६, ३१·२ |
| [१३] ११४·८८, ९४·५३ | [१४] १४०·४५, ४९·९२ |
| [१५] १३६·५, ५९·४ | [१६] १४७·५५, १९·११ |
| [१७] १३ अं २८ क, ७६ अ ३२ क | [१८] ८ अं ५१ क, ८१ अं ९ क |
| [१९] ३२ अं २५ क, ५७ अं ३५ क | [२०] ३९ अं ४१ क, ५० अं १९ क |
| [२१] ५० अं १५ क, ३९ अं ४५ क | [२२] ३९ अं, ५१ अं |
| [२३] २४ अं २३ क, ६५ अं ३७ क | [२४] ६५ अं, २५ अं |
| [२५] ५३ अं १५ क, ३६ अं ४५ क | [२६] ७० अं ३० क, १९ अं ३० क |
| [२७] १७ अं १५ क, ७२ अं ४५ क | [२८] ५६ अं १५ क, ३३ अं ४५ क |

४६ प्रक्रम–

ब्रह्मगुप्तले १५० त्रिज्या मानेर १५, १५ अंश फरक पारी जसरी ज्या ल्याई ज्याखण्ड दिएका छन्; गणेश दैवज्ञले २४ त्रिज्या मानी १५, १५ अंश फरक पारी त्यसरी नै ज्या ल्याई ज्याखण्ड दिएका छन् । (२१ प्रक्रम हेर्नु होस् ।)

गणेश दैवज्ञले ज्यालाई क्रान्ति भन्ने नामले व्यवहार गरेका छन् । (२१ प्रक्रमको टिप्पणी हेर्नु होस् ।)

**षट्षडिषूदधिदृक्कुभिरर्धैः खेटभुजांशदिनांशमितैक्यम् ।**
**शेषहतैष्यदिनांशयुतं वांऽशाद्यपमः सुखसंव्यवहृत्यै ॥४५॥**
**ततो दलानि शोधयेत् तिथिघ्नशेषमेष्यहृत् ।**
**तिथिघ्नशुद्धसंख्यया युतं भवन्ति दोर्लवाः ॥४६॥**

(ग्रहलाघव त्रिप्रश्नाधिकार १२– १३ श्लोक)

[१५, ३०, ४५, ६०, ७५, ९० अंशका ज्याखण्ड क्रमैले ६, ६, ५, ४, २, १ हुन्छन् ।

चापबाट ज्या ल्याउने रीति–

इष्ट चापका अंश (भुजांश)लाई १५ ले भाग लिनू, लब्धितुल्य गतखण्ड आउँछन् । शेषांशलाई एष्यखण्डले गुन्नू । गुणनफललाई १५ ले भाग लिई लब्धि ल्याउनू । यस लब्धिलाई गतखण्ड (इष्ट चापको अंशलाई १५ ले भाग लिंदा जति लब्धि आएको छ, त्यतिवटा उठान-देखिका खण्ड)को योगमा जोड्नू, इष्ट चापको ज्या हुन्छ ।

ज्याबाट चाप ल्याउने रीति—

इष्ट ज्याबाट ज्याखण्ड घटाउँदै जानू, शेषलाई १५ ले गुनी एष्यखण्डले भाग लिनू, अंशादि लब्धि आउँछ । जतिवटा खण्ड घटेका छन्, त्यति संख्यालाई १५ ले गुनी अघि ल्याएको अंशादि लब्धिमा जोडिदिनू, इष्ट ज्याको अंशादि चाप हुन्छ ।]

१ उदाहरण—२४ त्रिज्या भएमा ७४ अंशको ज्या र कोटिज्या ल्याऊ ।

१५)७४(४ गतखण्डको संख्या
  ६०
  १४ शेषांश

∴ एष्यखण्ड=पाँचौ खण्ड=२

$$\text{ज्याशेष}=\frac{२\times१४}{१५}=\frac{२८}{१५}=१.८७$$

४ वटा गतखण्डको योग=६+६+५+४=२१

∴ २४ त्रिज्यामा ७४° को ज्या=२१+१.८७=२२.८७

फेरि, ७४° को कोटि=९०°–७४°=१६°

१५)१६(१ गतखण्डको संख्या

१५

१ शेषांश ∴ एष्यखण्ड = दोस्रो खण्ड = ६

$$\therefore \text{ज्याशेष} = \frac{१ \times ६}{१५} = \frac{२}{५} = ०{\cdot}४$$

∴ २४ त्रिज्यामा १६° को ज्या = ६ + ०·४ = ६·४

∴ २४ त्रिज्यामा ७४° को कोटिज्या = ६·४

२ उदाहरण—२४ त्रिज्यामा ज्या १५ भए भुजचाप र कोटिचाप ल्याऊ ।

१५

पहिलो खण्ड ६ ∴ गतखण्डको संख्या = २

९

दोस्रो खण्ड ६ एष्यखण्ड = तेस्रो खण्ड = ५

३ ज्याशेष

$$\therefore \text{शेषांश} = \frac{१५ \times ३}{५} = ९$$

∴ इष्ट भुजचाप = १५ × २ + ९ = ३० + ९ = ३९°

कोटिचाप = ९०° − ३९° = ५१°

## ३४ प्रश्नमाला

२४ त्रिज्या भएमा तलका चापका ज्या र कोटिज्या ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१) ३२ अं | (२) ६४ अं | (३) ३८ अं | (४) ७६ अं |
| (५) २५ अं | (६) ८२ अं | (७) ५५ अं | (८) ४४ अं |
| (९) ६६ अं | (१०) ४८ अं | (११) ३७ अं | (१२) ७८ अं |
| (१३) ५० अं ३३ क | (१४) ७० अं २७ क | (१५) ६६ अं ३० क | (१६) ८२ अं ३९ क |

२४ त्रिज्यामा आएका तलका ज्याका भुजचाप र कोटिचाप ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१७) १७ | (१८) १९ | (१९) ९ | (२०) २२ |
| (२१) १३·८ | (२२) २२.२ | (२३) ७·८ | (२४) २३·५१ |
| (२५). २२·२२ | (२६) १५·१५ | (२७) १८·३६ | (२८) २३·२३ |

## उत्तर

| | |
|---|---|
| [१] १२·६७, २०·४७ | [२] २१·५३, १०·४ |
| [३] १४·६७, १८·८७ | [४] २३·०७, ५·६ |
| [५] १०, २१·६७ | [६] २३·४७, ३·२ |

[७] १९·६७, १३·६७

[८] १६·६७, १७·२७

[९] २१·८, ९·६

[१०] १७·८, १६

[११] १४·३३, १९·१३

[१२] २३·२, ४·८

[१३] १८·४८, १५·१५

[१४] २२·३९, ७·८२

[१५] २१·८७, ९·४

[१६] २३·५१, २·९४

[१७] ४५ अं, ४५ अं

[१८] ५२ अं ३० क, ३७ अं ३० क

[१९] २२ अं ३० क, ६७ अं ३० क

[२०] ६७ अं ३० क, २२ अं ३० क

[२१] ३५ अं २४ क, ५४ अं ३६ क

[२२] ६९ अं, २१ अं

[२३] १९ अं ३० क, ७० अं ३० क

[२४] ८२ अं ३९ क, ७ अं २१ क

[२५] ६९ अं ९ क, २० अं ५१ क

[२६] ३९ अं २७ क, ५० अं ३३ क

[२७] ५० अं ६ क, ३९ अं ५४ क

[२८] ७८ अं २७ क, ११ अं ३३ क

५० प्रक्रम—

**कोटिज्याको धनत्व र ऋणत्वको विषयमा विचार**

"चापको एक प्रान्तबाट व्यासरेखा हाली त्यसको उपरमा अर्को प्रान्तबाट गरेको लम्बरेखालाई त्यस चापको ज्या भन्दछन्" तथा "ज्यामूल र केन्द्रको बीचमा रहेको पूर्वापरव्यासको टुक्रोलाई त्यस चापको कोटिज्या भन्दछन्" भनी माथि (३ प्रक्रममा) बताइएको छ। पूर्वपदादि र ज्यामूलको बीचको भागलाई त्यस चापको उत्क्रमज्या भन्दछन् तथा त्रिज्याबाट कोटिज्या घटायो भने उत्क्रमज्या आउँछ भनी माथि (५ प्रक्रममा) बताइएको छ। यी कुरालाई लिई अब हामी कोटिज्या र उत्क्रमज्याको विषयमा केही विचार गर्छौं।

प्रथम पदमा


पू च चापको ज्या=च अ

कोटिज्या=के अ

उत्क्रमज्या=अ पू

के पू–के अ=अ पू

∴ यस कारण त्रि–कोटिज्या
=उत्क्रमज्या




[३१ चित्र]

**द्वितीय पदमा**

पू **चा** चापको ज्या=**चा आ**

कोटिज्या=के आ

उत्क्रमज्या=आ पू

के पू+के आ=आ पू

यस कारण, यहाँ

त्रि+कोटिज्या=उत्क्रमज्या

**तृतीय पदमा**

पू **चि** चापको ज्या=**चि अि**

कोटिज्या=**के अि**

उत्क्रमज्या=**अि पू**

**के पू+के अि=अि पू**

यस कारण, यहाँ

त्रि+कोटिज्या=उत्क्रमज्या

**चतुर्थ पदमा**

पू **ची** चापको ज्या=**ची अी**

कोटिज्या=के अी

उत्क्रमज्या=अी पू

के पू–के अी=अी पू

यस कारण, यहाँ त्रि–कोटिज्या=उत्क्रमज्या

यताबाट प्रथम पदमा र चतुर्थ पदमा **त्रि–कोटिज्या=उत्क्रमज्या**, द्वितीय पदमा र तृतीय पदमा **त्रि+कोटिज्या=उत्क्रमज्या** हुन आएको स्पष्ट देखियो ।

घट्दा धनात्मक वियोजक ऋणात्मक भई वियोज्यमा जोडिन्छ, ऋणात्मक **वियोजकचाहिं** धनात्मक भई वियोज्यमा जोडिन्छ भन्ने कुरा बीजगणितबाट स्पष्ट हुन्छ । यस कारण **चापको** पूर्वपदादि र ज्यामूलको बीचमा रहेको **पूर्वापरव्यासको** टुक्रो उत्क्रमज्या हो, **त्रिज्याबाट कोटिज्या** घटाउंदा उत्क्रमज्या आउंछ भन्ने नियमको पतिपालन गर्दा **प्रथम** र **चतुर्थ** पदमा **कोटिज्या धन** तथा द्वितीय र तृतीय पदमा कोटिज्या ऋण हुँदा रहेछन् भन्ने सिद्धान्त **बस्न** आउंछ ।

## कोटिज्यका स्यात् प्रथमे चतुर्थे
## पादे धनं शेषपदोर्ऋणं सा ।।४६२ ।।

[प्रथम पद र चतुर्थ पदमा कोटिज्या धन हुन्छ, द्वितीय पद र तृतीय पदमा **कोटिज्या** ऋण हुन्छ ।]

### ज्याको धनत्व र ऋणत्वको विषयमा विचार

याम्योत्तर व्यासको उपरमा चापको अर्को प्रान्तबाट गरेको **लम्ब सो चापको कोटिज्या हुन्छ** भनी माथि १४ प्रक्रममा लेखिएको छ । कोटिज्याको मूल **बिन्दुबाट पहिलो पदको अन्त्य** बिन्दुसम्म रहेको याम्योत्तर व्यासको टुक्रोलाई त्यस चापको कोटचुत्क्रमज्या **भन्छन्** तथा **त्रिज्या**-बाट ज्या घटाइदियो भने कोटचुत्क्रमज्या आउंछ भनी माथि **१५ प्रक्रममा लेखिएको छ । यी** कुरालाई **लिई** अब हामी ज्या र कोटचुत्क्रमज्याको विषयमा **विचार गर्छौं** ।

प्रथम पदमा

पू च चापको ज्या = च अ = के झ


कोटिज्या = च झ = के अ

कोटचुत्क्रमज्या = झ उ

के उ – के झ = झ उ

यस कारण, यहाँ

त्रि – ज्या = कोटचुत्क्रमज्या



[३२ चित्र]

द्वितीय पदमा

पू चा चापको ज्या = चा आ = के झा

कोटिज्या = चा झा = के आ

कोटचुत्क्रमज्या = झा उ

के उ – के झा = झा उ

यस कारण, यहाँ त्रि – ज्या = कोटचुत्क्रमज्या

तृतीय पदमा

पू चि चापको ज्या = चि अि = के झि

कोटिज्या = चि झि = के अि

कोटचुत्क्रमज्या = झि उ

के उ + के झि = झि उ

यस कारण, यहाँ त्रि + ज्या = कोटचुत्क्रमज्या

चतुर्थ पदमा

पू ची चापको ज्या = ची अी = के झी

कोटिज्या = ची झी = के अी

कोटचुत्क्रमज्या = झी उ

के उ + के झी = झी उ

यस कारण, यहाँ त्रि + ज्या = कोटचुत्क्रमज्या

यताबाट प्रथम पद र द्वितीय पदमा त्रि – ज्या = कोटचुत्क्रमज्या, तृतीय पद र चतुर्थ पदमा त्रि + ज्या = कोटचुत्क्रमज्या हुन आएको स्पष्ट देखिन्छ । यस कारण माथिकै नियमअनुसार प्रथम पद र द्वितीय पदमा ज्या धन, तृतीय पद र चतुर्थ पदमा ज्या ऋण हुँदा रहेछन् भन्ने सिद्धान्त बस्न आउँछ ।

**ज्याया धनत्वं प्रथमे द्वितीये**
**पादे भवेच्छेषपदोर्ऋणत्वम् ।।४७।।**

[ प्रथम पद र द्वितीय पदमा ज्या धन हुन्छ । तृतीय पद र चतुर्थ पदमा ज्या ऋण हुन्छ ।]

## ११ सारणी

| पाद | प्रथम (०°–९०°) | द्वितीय (९०°–१८०°) | तृतीय (१८०°–२७०°) | चतुर्थ (२७०°–३६०°) |
|---|---|---|---|---|
| ज्या | + | + | — | — |
| कोटिज्या | + | — | — | + |

यस विषयमा वि. सं· ९८९ का मुञ्जालले बोलेको कुरो चाखलाग्दो छ ।

**ग्रहः स्वोच्चोनितः केन्द्रं तदूर्ध्वाधोऽर्धजो भुजः ।**
**धनर्णं पदशः कोटी धनर्णर्णधनात्मिका ॥४८॥**

(लघुमानस स्फुटगत्यधिकार १ श्लो.)

[ग्रहबाट उच्च घटाइदियो भने केन्द्र❀आउंछ । माथितिरको (पहिलो) आधा भागमा (प्रथम र द्वितीय पदमा) भुज (भुजज्या) धन हुन्छ । तलतिरको (पछिल्लो) आधाभागमा (तृतीय र चतुर्थ पदमा) भुजज्या ऋण हुन्छ । कोटिज्याचाहिँ प्रथम पदमा धन, द्वितीय पदमा ऋण, तृतीय पदमा ऋण, चतुर्थ पदमा धन हुन्छ ।]

माथिको सारणीबाट प्रथम पदमा ज्या र कोटिज्या दुवै धन; द्वितीय पदमा ज्या धन, कोटिज्या ऋण; तृतीय पदमा ज्या र कोटिज्या दुवै ऋण; चतुर्थ पदमा ज्या ऋण, कोटिज्या धन हुने स्पष्ट देखिन्छ ।

**उदाहरण**–३००°को ज्या तथा कोटिज्या चिह्नसहित ल्याऊ ।

इष्ट चाप पहिलो पदमा भए सो चापकै अंशको ज्या इष्ट चाप, दोस्रो पदमा भए सो चापलाई १८०°बाट घटाई शेष अंशको ज्या, इष्ट चाप तेस्रो पदमा भए सो चापबाट १८०° घटाई शेष अंशको ज्या, इष्ट चाप चौथो पदमा भए सो चापलाई ३६०°बाट घटाई शेष अंशको ज्या ल्याउनुपर्छ (३७ प्रक्रम) ।

जति अंशको ज्या ल्याइन्छ, त्यति अंशलाई भुज भन्ने चलन छ । भुजको अंश घटेको ९०° को ज्या इष्ट अंशका कोटिज्या हुने हुनाले इष्ट अंशको भुज घटेको ९०° इष्ट चापको कोटि कहाउंछ (३८ प्रक्रम) ।

यहाँ इष्ट चापको अंश = ३००

यी अंश २७०° नाघी ३६०° भित्र परेका हुनाले इष्ट चाप चौथो पदमा रहेको छ भन्ने स्पष्ट छ ।

यस कारण भुज = ३६०°–३००° = ६०°

कोटि = ९०°–६०° = ३०°

८ सारणीबाट—

६०° को ज्या = २९७७

३०° को ज्या = १७१९

इष्ट चाप चौथो पदमा रहेको हुनाले ११ सारणीबाट ज्या ऋण, कोटिज्या धन हुने देखिन्छ ।

यस कारण ३००° को ज्या = –२९७७

कोटिज्या = १७१९

---

❀ यस केन्द्रको विचार ग्रहगणितमा हुन्छ ।

अथवा

**गताद् भुजज्या विषमे गम्यात् कोटिः पदे भवेत् ।**
**युग्मे तु गम्याद् बाहुज्या कोटिज्या तु गताद् भवेत् ।।४९।।**

(सूर्यसिद्धान्त स्पष्टाधिकार ३० श्लोक)

[विषम (प्रथम र तृतीय) पदमा पदादिबाट जति नाघेको छ, त्यति (गत) बाट भुजज्या (ज्या) ल्याउनुपर्छ । कोटिज्याचाहिं पदान्तमा पुग्न जति बाँकी छ, त्यति (गम्य)बाट ल्याउनुपर्छ । सम (द्वितीय र चतुर्थ) पदमा गम्यबाट ज्या, गतबाट कोटिज्या ल्याउनुपर्छ ।]

यहाँ इष्ट चापका अंश ३०० भएकाले इष्ट चाप चतुर्थ पदमा अर्थात् सम पदमा छ, पदान्तमा पुग्न ६०° बाँकी छ अर्थात् गम्य ६०° छ तथा पदादिबाट ३०° नाघेको छ अर्थात् गत ३०° छ । यस कारण यहाँ ६०° भुज, ३०° कोटि बनेका छन् । यस कारण यहाँ ६०° को ज्या इष्ट चापको ज्या र ३०° को ज्या इष्ट चापको कोटिज्या हुन्छ भन्ने सम्झी काम गरे अलि सजिलो पर्छ ।

## ३५ प्रश्नमाला

तलका चापका ज्या तथा कोटिज्या आफ्ना चिह्नसाथ लेख—

(१) १५ अं (२) ४५ अं (३) १०५ अं (४) १३५ अं
(५) २४० अं (६) ३१५ अं (७) २१० अं (८) २८५ अं
(९) १५० अं (१०) २२५ अं (११) १४२ अं ३० क (१२) ३०३ अं ४५ क
(१३) २०२ अं ३० क (१४) १०१ अं १५ क
(१५) २९६ अं १५ क (१६) १२३ अं ४५ क
(१७) २८१ अं १५ क (१८) ३४१ अं १५ क
(१९) २३६ अं १५ क (२०) १७२ अं ३० क

## उत्तर

[१] ८९०, ३३२१ [२] २४३१, २४३१ [३] ३३२१,–८९०
[४] २४३१,–२४३१ [५]–२९७७,–१७१९ [६]–२४३१, २४३१
[७]–१७१९,–२९७७ [८]–३३२१, ८९० [९] १७१९,–२९७७
[१०]–२४३१,–२४३१ [११] २०९३,–२७२८ [१२]–२८५९, १९१०
[१३]–१३१६,–३१७६ [१४] ३३७२,–६७१ [१५]–३०८३, १५२१
[१६] २८५९,–१९१० [१७]–३३७२, ६७१ [१८]–११०५, ३२५६
[१९]–२८५९,–१९१० [२०] ४४९, –३४०९

५१ प्रक्रम—

ज्या कोटिज्याका चिह्न थाहा पाई पद थाहा पाउन सकिन्छ भन्ने कुरा माथिको प्रक्रमबाट स्पष्ट भयो ।

माथि ३७ प्रक्रममा ३०°, १५०°, २१०° र ३३०° का ज्या आपसमा बराबर हुन्छन्, कोटिज्या पनि आपसमा बराबर हुन्छन् भनी बिस्तारपूर्वक सिद्ध गरिएको छ । अर्थात्,

| | |
|---|---|
| ३०° को ज्या= १७१९ | कोटिज्या= २९७७ |
| १५०° को ज्या= १७१९ | कोटिज्या= २९७७ |
| २१०° को ज्या= १७१९ | कोटिज्या= २९७७ |
| ३३०° को ज्या= १७१९ | कोटिज्या= २९७७ |

यहाँ इष्ट चापको ज्या १७१९ थाहा पाएर इष्ट चाप ल्याउंदा ३०°, १५०°, २१०°, ३३०° चारवटै उत्तर आउने हुनाले वास्तव उत्तर थाहा पाउन सकिंदैनथ्यो । यसै गरी इष्ट कोटिज्याबाट पनि यिनै चार उत्तर आउने हुनाले वास्तव चाप थाहा पाउन सकिंदैनथ्यो । तर अब

| | |
|---|---|
| ३०° को ज्या= १७१९ | कोटिज्या= २९७७ |
| १५०° को ज्या= १७१९ | कोटिज्या=–२९७७ |
| २१०° को ज्या=–१७१९ | कोटिज्या=–२९७७ |
| ३३०° को ज्या=–१७१९ | कोटिज्या= २९७७ |

हुने हुनाले

ज्या कोटिज्या दुवैका चिह्न र तीमध्ये एउटाको मानलाई थाहा पाएमा पदको र इष्ट चापांशको ज्ञान हुने हुनाले वास्तव उत्तर थाहा पाउन सकिन्छ ।

उदाहरण— ज्या=–२९७७, कोटिज्या=धनात्मक

थाहा पाएमा चतुर्थ पाद रहेछ भन्ने थाहा पाइन्छ । निर्दिष्ट ज्या २९७७ को चाप (भुज) ६०° हुने हुनाले चतुर्थ पदान्तमा पुग्न ६०° बाँकी रहेछ भन्ने बुझिन्छ ।

यस कारण, इष्ट चाप=३६०°–६०°=३००° देखिन आउंछ ।

**आद्ये पदे स्याद् भुज एव कार्मुकं पादे द्वितीये रहितोऽरिराशितः ।**
**पादे तृतीये रिपुराशिभिर्युतः पादे चतुर्थे रहितोऽर्कराशितः ।।५०।।**

[ पहिलो पदमा आएको भुज न इष्ट चाप हुन्छ । दोस्रो पदमा आएको भुजलाई ६ राशि (१८०°) बाट घटाउनू, इष्ट चाप आउंछ । तेस्रो पदमा आएको भुजमा ६ राशि (१८०°) जोड्नू, इष्ट चाप आउंछ । चौथो पदमा आएको भुजलाई १२ राशि (३६०°) बाट घटाउनू, इष्ट चाप आउँछ ।]

## ३६ प्रश्नमाला

तलका ज्याहरूबाट इष्ट चाप ल्याऊ—

(१) ज्या= ४४९
कोटिज्या धनात्मक

(२) कोटिज्या= —३४३१
ज्या धनात्मक

(३) ज्या= —१९१०
कोटिज्या धनात्मक

(४) कोटिज्या= —२४३१
ज्या ऋणात्मक

(५) कोटिज्या= २०९३
ज्या धनात्मक

(६) ज्या= ३३७२
कोटिज्या ऋणात्मक

(७) कोटिज्या= —२२६७
ज्या धनात्मक

(८) ज्या= —१३१६
कोटिज्या ऋणात्मक

(९) ज्या= —१७१९
कोटिज्या धनात्मक

(१०) कोटिज्या= —२७२८
ज्या धनात्मक

(११) कोटिज्या= —२५८५
ज्या ऋणात्मक

(१२) ज्या= ३२५६
कोटिज्या ऋणात्मक

(१३) कोटिज्या= ३४०९
ज्या धनात्मक

(१४) कोटिज्या= —२२६७
ज्या ऋणात्मक

### उत्तर

[१] ७ अं ३९ क [२] १७६ अं १५ क [३] ३२६ अं १५ क

[४] २२५ अं [५] ५२ अं ३० क [६] १०१ अं १५ क

[७[ १३१ अं १५ क [८] २०२ अं ३० क [९] ३३० अं

[१०] १४२ अं ३० क [११] २२१ अं १५ क [१२] १०८ अं ४५ क

[१३] ७ अं ३० क [१४] २२८ अं ४५ क

(क्रमश:)

[मेरो साथ रही मेरो इच्छा र बिचारअनुसार यस निवन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् ।]

-★-

# अङ्गस्फुरणको पं. गौरीश्वर पाँडेले गरेको नेपाली अनुवाद

वीरपुस्तकालय तेस्रो १९५ संख्यामा ठ्यासफुमा लेखिएको "अङ्गस्फुरणम्" नाउंको सानो पुस्तिका छ । हामी (धनवज्र वज्राचार्य महेशराज पन्त दिनेशराज पन्त)ले यो पुस्तिका पढी सारी ल्याएका हौं । यस पुस्तिकामा जम्मा ९ श्लोक छन् । यस पुस्तिकामा फलानो अङ्ग फर्फराएमा फलानो फल हुन्छ भन्ने विषयमा पहिले संस्कृत श्लोक हालिएको छ । प्रत्येक श्लोक लेखिसकेपछि अस्यार्थः भनी नेपाली अनुवाद दिइएको छ ।

यस पुस्तिकाको मुखपृष्ठमा

**श्रीमत् (द्) गौरीश्वरबुधस्येदं पुस्तमन्यस्य कदापि न शुभभम् (शुभम्) भूयाच्छ्रीरस्तु.**

[श्रीपण्डित गौरीश्वरको यो पुस्तक हो, अरू कसैको पनि होइन, कल्याण होस् ।]

—भनी लेखिएको छ ।

यताबाट यो अनुवादका रचयिता पनि गौरीश्वर पाँडे नै हुन् कि भन्ने अनुमान हुन्छ ।

गौरीश्वर पाँडेका छोरा गोकुलविलासले नरभूपाल शाहलाई मन्त्र सुनाएका थिए भनी पृथ्वीन्द्रवर्णोदयमा लेखिएको छ § । नरभूपाल शाहको पुत्रप्राप्तिको लागि गोकुलविलासले बस्ती

---

§ स श्रीदेवतनुस्दाशिवतनोर्गौरीश्वरस्यात्मजा-
च्छ्रीमद्गोकुलवद्विलासविलसन्नाम्नः प्रसन्नात्मनः ।
संसारैकगुरुश्च सन् स्वयमहो लोकोपदेशाय वै
जग्राहाखिलसिद्धिदं किल महाविद्यामनुं सद्विधेः ।। १२ ।।

(पृथ्वीन्द्रवर्णोदय १ सर्ग)

[जगदीश्वरका अवतार भएका उहाँ नरभूपालले स्वयं सारा संसारका गुरु भएर पनि दुनियाँलाई उपदेश दिन गौरीश्वरका छोरा, सफा मन भएका, विधिविधान जान्ने, पुण्यात्मा गोकुलविलासबाट सिद्धि दिने भगवतीको मन्त्र सुन्नुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ४३८–३९, ४५२ पृष्ठबाट)

जिल्लाकी भगवतीको आराधना गरेको कुरा पनि पृथ्वीन्द्रवर्णोदयमा लेखिएको छ ❀।

गौरीश्वर पाँडेका नाति नारायण पाँडेलाई श्री ५ पृथ्वीनारायण शाहले लेखेको पत्र ऐ. शि. बाबुराम आचार्यले प्रकाश गर्नुभएको छ ÷।

माथिका यी कुराबाट नरभूपाल शाहको पालामा गौरीश्वरका छोरा र पृथ्वीनारायण शाहको पालामा गौरीश्वरका नाति समर्थ भइसकेका देखिन्छन् ।

श्री ५ पृथ्वीनारायण शाहको जन्म वि. सं. १७७९ मा भएको हो *। नरभूपाल शाहको पुत्रप्राप्तिको लागि गोकुलविलासले पुरश्चरण गरेका हुनाले उनका बाबु गौरीश्वर पाँडेको काल त्यसभन्दा पहिले हुन आउँछ ।

---

❀ श्रीभूपालगुरुः स गोकुलविलासः प्राणजिद् ब्रह्मविद्
राजानं हि निजानुरूपतनयाभीप्सुं विदित्वात्मवान् ।
देवीं पाटनभूमिपीठलसितां तां सर्वविद्यात्मिका-
माराध्याधिपतेस्सुनन्दनवरं क्लृप्त्वाप मोक्षास्पदम् ।।१४।।

(पृथ्वीन्द्रवर्णोदय १ सर्ग)

[योगमा लागेका आत्मज्ञानी राजगुरु गोकुलविलासले राजाले आफू सुहाउँदो छोरो पाउने विचार गरेको बुझेर पाटनकी (बर्त्ता जिल्लाकी) प्रसिद्ध पीठकी विद्यास्वरूप भगवतीको आराधना गरी राजाका लागि असल छोरो पाउने वरदान पाउनुभयो । यसपछि गोकुलविलास स्वर्ग हुनुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ४३९, ४५३ पृष्ठबाट)

÷ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम् स्वतिश्रीसर्वोपमा-योग्यमर्यादामहोदधिसकलगुणगरिष्ठराजभारासामर्थश्री ६ नारायणपंडितकेषु इत प्रणामपूर्वकपत्रमिदं. इहां कुशल. ताहा कुशल चाहिये. जेहिते परमानन्द होइ. इहाको समाचार नीको छ. उप्रान्त तिमि भन्याका हाम्रा गुरु हौ. दुवै घरका शुभचिंतक हौ. हिजो पनि तनहुं गोर्खा बाधि काज चल्लावन्या तिमि हौ. बिचमाहा एक दुइका गर्दा डांडो पनि गयो. दोचित्त पनि पऱ्यो. आजसंम त्यसो पऱ्यो तपनि आयन्दा बनाया बन्दछ. ताहा भाइका पाउ बुझाइ सुझाइ काज षान्या गराउनुहवस्, यांहाको काज चल्हाउछौं. ताहाको काज षान्या गराउनहवस्. एस कुराको अटकट गरि रमाराम पंडित श्रीवल्लभ पंथ आया. विधिविस्तार ज्या कहनन् सो सहि. आपना बनाया बंदछ. भोरसा आपनु छ. एति विति लाग्या भन्या भेटकन जाहा आज्ञा होला. तांहि तैयार छौं. तर भेट पूर्वे भगा बनला. विज्ञेषु किमधिकं. मिति आश्विन वदि ६ रोज ३ मुकाम नुवाकोट राजधानी शुभम्.

(श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी दोस्रो भागका ३१४– १५ पृष्ठबाट)

*पूर्णिमा ४ पूर्णाङ्क ५७–५८ पृ.

गौरीश्वर पाँडेले बनाएको भुवनेश्वरीस्तव वीरपुस्तकालयमा छ ‡।

उनताका शुभाशुभ शकुनको विशेष चर्चा दरबारमा भइरहन्थ्यो❁। यस कारण राजदरबारका गुरुपुरोहित, ज्योतिषी तथा पूजाहारीहरू यस विषयलाई राम्रोसँग अभ्यास गरिरहन्थे। यसै कारण राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले आफ्नो जयरत्नाकरनाटकमा शुभाशुभ शकुनको कुरा घुसाएका छन्✶। गौरीश्वरले पनि यसै कारणले अङ्गस्फुरणको नेपाली अनुवाद गरेको देखिन्छ।

अङ्गस्फुरणको अनुवादबाट गौरीश्वर विक्रमको अठाह्रौं शताब्दीको नेपाली गद्य रचयिताहरूको पङ्क्तिमा उभिन पुगेका छन् भन्ने हामीलाई लागेको छ। यस कारण यसलाई यहाँ प्रकाश गराइएको हो।

श्रीगणेशाय नमः ॥ ॥

मूर्द्ध्नि स्फुरत्याशु पृथिव्यवाप्तिः स्थानप्रवेशश्च ललाटदेशे ॥
भ्रूघ्राणध्ये प्रियसंगमस्स्यात् तथाक्षिमध्ये च सहायलाभः ॥१॥

अस्यार्थः।

यस् मनुष्यका शिरबिषे स्फुरण हुन्छ. तस्का चाडै भूमिलाभ हबस्. तस्तै ललाटबिषे स्फुर्‍यादेषी आफ्ना टाँवँबिषे प्रवेश हुंछ. तस्तै भौका नाकका माझमा स्फुर्‍यादेषी आफ्ना रुचायासित भेट हबस्. तस्तै आँषाका माझमा स्फुर्‍यादेषी कोहि सहाय मिलस्.

---

‡गौरीश्वरेण घटितो झटिति त्वदीयो मातस्तवोयममलो भवतान्मुदे ते।
एतत्प्रपाठकजनाय सुभाविने त्वं विद्यां धन सुततति सुखमाशु देहि ॥१॥

इति गौरीश्वरमहापण्डितविरचितो भुवनेश्वरीस्तवः समाप्तः

[हे देवी ! गौरीश्वरले छिटो छिटो बनाएको हजूरको यो पवित्र स्तुतिले हजूरलाई प्रसन्न पारोस्। भक्तिपूर्वक यो स्तोत्र पाठ गर्ने मान्छेलाई हजूर विद्या धन सन्तान सुख दिनुहोस्। महापण्डित गौरीश्वरले बनाएको भुवनेश्वरीस्तव सिद्धियो।]

(नयनाथ पौडेलद्वारा सम्पादित प्रशस्तिरत्नावलिको २५ पृष्ठबाट)

❁ यक दिनका रातमा सोपना भयो र दुई हातमा दुई षड्ग लियाकी सात आठ वर्षकी कन्या कुसुमे पछिउराको घुगूटि पारि मछेउ आइन्..........उसै बेलामा मँ पनि बिमज्यौ र भानु जैसि कुलानन्द जैसि पुझाहारि रानालाई डाक्या र सुध्याया. जैसिले पनि पुजाहारिले ति माई हुन्. दर्सन पाउनुभएछ भने.

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यस्ता कुरा बंशावलीमा अरू पनि पाइन्छन् (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ७९० पृ.)

✶ जयरत्नाकरनाटकका सप्तम कल्लोल, दशम कल्लोल हेर्नुहोस्।

दृगन्तमध्ये स्फुरितेर्थसंपत् सोत्कण्ठिता स्यात् स्फुरिते दृगादौ ।।
जयो दृशोऽधस्फुरणे रणे स्यात् प्रियश्रुतिः प्रस्फुरिते च कर्णे ।।२।।

अस्यार्थः ।

जस् मनुष्यका आँखाका अन्तभागबिषे मध्यभागबिषे स्फुरस् त स्वधनसंपत्ति हबस्. तस्तै आँषाका प्रथम भाग(बि)षे स्फुऱ्यादेषी उस्की स्त्री सोत्कंठित हबस्. तस्तै आखाका अधोभागबिषे स्फुरस् त तस्का संग्रामविषे जय हबस्. तस्तै जस् मनुष्यका कर्णविषे स्फुर्दछ तस्ले भलो कुरा सुन्दछ.

योषित्समृद्धिः स्फुरिते च गण्डे घ्राणे तु सौमुख्यमुदे भवेताम् ।।
भोज्येष्टसंगावधरोष्ठयोश्च स्कन्धे गते भोगविवृद्धिलाभौ ।।३।।

अस्यार्थः

जस् मनुष्यका गण्डस्थलबिषे स्फुरण हवस् तस्का स्त्रीको वृद्धि हवस्. तस्तै नाकमा स्फुऱ्यादेषी सौमुख्य हर्ष छुउन्. तस्तै ओठका उधो स्फुऱ्यादेषी केही खान्या वस्तु रुचायाको मिलस्. जस्का (का)धबिषे स्फुर्दछ. तस्का भोगप्राप्ति हवस्. गलाबिषे स्फुऱ्यादेषी वृद्धि हुन्छ. ३

स्पन्दो भुजे हीष्टसमागमाय स्पन्दः करस्य द्रविणाप्तिहेतुः ।।
स्पन्दः स्वपृष्ठस्य पराजयाय स्पन्दो जयायोरसी मानवानाम् ।।४।।

अस्यार्थः

यस्का भुजबिषे स्फुरण हबस् तस्का रुचायाका वस्तुसित भेट हवस्. यस्का करविषे स्फुरण हवस् तस्का केही धन मिलस्. यस्का पृष्ठविषे स्फुरण हवस् तस्लाइ पराजय हवस्. जसका छातिबिषे स्फुरण हवस् तस्को विजय हवस् ।।४।।

पार्श्वप्रकम्पे भवति प्रमोदः स्तनप्रकम्पे विषयस्य लाभः ।।
नाभिप्रकम्पे निजदेशनाशः कटिप्रकम्पे च बलप्रमोदौ ।। ५ ।।

अस्यार्थः ।

जस्का कोखाबिषे कामस् तस्लाई हर्ष हवस्. तस्तै दूधविषे कामस् त नादि(री)विषयको लाभ हवस्. तस्तै नाभिबिषे कामस् त आपना देशको नाश हवस्. जस्का कटिविषे कामस त तस्का बल हर्ष हवस् ५

धनर्द्धिरन्तःप्रभवे प्रकम्पे दुःखं त्वनन्तं हृदयस्य कम्पे ।।
पायुप्रकम्पेपि च वाहनाप्तिर्वराङ्गकम्पे वरयोषिदाप्तिः ।।६।।

अस्यार्थः

जस्का अतकरणविषे कामस् तस्का धनको वृद्धि हवस्. तस्तै जस्का मनबिषे क(ं)पा हवस्, तस्लाई बहुतै दुखः हवस्. जस्का गुदबिषे कंपा हस् तस्लाई अश्वादि वाहनको प्राप्ति हवस्. तस्तै जसका लि(ं)गविषे कंपा हवस् तस्लाई सुन्दर श्रेष्ठ स्त्री मिलस् ६

मुष्कप्रकम्पे तनयस्य जन्म बस्तिप्रकम्पे युवतिप्रवृद्धिः ।।
दोषः प्रकम्पे पुनरूरुपृष्ठे ऊर्वोः पुरस्तात् सुसहायलाभः ।।७।।

अस्यार्थः

यस्का अण्डकोशविषे प्रकंपा हवस. तस्लाई पुत्रलाभ हवस् तस्तै यस्का नाभिदेषि उँधो कामस् त तस्लाइ स्त्रीको समृद्धि हवस् तस्तै जस्का ऊरुका पृष्टविषे कामस् तस्कन केही दोष उब्जस्. जस्का त ऊरुका अग्रभागविषे कंपा हुंछ तस्लाई भलो सहाय मिलस् । ७ ।

जङ्घाप्रकम्पेपि च लाभनाशः स्याज्जानुकम्पेपि वरेण सन्धिः ।।
स्थानाप्तिरुर्द्ध्वे चरणस्य कंम्पे यात्रासु लाभोङ्घ्रितलप्रकम्पे ।।८।।

अस्यार्थः

जस्का त जंघाविषे कंपापा (कंपा) हवस् तस्का केही लाभ भयाको नाश हवस्. तस्तै जस्का जानुविषे कंपा हवस् तस्लाई श्रेष्ठ वस्तुसित मिलाप हवस्. जस्का गोडाका ऊर्द्ध्वभागविषे कंपा हवस् तस्लायी स्थानप्राप्ति हवस् जस्का पैतालाबिषे कंपा हवस्. तसलाई यात्राविषे लाभ हवस् ।।८।।

पुंसां सदा दक्षिणदेहभागे स्त्रीणां तु वामावयवेषु जातः ।
स्पन्दः फलानीति ददात्यवश्यं निहन्ति चोक्ताङ्गविपर्ययेण ।।९।।

अस्यार्थः

इति अंग(स)फुरणादिक ज्या भन्याको छ. त्यो पुरुषका दक्षिण देहभागबिषे भया फल दिन्छ. स्त्री वामभागदेहबिषे भया छदि फल दिन्छ. यव त पुरुषका वामभागबिषे स्त्रीका दक्षीण भागबिषे स्फुर्द्छ तव त तस्को फल केहि मिल्दैन. एस प्रकारले विचार गर्नु जांन्याले. ।। ।।

इति अङ्गस्फुरणम् ।। ।।

शुभम्भूयात् ।। लेखकस्य ।। श्रीरस्तु

# पं. सुन्दरानन्द बाँडाले राजकुमार बहादुर शाहलाई चढाएको पद्यमय बिन्तीपत्र

## (नेपाली भाषाका २ पद्य पनि)

राष्ट्रियपुस्तकालयको हस्तलिखित ग्रन्थको १३७३ संख्यामा ठ्यासफुमा लेखिएको "बहादुरशाहवर्णनम्" नाउँ राखिएको सानो पुस्तिका छ । हामी (धनवज्र, महेशराज, दिनेशराज) ले यो पुस्तिका पढी सारी ल्याएका हौं ।

सो पुस्तिकामा राजकुमार बहादुर शाहको स्तुति गरी १७ पद्य लेखिएका छन् । यिनमध्ये १३ पद्य (यी १३ मध्ये १ पद्य बन्ध पारी लेखिएको छ) संस्कृतमा, २ पद्य नेपालीमा तथा २ पद्य हिन्दी जस्तो भाषामा छन् ।

यस पुस्तिकामा यी पद्यका रचयिताको नाउँ तथा रचनाकाल उल्लेख गरिएको छैन । बहादुर शाहको हातमा अधिकार भएको वर्णन यी पद्यमा परेकोले बहादुर शाहको शासनकाल (बि. सं. १८३५ देखि§ १८५० भित्र●) यस पुस्तिकाको रचना भएको देखिन्छ ।

§ पूर्णिमा १० पूर्णाङ्कका ४६–४७ पृ.

● पूर्णिमा ९ पूर्णाङ्कको ४५ पृ.

वि. सं. १८५० मा पं. वाणीविलास पाँडेको लागि पं. सुन्दरानन्द बाँडाले सारिदिएको वेददीप भन्ने पुस्तक राष्ट्रिय पुस्तकालयमा छ▱। यो पुस्तिकाको लिपि र वेददीपको लिपि उस्तै भएकाले यो पुस्तिकाका लेखक पनि सुन्दरानन्द हुन् भन्ने देखिएको छ।

सुन्दरानन्दले रचना गरेको त्रिरत्नसौन्दर्यगाथा राष्ट्रिय पुस्तकालयमा पनि छ। राष्ट्रिय पुस्तकालयमा रहेको त्रिरत्नसौन्दर्यगाथाको प्रति उनकै हस्ताक्षरको हो ÷। वेददीपको लिपि र त्रिरत्नसौन्दर्यगाथाको लिपिसँग यस पुस्तिकाको लिपि मिलेकाले यी पुस्तिकाको रचयिता सुन्दरानन्द हुन् भन्ने हाम्रो विचार छ।

त्रिरत्नसौन्दर्यगाथामा च्युतसंस्कृति दोष प्रशस्त परेका❁ र यी पद्य पनि यो दोषले मुक्त नभएकाले§ पनि यी पद्य सुन्दरानन्दकै हुन् भनी भन्न अझ बल मिलेको छ।

---

▱शाके बाणौषधीशक्षितिधरविधुभिः संगते चैत्रशुक्ले
वारे ऋक्षेशसूनोर्धरणिधरसुतासत्तिथावग्निभे च ॥
विद्वद्वाणीविलासाभिधधरणिसुराज्ञासुधाजातमोदो
ग्रन्थं श्रीवेददीपाह्वयमिदमलिखत् सुन्दरानन्दनामा ॥

(४३११ संख्याको हस्तलिखित पुस्तक वेददीपबाट)

[शकसंवत् १७१५ (वि. सं. १८५०) चैत्र शुक्ल तृतीया कृत्तिका नक्षत्र बुधबारका दिन विद्वान् वाणीविलास ब्राह्मणको अमृत जस्तो आज्ञा पाउनाले खुशी भएका सुन्दरानन्दले यो वेददीप पुस्तक सारेका हुन्।]

(प्रशस्ति–रत्नावलिको ४१ पृष्ठबाट)

÷त्रिरत्न–सौन्दर्यगाथाको ९५ पृ.

❁त्रिरत्न–सौन्दर्यगाथाका १६–१९ पृ.

§दक्षिणापश्चात्पुरसस्त्यक् ४।२।९८

[दक्षिणा पश्चात् पुरस् शब्ददेखि जात आदि अर्थमा त्यक् प्रत्यय हुन्छ।]

ले पश्चात् शब्ददेखि त्यक् प्रत्यय आई क्‌को इत्संज्ञा भई लोप भयो। अनि पश्चात्+त्य भयो।

किति च ७।२।११८

[क्‌को इत्संज्ञा हुने तद्धित प्रत्यय पर भएमा अङ्गका अच्‌मध्ये अघिल्लो अच्‌को वृद्धि हुन्छ।]

ले पश्चातको पको अको वृद्धि भई पाश्चात्त्य रूप बन्छ।

ऊतियूतिजूतिसातिहेतिकीर्तयश्च ३।३।९७

[स्त्रीलिङ्गमा ऊति यूति जूति साति हेति कीर्ति शब्द निपात भई बन्छन्।]

ले कीर्ति शब्द स्त्रीलिङ्गी भयो।

ङिति ह्रस्वश्च १।४।६

वि. सं. १८९० तिर ❁ त्रिरत्नसौन्दर्यगाथाकारको रूपमा देखिएका सुन्दरानन्दले यसभन्दा ४०।४५ वर्ष जति अगाडिदेखि नै कलम चलाउन लागेको कुरा यताबाट बुझिएको छ ।

नेपाली भाषामा गद्यमय ग्रन्थ र केही पद्य वि. सं. १८९० तिर रचना गर्ने भनी नेपाली भाषाका विद्यार्थीले चिनिएका सुन्दरानन्दले वि. सं. १८५० तिर नै नेपाली भाषामा पद्य रचना गर्न थालिसकेको कुरा पनि यताबाट बुझिन आएको छ ।

यस कारण नेपाली भाषाका प्राचीन पद्यका नमूनाको रूपमा यी पद्य यहाँ प्रकाश गरिएका हुन् ।

श्रीगणशाय नमः ॥

श्रीगंगा शौरिपादोत्पलजनकसुजा पुण्यदा स्नातकानां
भस्माक्तांगेशगौरीपतिशिरसि जटावल्लिमुल्लासयन्ती ॥
पातु त्वां विघ्ननाशा हरिहरविबुधैः संस्तुता कार्यसिद्ध्यै
लोकानां स्वर्गदात्री स्मरणविधिवशात्पापहंत्री जनानां ॥ १ ॥

---

[स्त्रीलिङ्गमा रहेका, इयङ् उवङ् आदेश हुने ई ऊ अन्त्यमा हुने शब्द र स्त्रीलिङ्गमा रहेका इ उ अन्त्यमा हुने शब्द पनि ङको इत्संज्ञा हुने विभक्ति पर भएमा विकल्पले नदी-संज्ञक हुन्छन् स्त्री शब्दलाई छोडेर ।]

यसबाट ङित् विभक्ति (ङे ङसि ङस् ङि) पर भएमा कीर्ति शब्द विकल्पले नदीसंज्ञक हुन्छ ।

शेषो घ्यसखि १।४।७

[बाँकी रहेका (नदीसंज्ञा नभएका इ उ अन्त्यमा हुने) शब्द घिसंज्ञक हुन्छन्, सखि शब्दलाई छोडेर]

यताबाट टा विभक्ति पर भएमा कीर्ति शब्द घिसंज्ञक हुन्छ ।

आङो नाऽस्त्रियाम् ७।३।१२०

[स्त्रीलिङ्गमा नरहेको घिसंज्ञक शब्ददेखि पर रहेको आङ् (टा)को ठाउँमा ना आदेश न्छ ।]

यस कारण स्त्रीलिङ्गी कीर्ति शब्ददेखि पर रहेको टाको ठाउँमा ना आदेश हुँदैन ।

टाको टको इत्संज्ञा भई लोप भयो । अनि कीर्ति+आ हुँदा

इको यणचि ६।१।७७

[इकको ठाउँमा यण् हुन्छ अच् पर भएमा ]

ले यण् भई कीर्त्या रूप बन्छ ।

यहाँ पाश्रिमात्यैः पद ३ पद्यमा र त्वत्कीर्तिना पद ९ पद्यमा परेका छन् ।

❁त्रिरत्न-सौन्दर्यगाथाको ७३ पृ.

बहादूरसाहो विभाति प्रकाशं वरायां सुदेवैः सदा कांतिपूर्य्यां ॥
प्रवालैर्मणीनां गणैर्द्दीप्तिमत्यां स्वपूर्यां यथा देवराजः प्रभाते ॥ २ ॥
वै पाश्चिमात्यैः कपटेन भुक्ताः सौपत्तना ये वरनामेधयाः ॥
सौराष्ट्रियामागधकैर्यथा वा धन्येन गीता भवता जवेन ॥ ३ ॥
दिशतु हि तुलजांबा सादरं शोभमाना निखिलशुभविधात्री श्रीबहादूरसाहं ॥
कमलभयविनाशं पुस्तकं धारयन्ती रतिमतिगतिदा सा सुंदरी सर्वकाले ॥ ४ ॥
विविधमणिविकारैस्तल्पसंघैर्युतायां विबुधगणसमाजो भाति यस्यां सदैव ॥
सकलविश्वविनम्राः पंडिताश्चैव यस्यां★ सुजनुजनकबाहादूरसाहो विभाति ॥ ५ ॥
श्रीमच्छ्रीकांतमुक्तामणिगणविलसद्गेहसंपूर्णरम्यां
श्रीमद्धूताग्निधूमोद्ग्रथितपटलदिक् देवसंघप्रशक्तां ॥
कीर्त्याक्रांतो गुणालीग्रथितजनसभामध्यसंशोभमानः
श्रीमत्सिंहप्रतापस्वनुजकसुजनि शोभयेत् कांतिनाथः ॥ ६ ॥
राजन्येषु वराग्रगण्यचतुरश्रीमंतमत्र क्षितौ
दीनानां परिपालनाय विधिना श्रीकांतिनाथः कृत ॥
विद्या संप्रति निर्द्धनेन च मया प्राप्या तथा कामिनी
संपोष्या भवति प्रभो कथमिह त्रातास्ति नान्यो वद ॥ ७ ॥
यद्वन्मेघा लघुतरजला दीनरूपाः समुद्रे
मत्स्यादीनामभयसदने वृद्धितां यांति गत्वा ॥
तद्वद्दीनोहमिति विधनस्त्वत्कृपाब्धौ प्रयातो
येनाहं स्यां कुरु नरपते विद्यया संप्रयुक्तः ॥ ८ ॥
पादेनैकेन कृष्णस्य यथा व्याप्तं भुवस्तलं ॥
तथा त्वत्कीर्तिनायुष्मन् व्याप्तमस्तु यथासुखं ॥९॥
भाषया च विज्ञप्तिः ॥

**साहेब् अर्जि सरण् परोस् मनमहाँ दुःखी गरिप् दीन हूँ**
**ग्राहारूप दरिद्रसैं मकन ता उद्धारगरीबक्सन्या ॥**
**जस्तै श्रीहरिले गजेन्द्रवरलाइ ग्राहा छुटाईदिया**
**दुःखी सो गज ता चतुर्भुज भई वैकुंठवासी भयो ॥ १० ॥**

नहि सो पर्द्धनले सहै निर्गुणको हूँ खानि ॥
जो उचित सो कीजिये केवल गरीपै जानि ॥ ११ ॥

★पाठान्तर–पडिताः कांतिपुर्यां

आदी मुख अंते च रहै खालि रहै तनबीच् ॥
दीनदयाल मागत हूँ मैं गरीप रोही चीज् ॥१२॥

**आसा कोहि नदी थिई सभमहाँ अत्यंत ठूली बडी**
**पानी हो तसमा मनोरथ सभै तेही नपुग्दा सुक्यो ॥**
**तस्माहाँ म पनी थिञा विधिवसात्माछो भई हे प्रभो**
**पानी शुष्क हुँदा जिवै चलिगयो बक्सीस अर्ती हवस् ॥१३॥**

(छेउमा लेखिएको)

प्राणपंक्तिरपि नाथ संप्रति ते प्रियं सुभगमा न संप्रति ॥
दुःखितोयमधुना प्रयाचते त नरेन्द्रसुकृपा हि याचते ॥१॥
विदितशैलसुताब्जपदद्वयस्त्वखिललोकविलोकनचन्द्रमः ॥
विलसदुज्वलकांतिनिकेतन कुरुत रक्षणमत्र सुदुःखिते ॥
अप्राप्तवस्त्रान्नजशोकवह्निना विनिर्दहंतं विधिना विगर्हितं ॥
भवत्कृपासिंधुजलेन दिष्टचा प्रक्षाल्य मा शीतलतां कुरुष्व ॥२॥

बन्धबद्ध

श्रीधीरो धीरधीरो नरवररविचिच्चौमनामप्रमग्नः
श्रीवीरो वीरवीरो रणरणरणकृद्वाहसिंहप्रहर्ता
श्रीयुक्तो युक्तियुक्तो रतिमतिगतिभाक् कालिकालिप्रलिप्तो
ज्ञानी मानी सुनीतिर्जनधनवनदः पातु मां तु प्रतुष्टः

§§§

# हाम्रो वक्तव्य

हाम्रो देशमा विद्वान्हरूको त्यतिको कमी छैन। तर विद्वान्ले हिड्ने बाटोमा हाम्रा यहाँका विद्वान्हरू हिंडेका छैनन् भनी दुःखसाथ भन्नुपरेको छ। यसै हुँदा हाम्रो देशमा विद्याको क्षेत्रमा उन्नति हुँदै जान सकेको छैन।

हाम्रो यहाँ विद्वान्हरू पनि स्वार्थ र दुराग्रहवश उचित अनुचितको ख्याल राख्तैनन्, जानाजान झूटो बोल्न पनि गाह्रो मान्दैनन् तथा अरूलाई झूटो आरोप लाउन पुग्दछन्। यस कुराका उदाहरण बराबर देखापरिरहन्छन्।

श्रीमहानन्द सापकोटाको आड पाएर हालै डा. पिनाकिप्रसाद आचार्यले एउटा पुस्तिका प्रकाशित गर्नुभएको छ, सो पुस्तिकाको नाम छ 'साहित्यमा डकैति'। सो पुस्तिकामा गरिएको लामो गन्थनको सारांश "जयरत्नाकरनाटकका रचयिता राजपुरोहित शक्तिवल्लभ अर्ज्यालवंशका होइनन्, उनी आचार्यवंशका हुन्, अर्ज्यालहरूसंग मिली हामीहरूले र बालकृष्ण पोखरेलले शक्तिवल्लभलाई जबर्दस्ती अर्ज्याल बनाइदियौं, यसरी साहित्यमा डकैती गरियो" भन्ने रहेछ।

डा. पिनाकिप्रसाद आचार्यवंशका हुनाले. स्वार्थवश शक्तिवल्लभलाई पनि आचार्यवंशका बनाउने विचारले प्रत्यक्ष प्रमाणलाई पनि नमानी खालि प्रलाप र अनावश्यक गन्थन गरी सो पुस्तिका लेखिएको हुनाले यस विषयमा जवाफै नदिए पनि हुने थियो। तर यसबाट केही अंशमा भए पनि भ्रम फैलिने सम्भावना हुनाले यस विषयमा केही बोल्नु आवश्यक सम्झेका छौं।

हामीले वि. सं. २०१० मा अलिकता अंश र २०१४ मा सम्पूर्ण जयरत्नाकरनाटक प्रकाशित गराएपछि मात्र कविका रूपमा शक्तिवल्लभको प्रसिद्धि भएको हो। त्यस बेला शक्तिवल्लभका अरू ग्रन्थबारे हामीलाई केही थाहा थिएन। यस कारण जयरत्नाकरनाटकबाट आउने जतिसिबाय शक्तिवल्लभको अरू परिचय हामीले दिन सकेका थिएनौं। तर जयरत्नाकरनाटकमा शक्तिवल्लभले आफ्नो परिचय राम्रोसंग लेखेका हुनाले उनका पिता, थर, गोत्रबारे विवाद उठ्ने सवालै थिएन। एउटाको ग्रन्थ अर्कोको नाउँमा दर्ता हुने सम्भावना हुँदा नाटकको प्रस्तावनामा सूत्रधार नटी आदिको संवादको रूपमा ग्रन्थकारको परिचय दिने पुरानो पद्धतिअनुसार हाम्रा शक्तिवल्लभले पनि सूत्रधार र नटीको संवादको प्रसङ्गमा आफ्नो परिचय राम्ररी दिएका छन्। जस्तै—

"नटी— कोऽसौ कविर्महानुभावः।

सूत्रधारः—आर्ये श्रीमदात्रेयगोत्रसमुद्भवकान्यकुब्जकुलालङ्कारराज्ज्यालोपनामकगोर्षानगरनिवासिसङ्गीतशास्त्रकृताभ्यासशृङ्गारादिनवरसाभिज्ञकलाकुशलदेशभाषाश्रयराजनीतिनिपु-

णराजमान्यश्रीलक्ष्मीनारायणसूनुश्रीशक्तिवल्लभभट्टाचार्यो जगति प्रख्यातो वरीवर्ति। तद्विहितश्रीरणबहादुरसाहमहाराजसमरविजयजयरत्नाकरनाम नाटककौतुकं प्रस्तारय"

(जयरत्नाकरनाटक प्रथम कल्लोलबाट)

[ नटी– ऊ कवि महाशय को हुन् नि ?

सूत्रधार –प्यारी ! श्रीआत्रेय गोत्रमा पैदा भएका, कान्यकुब्जकुलका गहना जस्ता भएका, अर्ज्याल थर भएका, गोरखा शहरमा बस्ने, संगीत शास्त्रको रफत गरेका, श्रृङ्गार आदि नवरस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राजनीतिका कुरा बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य संसारमा प्रख्यात छन् । तिनैले बनाएको महाराज रणबहादुर शाहको लडाइँको विजयको बर्णन परेको जयरत्नाकर नाटकको उत्सव फैलाऊ । ]

यसबाट जयरत्नाकरनाटकका रचयिता शक्तिवल्लभ अर्ज्याल थरका र आत्रेय गोत्रका हुन् भन्ने स्पष्ट बुझिन्छ साथै उनमा 'भट्टाचार्य' पद पनि जोडिएको रहेछ भन्ने थाहा पाइन्छ ।

सो नाटकको प्रत्येक कल्लोलका अन्त्यमा पनि संक्षिप्त परिचयवाक्य परेका छन् । पूरा परिचय माथि दिइसकेको हुनाले प्रत्येक कल्लोल सिद्धिंदा फेरि पूरा परिचय दिनु आवश्यक थिएन । यस कारण प्रत्येक कल्लोल सिद्धिंदा दिइएको परिचयवाक्यचाहिं यस प्रकारको छ—

"इति शक्तिवल्लभभट्टाचार्यविरचिते जयरत्नाकरनाटके प्रथमकल्लोलः"

[ शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकरनाटकको पहिलो कल्लोल सिद्धियो । ]

शक्तिवल्लभ कुन थरका कुन गोत्रका थिए भन्ने कुरा बताउने साधन अब अरू पनि पाइएका छन् । शक्तिवल्लभले बनाएको 'पुरश्चरणचातुरी' भन्ने ग्रन्थ राष्ट्रियपुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय)मा संगृहीत छ । त्यसमा पनि शक्तिवल्लभले आफ्नो पूरा परिचय दिएका छन् । त्यताबाट पनि शक्तिवल्लभ अर्ज्याल थरका, आत्रेय गोत्रका थिए भन्ने थाहा पाइन्छ । त्यसको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

"...पृथ्वीनारायणोसौ जयति विधुकुले कान्तिमार्तण्डतुल्यः ॥
नेपालक्षितिपालभालतिलकं चाहूय कोषं बलात्
सन्तुष्टीकृतमानसः खलु सभां निर्वर्त्य सूक्तचैकदा ।
शास्त्रार्थाभिनिवेशपण्डितमणिश्रेणीसुहृन्मालिकां
विद्यालङ्कृतशक्तिवल्लभकविं स्वाभीष्टमूचे रहः ॥८॥

इत्युदीरितवचांसि भूपतेः सादराद्धृदि निवेश्य सत्कविः ।
आगमानि च निबन्धसंग्रहान् वीक्ष्य सूत्तरमनुव्यजिज्ञपत् ॥१३॥

गुह्येश्वरीं पशुपतिं प्रणम्यैषा प्रकाश्यते ।
शक्तिवल्लभधीरेण पुरश्चरणचातुरी ॥१४॥

पृथ्वीनारायणेशे निखिलवसुमतीभोगसंभुज्यमाने
अर्ज्यालाख्योपनाम्ना जगति सुजनिना श्रीमदात्रेयगोत्रे ।
नेपाले कान्तिपुर्यां तुहिनगिरितटे वाग्मतीविष्णुमत्यो-
र्मध्ये गुह्येश्वरीश्रीपशुपतिनिकटे ग्रन्थमेतद् व्यधाद् वै ॥"

(रा. पु. १०६४ संख्याको पुस्तकबाट)

[···कान्तिपुरमा सूर्य समान भएका उहाँ पृथ्वीनारायण शाह चन्द्रवंशमा श्रेष्ठ हुनुहुन्छ ।

नेपालका राजाको राजतिलक र ढुकुटी आफ्नो पराक्रमले हरेर खुशी हुनुभएका (पृथ्वीनारायण शाहले) शास्त्रार्थ गर्न तम्सने असल पण्डितहरू साथी भएका, विद्याले सुहाएका कवि शक्तिवल्लभलाई एकदिन सभा सिद्धिएपछि एकान्तमा आफ्नो इच्छा लागेको कुरा भन्नुभयो ।

राजाको यस्तो कुरालाई आदरसाथ मनमा राखेर असल कवि (शक्तिवल्लभ) ले निबन्धहरू तथा आगमहरू हेरी राम्रो उत्तर बिन्ती चढाए ।

कवि शक्तिवल्लभले गुह्येश्वरी, पशुपतिलाई नमस्कार गरी यो पुरश्चरणचातुरी बनाएका हुन् ।

पृथ्वीनारायण शाह राजाले राज्य गरिरहनुभएको वेलामा, आत्रेयगोत्रमा पैदा भएका अर्ज्याल थर भएका शक्तिवल्लभले हिमालयको फेदीमा गुह्येश्वरी र पशुपतिको नजिकै वाग्मती र विष्णुमतीको बीचमा रहेको कान्तिपुर नेपालमा यो पुस्तक बनाएका हुन् ।]

पशुपतिनाथको मन्दिरभित्रको दक्षिणतिरको चाँदीको ढोकामा शक्तिवल्लभका भाइ राधावल्लभसंबन्धी अभिलेख कुँदिएको छ । त्यहाँ शक्तिवल्लभको पनि उल्लेख परेको छ । त्यताबाट पनि शक्तिवल्लभको थर पत्ता लाग्छ । सो अभिलेखको केही अंश यस प्रकारको छ—

"श्रीसंवन्नवषड्वसुक्षितिमिते (१८६९) राधे नवम्यां सिते
भौमे हेमसमन्वितं पशुपतिप्रीत्यै कपाटादिकम् ।
निर्मातुं रजतेन दक्षिणगतं मुद्रासहस्राणि षट्
राधावल्लभ उत्ससर्ज मतिमानज्यालवंशोद्भवः
भ्राता (पण्डित) शक्तिवल्लभधरादेवस्य······
संवद् व्योमनगाहिभूपरिमिते (१८७०) शाके शराग्न्यद्रिभू-
संवद्धे (१७३५) मकरस्थिते दिनकरे शुक्लेहितिथ्यां बुधे ॥
एतत्तविनिवेदितं वितरितुं मत्पुण्यतः स्वस्थितिः
स्यादित्यर्थयते शिवं गुरुसुतो वाणीविलासो बुधः ॥

(इतिहास–प्रकाश २ अङ्क ३ भागको ३१७ पृष्ठमा यो छापिएको छ)

[वि. सं. १८६९ वैशाख शुक्ल नवमी मङ्गलवारका दिन बुद्धिमान् राधावल्लभ अर्ज्यालले पशुपतिलाई प्रसन्न पार्न (मन्दिरभित्र) दक्षिणतिर सुनले सिंगारेको चाँदीको ढोका बनाउन ६ हजार रुपियाँ संकल्प गरे ।

(राधावल्लभ) पण्डित शक्तिवल्लभका भाइ थिए ।

वि. सं. १८७० शक संवत् १७३५ माघ शुक्ल पञ्चमी बुधवारका दिन उनीहरूले पशुपतिलाई चाँदीको ढोका चढाए। मेरो पुण्यले सपत्नीक राधावल्लभको स्वर्गवास होस् भनी गुरुपुत्र§ वाणीविलास पण्डित पशुपतिनाथसंग प्रार्थना गर्दछ। ]

यताबाट पनि शक्तिवल्लभ अर्ज्यालवंशका थिए भन्ने निश्चित हुन्छ।

वीरपुस्तकालयबाट प्रकाशित 'श्री ५ पृथ्वीनारायण शाहको जीवनी' मा पनि ठाउँठाउँमा शक्तिवल्लभको उल्लेख आएको छ। त्यहाँ पनि शक्तिवल्लभलाई 'अर्ज्याल' भनी लेखिएको छ—

"...मेरो अर्थलाई काशी जानाको मन्सुवा भयो, म काशी जान्छु भनी हुकुम भइ...षचांचि भानु जोसि अर्ज्याल चतुर्भुत पंत रामकृष्ण जोसि अर्ज्याल शक्तिवल्लभ अर्ज्याल पण्डित इ चारलाई षर्चपर्चको तयारि गर्नु...भनि हुकुम भयो...पाउरषवाल जान्या...शक्तिवल्लभ पण्डित अर्ज्याल... (२ पृष्ठ)

(नुवाकोट हान्न जाने) लस्करका थरघर मुख्य मानिस लेषि काजी कालु पाँडेले काखत चढाया, सकल लस्कर पनि हाजिर गराया....सक्तीवल्लभ अर्ज्याल पण्डीत"

(३९--४० पृष्ठ)

उदयानन्द अर्ज्यालका केही कविता पाइएका छन् (प्रगति १३ पूर्णाङ्क हेर्नुहोस्)। तिनमा दुइटा पद्य शक्तिवल्लभका पनि छन्। ती कविताको अन्त्यमा—

"सुभम् ढाकचा उदयानन्द जोसि अर्ज्यालको हाजिरी"

यस्तो लेखिएको छ। उदयानन्द अर्ज्यालले शक्तिवल्लभसंग आफ्नो नाता यसरी व्यक्त गरेका छन्—

"बडा बाबु पर्न्या शक्तिवल्लभ पुरोहित काकाजीले बनायाको सिलोकमध्ये दुइवटा मात्रै पनि लेषिन्छन्"

---

§यताबाट राजपुरोहित शक्तिवल्लभ अर्ज्यालका भाइ राधावल्लभ अर्ज्यालका गुरुका छोरा वाणीविलास देखिन्छन्। वाणीविलासका छोरीपट्टिका सन्तान देवीप्रसाद त्रिपाठी हुन। देवीप्रसाद त्रिपाठीबाट हामीले जयरत्नाकरनाटक पाएका हौं। हामीसंग रहेको जयरत्नाकरनाटक लिपि, कागतहरूको हिसाबबाट उसै वेला लेखिएको देखिन्छ। यस कारण शक्तिवल्लभले वाणीविलासलाई सो पुस्तक दिएका होलान् भन्ने अनुमान हुन्छ। यस कारण पिनाकिप्रसादको—

"हाम्रो नक्साल गौचरको घर जगाहरु सीता महल बनाउन महाराज भीमसम्सेरले १९८७–८८ साल तिर खरीद हुदा हाम्रा पुराना कितावहरुको काठको सन्दुकहरु अरू डेरामा सारदा पुरानु हस्त लिखित पुस्तकहरु केही केटा केटी हरु द्वारा हिनामिना भएका थिए तेसपछि ९० सालको भूकम्पमा झन धेरै पुस्तकहरु हराए। तेसै मध्येबाट यो जय रत्नाकर नाटकको हस्तलिपि खर्दार देवीप्रसादजी द्वारा नयराज पंतजीको हातमा ९४ सालमा परेछ।"

('साहित्यमा डकैति, १६ पृष्ठबाट)

यो कथन जालसाजी सिद्ध हुन्छ।

यति कुराबाट जयरत्नाकरनाटक आदिका रचयिता राजपुरोहित कवि शक्तिवल्लभ अर्ज्याल-थरका आत्रेय गोत्रका हुन् भन्ने कुरा छलंङ्ग भएको छ । अनेक प्रमाणद्वारा सिद्ध यस कुरामा कत्ति शङ्का गर्ने ठाउँ छैन भन्ने स्पष्ट छ ।

तर डा. पिनाकिप्रसाद आचार्यले यस्तो स्पष्ट कुरालाई पनि तानतुन पारी बङ्ग्याउन खोज्नुभएको छ । विचारार्थ उहाँको पुस्तिकाबाट केही अंश यहाँ उद्धृत गर्नुपरेको छ । उहाँ यसरी कुरा उठाउनुहुन्छ—

"एउटा ग्रंथकारले म फलानु हुँ भनेर स्पष्ट परिचय दिंदा दिंदै डेढ दुई सय वर्ष पछाडिका विद्वानहरुले त्यो ग्रंथको उत्कृष्टता देखेर ग्रंथकारको परिचय नै बदल्न कोशिस गर्दछन् भने इ विद्वानहरुलाई के संज्ञा दिने हो ? ग्रंथकारको थर गोत्रनै बदलेर आफ्नुमा मिलाउन प्रयास गर्दछन् भने यो कार्यलाई साहित्यमा चोरी डकैति अथवा अरु के संज्ञा दिने हो पाठकहरुले निष्पक्ष सङ्ग आफै बताउनु होला ।

जय रत्नाकर नाटकका ग्रंथकारले हर एक कल्लोलको अन्त्यमा "इति शक्ति वल्लभ भट्टाचार्य विरचिते" भनेर एघारह ठाउँमा स्वयं कविले आफुलाई भट्टाचार्य भनेर लेख्दा लेख्दै विद्वान नयराज पंत, ज्ञानमणि, धनवज्र वज्राचार्य, प्रो. बालकृष्ण पोखरेलहरुले सूत्रधारले एक ठाउँमा "आत्रेय गोत्रोत्पन्न, अर्ज्यालोपनामक भनेको छ भनेर एघारह पटक लेखेको वाक्यलाई प्रमाण न मानी एक पटक लेखेको वाक्यलाई मात्र प्रमाण मान्दछन् भने इ विद्वानहरुलाई कसरी पक्षपातरहित भन्नु ? शक्तिवल्लभले पशुपतिनाथको मन्दिर भित्र चढाएको दुइटै घंटामा "श्री सम्वत् १८४९ वैशाषशुक्ल तृतायायां श्रीपशुपति प्रीतये श्री महाराज पुरोहित शक्ति वल्लभ भट्टाचार्येण समर्पितेयं घण्टा" भनी धातुमा ढालिएका अक्षरहरुलाई पनि पं. नयराज पंत र प्रो. बालकृष्ण पोखरेलहरुले शक्तिवल्लभले वंगालीहरुको नक्कल गरेका हुन सक्छन् थर होइन भन्दछन भने यस्मा विद्वानहरुलाई के संज्ञा दिने हो पाठकहरु आफै बताउनु होला ।"

('साहित्यमा डकैति' का १–२ पृष्ठबाट)

यति गनथन गरिसकेपछि अब 'शक्तिवल्लभ भट्टाचार्यको वंशावली यहाँ दिइन्छ' भनी डाक्टर साहेबले 'आचार्यवंशावली' लाई ब्रह्मवाक्य जस्तै प्रामाणिक ◉ मानी त्यताबाट केही उद्धरण दिनुभएको छ । त्यसको सारांश उहाँकै वाक्यमा यस प्रकारको छ—

---

◉ 'आचार्यवंशावली' त्यति प्रामाणिक पुस्तक होइन भन्ने कुरा अलिकता इतिहास जान्ने मानिसले पनि थाहा पाउन सक्छ । कति भद्दा भएका ऐतिहासिक भूलहरू त्यहाँ परेका छन् भन्ने कुराको एउटा उदाहरण यहाँ उद्धृत गरिन्छ—

"वि. सं. १६१६ मा द्रव्यशाह गोरखाको गद्दीमा बस्दा साइत हेर्ने वेदराज आचार्य थिए, उनका नाति जयभद्र आचार्य भक्तपुरमा जयस्थितिमल्लकहाँ आए, उनले जयस्थितिमल्लबाट जग्गा पाए" भनी आचार्यवंशावलीका १०–११ पृष्ठमा लेखिएको छ ।

"आचार्य वंशका आदि पुरुष सच्चिदानन्द भट्टको विद्वत्ता र मन्त्र शक्ति देखेर जुमलाका राजा रणकेशर सिंहले राजसूय यज्ञमा आचार्य बनाइ राजगुरु बनाएका हुन् । तेसै बेलादेखि इनका संतान भट्टाचार्य कहिएका हुन् ।"

(१७ पृष्ठ)

...इनैका छोरा नाती र संतानहरु डोटी, अच्छाम, बाजुरा; थलारा, दुल्लु, दैलेख, फलाबाङ, लमजुङ, गोर्खा र काठमाण्डौंका पनि राजगुरु र राज पुरोहित भएर बसेका हुन । (५ पृष्ठ)

यही वंशका सागरानन्दका छोरा शक्तिवल्लभ जयरत्नाकरनाटकका रचयिता हुन् भन्ने डाक्टरसाहेबको भनाइ छ ।

जयरत्नाकर नाटकमा शक्तिबल्लभले आफ्ना बाबुको नाउं लक्ष्मीनारायण दिएका छन् । आचार्यवंशावलीमा उल्लिखित शक्तिवल्लभका बाबुको नाउँ सागरानन्द छ । यहाँनिर आफ्नो कुरा काटिन लागेकोले डाक्टर साहेबले सागरानन्द यो बोलाउने नाउँ हो, पिताको नाउँचाहि लक्ष्मीनारायण नै हो भनी विद्वत्ता छाँट्नुभएको छ । तर प्रमाण भने दिनुभएको छैन ।

(११–१२ पृष्ठ)

डाक्टरसाहेबका अरु ठूलठूला तर्क यी हुन्—

"शक्तिवल्लभ भट्टाचार्य (जय रत्नाकर नाटकका रचयिता) अर्ज्याल भएको भए आचार्य पद कसरी जोडियो...

कविले स्वयम् एगारह पटक लेखेको वाक्यलाई प्रमाण न मानीकन एक पटक सूत्रधारको मुखबाट भनाइएको वाक्यलाई शंकाको दृष्टिले हेर्दै नहेरीकन, हस्तलिपि सट्टे किर्ते न छुट्याईकन प्रमाण मान्नु... (२४ पृष्ठ)

अब यस विषयमा विचार गरिन्छ ।

शक्तिवल्लभले जयरत्नाकरनाटकमा तथा पुरश्चरणचातुरीमा आफ्नो विस्तृत परिचय दिंदा आफ्नो थर 'अर्ज्याल' र गोत्र 'आत्रेय' भनी स्पष्ट शब्दमा उल्लेख गरेका छन् तथा पशुपतिको राधावल्लभ अर्ज्यालको अभिलेख आदि माथि दिइएका प्रमाणबाट पनि उनी अर्ज्यालवंशका थिए भन्ने निश्चित छ । तर आफ्नो छोटकरी परिचय दिंदा 'भट्टाचार्य' लेख्न नै शक्तिवल्लभले रुचाएका छन् । जयरत्नाकरनाटकका एघाह्रै कल्लोलको अन्त्यमा, पशुपतिको घण्टाको

---

जयस्थितिमल्लको मृत्यु वि. सं. १४५२ मा भएको हो । यसको १६४ वर्षपछि वि. स. १६१६ मा द्रव्य शाह गोरखाको गद्दीमा बसेका हुन् । यस कारण द्रव्यशाहको राज्याभिषेकको साइत हेर्ने वेदराजका नाति जयभद्रले जयस्थितिमल्लबाट जग्गा पाउनु कुनै हालतमा पनि सम्भव छैन । कि त वेदराजले द्रव्यशाहको राज्याभिषेकको साइत हेरेको कुरा कल्पित हो, कि त जयभद्र आचार्यले जयस्थितिमल्लबाट जग्गा पाएको कुरा कल्पित हो ।

(इतिहास–संशोधनको प्रमाणप्रमेयका १५३–५४ पृष्ठ हेर्नुहोस्)

अभिलेखमा, शक्तिवल्लभका अरू ग्रन्थ सुधातरङ्गिणी, दानप्रकाशअन्तर्गत इन्द्रध्वजोत्सव, हास्यकदम्बक आदिमा शक्तिवल्लभले आफ्नो छोटकरीमा परिचय दिंदा आफ्नो थर 'अर्ज्याल' को उल्लेख नगरी 'भट्टाचार्य' मात्र लेखेका छन् । यसरी शक्तिवल्लभले आफ्नो थर लेख्नुभन्दा पनि भट्टाचार्य लेख्न मन पराउनामा के रहस्य रहेको थियो, यो कुरा पहिले नखुल्दा उनको थरबारे दुराग्रह गर्ने अवकाश डा. पिनाकिप्रसादहरूले पाउनुभएको थियो । तर शक्तिवल्लभले 'भट्टाचार्य' लेख्न मन पराउनाको कारण अब खुलेको छ. भन्ने ऐ. शि. बाबुराम आचार्यको भनाइ छ । "श्री ५ रणबहादुर शाहको व्रतबन्धमा शक्तिवल्लभ जोशीलाई 'भट्टाचार्य' भन्ने पदवी दिइएको प्रमाण पनि पाइएको छ" (श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' पहिलो भागको १२० पृष्ठ) भनी ऐ. शि. ज्यूले लेख्नुभएको छ ।

शाहकालमा राजदरबारमा काम गर्ने गुरुपुरोहित ज्योतिषी पण्डितहरूलाइ काम हेरी सम्मानसूचक विभिन्न पदवी दिने प्रथा चलेको थियो । पं. रङ्गनाथ पौडेलहरूलाई 'पण्डितराज' ज्योतिषी लक्ष्मीपति पाँडेलाई 'दैवज्ञशिरोमणि' पं. विद्यानाथ चालिसेलाई 'कविशिरोमणि' इत्यादि मान पदवी दिइएको उल्लेख पाइन्छ । त्यसै गरी कर्मकाण्डमा कुशल भएका हुनाले राजपुरोहित शक्तिवल्लभलाई 'भट्टाचार्य' पदवी दिइएको बुझिन्छ । यो कुरा सधैंको लागि टुङ्ग्याउन शक्तिवल्लभलाई 'भट्टाचार्य' पदवी दिइएको कुरा परेको प्रमाण प्रकाश गर्नु आवश्यक भएको छ भनी हामी ऐ. शि. ज्यूसंग अनुरोध गर्दछौं ।

'भट्टाचार्य' पदवी राजाबाट सम्मानस्वरूप पाएको हुनाले शक्तिवल्लभले जताततै आफूलाई 'भट्टाचार्य' लेख्न गौरव संझेकोमा अब कुनै आश्चर्यको कुरा रहेन ।

यति कुराबाटै डा. पिनाकिप्रसादका सारा तर्क 'तासको घर' भताभुङ्ग भई ढले जस्तै भएका हुनाले अब बढ्ता विमर्श गर्नु आवश्यक छैन । तर जयरत्नाकरनाटकको हामीसंग रहेको हस्तलिखित प्रतिको 'सद्दे कीर्ते' बारे उहाँले प्रश्न उठाउनुभएको हुनाले यस विषयमा अलिकता चर्चा यहाँ गर्नुपरेको छ ।

हामीसंग रहेको 'जयरत्नाकरनाटक' को परिचय हामीले छपाइसकेका छौं । सो पुस्तकको आकार प्रकार लेखाइ आदिको विचार गर्दा सो हस्तलिखित प्रति केही काल यता लेखिएको होइन, शक्तिवल्लभकै समय ताका लेखिएको हो भनेर ठोकेर भन्न सकिन्छ । यसको परीक्षा यस विषयका ज्ञाता सबैले गर्न सक्छन् । हालै डा. पिनाकिप्रसादले पनि हामीसंग रहेको सो प्रति हेर्नुभएको थियो । त्यसमा स्पष्ट अक्षरमा 'अर्ज्याल' लेखिएको लेख्दा डाक्टरसाहेबले कालो मुख लाउनुभएथ्यो । जयरत्नाकरनाटकको अर्को प्रति राष्ट्रिय पुस्तकालय (हाल राष्ट्रिय अभिलेखा-लय) मा पनि छ । शक्तिवल्लभलाई 'अर्ज्याल' भनी स्पष्टसंग लेखिएको पुरश्चरणचातुरी पनि त्यहींछ । पशुपतिको अभिलेख सबैले देख्ने ठाउँमै छ । यस कारण मूल ग्रन्थ अभिलेख आदि हेर्दै नहेरी, परीक्षै नगरी 'सद्दे कीर्ते' को प्रश्न उठाउनु डाक्टरसाहेबको कुनियतसिबाय अरू केही होइन ।

आवश्यक परेको बलामा कडा आलोचना हामी पनि गर्छौं । तर हामीले सधैं सत्यको पक्ष लिई न्यायको लागि आवाज उठाउने गरेका छौं । स्वार्थ पटचाउने वा कसैको अपमान गर्ने उद्देश्यले हामीले कहिले पनि कलम चलाएका छैनौं ।

सत्य कुरा सिद्ध गरिएको भए जति गालीगोप्ता गरिएको भए पनि डा. पिनाकिप्रसादको कुरा हामी सहर्ष स्वीकार गर्नेथियौं । तर प्रमाणद्वारा सिद्ध भइसकेको सत्य कुरालाई पनि स्वार्थवश उल्टाउने दुश्चेष्टा डाक्टरसाहेबले गर्नुभएको हुनाले उहाँको यस दुश्चेष्टाको भर्त्सना गर्ने अनेक कडा शब्द हामीसंग पनि छन् । तर यतिबाटै बाटोमा आई उहाँले सत्य कुरा स्वीकार गर्नुहुनेछ भन्ने संझी अहिले ती शब्द थाती राखिएका छन् ।

कसैलाई 'तिमीले डकैती गर्‍यौ' भनी झूटो आरोप लाई गाली गरे हाम्रो कानूनअनुसार सो मानहानि गरिएको ठहर्छ । यस कारण मन परी कलम चलाउँदा यसको फल भोग्नुपर्नेछ भन्ने कुरा डा. पिनाकिप्रसादले बुझ्नुभए बढिया होला ।

\+ \+ \+

सूचना– चौथो बर्षको यो दोस्रो अङ्क छापाखानाबाट समयमा निस्न सकेन । अहिले मार्गमा मात्र यो अङ्क निस्क्यो ।

***

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२४

श्रावण–भाद्र–आश्विन

वार्षिक मूल्य– रु. ६।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य रु. २।५०

संशोधन-मण्डल

मुद्रक—

*जोरगणेश प्रेस प्रा० लि०*

*बालाजु औद्योगिक क्षेत्र, काठमाडौं*